# साईपाल गाउँपालिका
# गाउँपालिकाको कार्यालय
सुदुर पश्चिम प्रदेश, नेपाल ।

**शुभकामना मन्तव्य**

शिक्षाले जीवन निर्वाह गर्न सहयोग गर्न सक्नुपर्छ । आदर्श, नैतिकवान, चारित्रिक र सृजनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । शिक्षा देश विकास र समृद्धिको मूल आधार हो भने मानव जीवनको अपरिहार्य आवश्यकता हो । यसर्थ न्यूनतम आधारभूत तहको शिक्षा पाउनु मानव अधिकारको रुपमा लिइएको छ भने नेपालको संविधान २०७२ मा पनि मौलिक हकको रुपमा समावेश गरिएको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुलाई प्रोत्साहित गरी साईपाल गाउँपालिकाको शिक्षाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेकोमा मलाई खुशी लागेको छ । यस १० वर्षे दीर्घकालिन शिक्षा योजनाको कार्यान्वयनवाट शैक्षिक समस्याहरुलाई समाधानमा कोसे ढुङ्गा हुने अपेक्षा लिइएको छ । यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक तथा सूचना प्रविधिको पक्षमा पूर्णता, अभिभावकहरुमा उत्प्रेरणा तथा शिक्षकहरुको तालिमको व्यवस्थापन, शिक्षकहरुमा उत्प्रेरणा र आत्मबल विकास, शैक्षणिक सामग्री उपलब्धता, विद्यालय प्रशासन तथा ब्यवस्थापन सुधार, अभिभावक क्षमता विकास र समुदाय परिचालन जस्ता शैक्षिक क्षेत्रको विकासमा पनि सहयोग पुग्ने आशा लिएको छु ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारमा रहेका शिक्षाका २३ वटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा नीति २०७६, आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । गुणस्तरिय शिक्षाका लागि सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा लिएर उनीहरुलाई नियमित गराउँदै विद्यालय तहहरु पार गराउनु पर्ने चुनौती पनि हाम्रो सामु रहेको छ । यी चुनौतीहरुलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुयाउने छ । शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरुलाई एकिकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु । योजनाको सफल कार्यान्वयनका लागि शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षाप्रेमी बुद्धिजिवी व्यक्तित्वहरु, समाजसेवीहरु, राजनैतिक दलका पदाधिकारीहरु, सामाजिक संघ संस्थाका पदाधिकारीहरु र शिक्षाका राष्ट्रसेवक कर्मचारीहरुको अथक परिश्रम र लगनशिलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ । हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु । अन्तमा यस्तो दश वर्षे ( २०८०/८१-२०९०/९१) दीर्घकालीन शिक्षा योजना तयार गर्नु आफैमा चुनौतिपूर्ण कार्य हो । स्रोत पहिचानको काम समेत चुनौतिपूर्ण रहेको छ । योजना कार्यान्वयनमा सरोकारवालाको अपनत्व हुने अपेक्षा अपेक्षा लिएको छु । अन्तमा यस दिर्घकालीन शिक्षा क्षेत्रको योजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

**मानविर वोहरा**

**अध्यक्ष**

# साईपाल गाउँपालिका
# गाउँपालिकाको कार्यालय
## सुदुर पश्चिम प्रदेश, नेपाल

**शुभकामना मन्तव्य**

बालबालिकामा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्ने गराउने वातावरण घर, परिवार र विद्यालयमा सृजना गर्न सक्नु हामी सबैको कर्तव्य हो । शिक्षाको विकास विना गाउँपालिकाको विकासको परिकल्पना पनि गर्न सकिदैन । मानवीय सर्वाङ्गिण विकासका लागि शिक्षा अपरिहार्य हो । यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात् गर्दै वर्तमान ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पञ्चवर्षीय योजनाहरू, शिक्षा क्षेत्र योजना तथा विभिन्न ऐन, काननूको परिधी एवम् गाउँपालिकाले शिक्षासम्बन्धी अवलम्बन गरिएका नीति, कार्यक्रम तथा वजेटको प्रतिवद्धतासमेतलाई समेटेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग छलफल गरी निर्माण गरिएको यो शिक्षा नीति तथा योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ । जनताको सबै भन्दा नजिकको सरकार स्थानीय तहभएको हुनाले जनतासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने कुराहरु लगायत आधारभूत आवश्यकताहरुको सम्बोधन गर्ने कर्तब्य स्थानीय तहलाई हुन आउँछन । शिक्षा, स्वास्थ्य, पूर्वाधार कृषि पशु लगायतका विषयमा प्रत्यक्ष र परोक्षरुपमा स्थानीय सरकार र जनताको सम्बन्ध रहेको हुन्छ भने जनजीविका र रोजगारीका सन्दर्भमा पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ ।

गुणस्तरीय जीवन निर्वाह गर्न शिक्षाले सहयोग गर्न सक्नुपर्छ, त्यसको निम्ति नैतिक शिक्षा, आदर्श, चारित्रिक र सृजनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । गुणस्तरिय शिक्षाका लागि सबै बालबालिकाहरुलाई बिद्यालयको पहुँचमा लिएर, उनीहरुलाई नियमित गराउँदै बिद्यालय तहहरु पार गराउनुपर्ने चुनौती पनि हाम्रो सामु रहेको छ । यी चुनौतीहरुलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुर्याउने छ । योजनाको सफल कार्यान्वयनका लागि शिक्षक वर्ग, बिद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षाप्रेमी बुद्धिजिवी व्यक्तित्वहरु, समाजसेवीहरु, राजनैतिक दलका पदाधिकारीहरु, सामाजिक संघ संस्थाका पदाधिकारीहरु र शिक्षा एकाईका राष्ट्रसेवक कर्मचारीहरुको अथक परिश्रम र लगनशिलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ । हाम्रो शैक्षिक बिकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक आर्थिक बिकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु ।

अन्तमा यस दश वर्षे ( २०८०/८१-२०९०/९१) दीर्घकालीन शिक्षा क्षेत्रको योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

**डोल्मा तामाङ्ग**

**उपाध्यक्ष**

# साईपाल गाउँपालिका
# गाउँपालिकाको कार्यालय
## सुदुर पश्चिम प्रदेश, नेपाल

**शुभकामना मन्तव्य**

शिक्षा प्राप्त गर्नु व्यक्तिको आधारभुत आवश्यकताका साथै मौलिकहकको रुपमा स्थापित हुन आउछ । लोकतान्त्रिक मुल्य मान्यतामा आधारित रहेर समाजवाद उन्मुख राष्ट्र निर्माणमा शिक्षाको महत्वपूर्ण भुमिका हुन आउछ । व्यक्तिको आनीबानीमा परिवर्तन गरी सामाजिकरण गर्दै राष्ट्र निर्माणमा यसले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । सबैका लागि शिक्षा सहज एवं पहुँच र निरन्तरताको शुनिश्चितता गर्दै शिक्षालाई सर्वसुलभ, सर्वव्यापी, जिवनोपयोगी, प्रतिस्पर्धि र गुणस्तरिय बनाउन आवश्यक हुन आउछ ।

शिक्षाले ब्यक्ति समाज र राष्ट्रको परिवर्तन गर्ने महत्वपूर्ण भुमिका खेल्ने हुँदा प्रत्येक व्यक्तिलाई गुणस्तरिय शिक्षा प्रदान गर्नु स्थानिय सरकारको जिम्मेवारी हुन आउछ । शिक्षाका समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति, लगानिमा बृद्धि, शैक्षिक सुधारका कार्यक्रमहरुको छनौट र कार्यन्वयन गर्नु जरुरी हुन आउछ । शिक्षाका राष्ट्रिय तहगत उद्देश्यहरु पुरा गर्नका लागि सबै तहका सरकारले स्पष्ट शिक्षा नीति लिई कार्यन्वयन गर्नु जरुरी पर्दछ ।

योजना नीति तथा कार्यक्रम कार्यन्वयन गर्नका लागि सहयोग पथ प्रर्दशको एउटा दस्तावेज भएको हुनाले यसका लक्ष्य उद्देश्य र कार्यक्रमहरु केहि बढी महत्वकांछी पनि हुन सक्छन भने कतिपय कार्यक्रम छुटेका र दोहोरिएका पनि हुन सक्छन । साईपाल गाउँपालिकाले गाउँ क्षेत्र भित्रका शैक्षिक विकास गरी यसलाई गन्तव्यको थलोको रुपमा विकास गर्न शिक्षा योजना कार्यान्वयनमा ल्याई शिक्षाका लक्ष्य एवं उद्देश्यहरु हासिल हुने अपेक्षा लिइएको छ । त्यसका लागि योजना निर्माण टोलीले विशेष ध्यान दिएको महसुस गरेको छु । यो १० वर्षे शिक्षा योजना कार्यान्वयन गर्नका लागि संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार, जनप्रतिनिधि, लगायत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको महत्वपूर्ण भुमिका रहने आपेक्षा लिएको छु ।

अन्यमा शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरुलाई एकिकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु ।

**धन्यवाद !**

**राधाकृष्ण जोशी**

**प्रमुख प्रशासकीय अधिकृत**

# बिषय सूची


**परिच्छेद-एकः परिचय ........ १**

१.१ पृष्ठभूमि........ १

१.२ गाउँपालिकामको सन्दर्भ........ २

१.२.१ भौगोलिक सन्दर्भ........ २

१.२.२ प्राकृतिक सन्दर्भ........ २

१.२.३ राजनैतिक सन्दर्भ........ ३

१.२.४ सामाजिक तथा सांस्कृतिक सन्दर्भ........ ३

१.२.५ आर्थिक सन्दर्भ........ ४

१.२.६ जनसांख्कीय स्वरुप ........ ४

१.३ शैक्षिक सन्दर्भ ........ ५

१.४ प्रमुख शैक्षिक समस्या तथा चुनौतिहरु........ ५

१.५ अवसर ........ ७

१.६ योजना निर्माण प्रक्रिया ........ ७

**परिच्छेद–दुईः शिक्षा क्षेत्रको योजना ........ ९**

२.१ सन्दर्भ र औचित्य........ ९

२.२ सोंच, लक्ष्य, उद्देश्य, रणनीति........ ९

२.२.१ राष्ट्रीय दिर्घकालीन सोच........ ९

२.२.२ साईपाल गाउँपालिकाको दूरदृष्टि........ ९

२.२.३ लक्ष्य ........ ९

२.२.४ उद्देश्य........ १०

२.२.५ रणनीति........ १०

२.२.६ शिक्षा नीति तथा कार्यनीति ........ ११

२.२.७ अपेक्षित उपलब्धि........ ११

२.२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य ........ १२

**परिच्छेद-तिनः विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू ........ १७**

३.१ बालविकास र शिक्षा ........ १७

३.१.१ परिचय ........ १७

३.१.२ वर्तमान अवस्था........ १७

३.१.३ उद्देश्य.....................................................................................................१७

३.१.४ रणनीतिहरू.................................................................................................१८

३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .................................................. १८

३.२ आधारभूत शिक्षा ............................................................................................१९

३.२.१ परिचय ........................................................................................................१९

३.२.२ वर्तमान अवस्था............................................................................................ २०

३.२.३ उद्देश्य.......................................................................................................... २०

३.२.४ रणनीतिहरू..................................................................................................२१

३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..................................................२१

३.३ माध्यमिक शिक्षा ............................................................................................२३

३.३.१ परिचय ........................................................................................................२३

३.३.२ वर्तमान अवस्था............................................................................................२३

३.३.३ उद्देश्य.......................................................................................................... २४

३.३.४ रणनीतिहरू.................................................................................................. २४

३.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य........................................ २४

३.४ पाठ्यक्रम र मूल्याङ्कन.......................................................................................२७

३.४.१ परिचय ........................................................................................................२७

३.४.२ वर्तमान अवस्था............................................................................................२७

३.४.३ उद्देश्य.......................................................................................................... २८

३.४.४ रणनीतिहरू ................................................................................................ २८

३.४.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य........................................ २८

३.५ शिक्षक व्यवस्थापन र विकास ..........................................................................३१

३.५.१ .परिचय.......................................................................................................३१

३.५.२. वर्तमान अवस्था ..........................................................................................३१

३.५.३. उद्देश्य.......................................................................................................३२

३.५.४. रणनीतिहरू.................................................................................................३२

३.५.५. उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य.......................................३२

३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ........................................................३५

३.६.१ परिचय .......................................................................................................३५

३.६.२ वर्तमान अवस्था...........................................................................................३५

३.६.३ उद्देश्य......................................................................................................... ३६

३.६.४ रणनीतिहरू................................................................................................. ३६

३.६.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ३६
३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा ........ ३८
३.७.१ परिचय ........ ३८
३.७.२ वर्तमान अवस्था ........ ३८
३.७.३ उद्देश्य ........ ३९
३.७.४ रणनीतिहरू ........ ३९
३.७.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ३९
**परिच्छेद-चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........ ४१**
४.१ शैक्षिक समता र समावेशीकरण ........ ४१
४.१.१ परिचय ........ ४१
४.१.२ वर्तमान अवस्था ........ ४१
४.१.३ उद्देश्य ........ ४२
४.१.४ रणनीतिहरू ........ ४२
४.१.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ४२
४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........ ४५
४.२.१ परिचय ........ ४५
४.२.२ वर्तमान अवस्था ........ ४५
४.२.३ उद्देश्य ........ ४६
४.२.४ रणनीतिहरू ........ ४६
४.२.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ४६
४.३ आपत्कालीन तथा सङ्कटकालिन अवस्थामा शिक्षा ........ ४८
४.३.१ परिचय ........ ४८
४.३.२ वर्तमान अवस्था ........ ४९
४.३.३ उद्देश्य ........ ४९
४.३.४ रणनीतिहरू ........ ४९
४.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ५०
४.४ विद्यालय भौतिक पूर्वाधार विकास ........ ५१
४.४.१ परिचय ........ ५१
४.४.२ वर्तमान अवस्था ........ ५२
४.४.३ उद्देश्य ........ ५२
४.४.४ रणनीतिहरू ........ ५२
४.४.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ५३

४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ५५
४.५.१ परिचय ........ ५५
४.५.२ वर्तमान अवस्था ........ ५५
४.५.३ उद्देश्य ........ ५५
४.५.४ रणनीतिहरू ........ ५६
४.५.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ५६
**परिच्छेद-पाचः सुशासन तथा व्यवस्थापन ........ ५८**
५.१ संस्थागत क्षमता विकास ........ ५८
५.१.१ परिचय ........ ५८
५.१.२ वर्तमान अवस्था ........ ५८
५.१.३ उद्देश्य ........ ५९
५.१.४ रणनीति ........ ५९
५.१.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ५९
५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ६१
५.२.१ परिचय ........ ६१
५.२.२ वर्तमान अवस्था ........ ६१
५.२.३ उद्देश्य ........ ६१
५.२.४ रणनीति ........ ६२
५.२.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ६२
५.३ अनुगमन तथा मूल्याङ्कन ........ ६३
५.३.१ परिचय ........ ६३
५.३.२ वर्तमान अवस्था ........ ६४
५.३.३ उद्देश्य ........ ६४
५.३.४ रणनीति ........ ६४
५.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ६४
**परिच्छेद-छः लगानी र स्रोत व्यवस्थापन ........ ६७**
६.१ परिचय ........ ६७
६.२ वर्तमान अवस्था ........ ६७
६.३ उद्देश्य ........ ६७
६.४ रणनीति ........ ६७
६.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ६८

६.८ सङ्घीय सरकार बाट विद्यालय शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा खर्च हुने अनुमानित बजेट ........... ७०

**सन्दर्भ साम्रगीहरु ........................................................................................ ७२**

कार्यसालामा सहभागीहरुको उपस्थिति ........................................................................ ७३

कार्यसालामा सहभागीहरुको फोटोहरु ........................................................................ ७४

# परिच्छेद-एकः परिचय

## १.१ पृष्ठभूमि

शिक्षानै विकासको आधारस्तम्भ हो । यसले संसारलाई राम्रो संग बुझ्न मद्दत गर्दछ । शिक्षा प्रणालिमा आएको सुधारले समग्र राष्ट्रको चौतर्फी विकास हुनुको साथ साथै स्वयम् व्यक्तिलाई पनि गुणस्तरीय जीवन जिउने आधार प्राप्त हुन्छ । विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको सख्या, आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर, विद्यालय शिक्षा पछि विश्वविद्यालयहरुमा जाने विद्यार्थीको सख्या, देशमा रोजगारीको दर तथा अन्तराष्ट्रिय स्तरमा देशबाट उत्पादित विद्यार्थीहरुको खपत आदि कारणहरुले देशको शिक्षा प्रणालीको स्तर निर्धारण भै रहेको हुन्छ ।

राणाकालबाट नेपालमा औपचारिक शिक्षाको विकास शुरुवात भएको हो । यसै अनुरुप नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले शिक्षालाई व्यवस्थित रुपमा अगाडि प्रयास गरेको थियो । यसैगरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग २०१८, राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ - २०३२, राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरिय राष्ट्रिय शिक्षा कार्यदल २०५८ जस्ता आयोगका प्रतिवेदन तयार भई कार्यान्वयन भएका छन् । देशमा प्रजातन्त्र पश्चात सन १९९१ पछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट तीन वटा प्रमुख शैक्षिक योजना संचालन गरिए, जसमा BPEP ( Basic and Primary Education Program, Nepal) 1993-2008, SSRP(School sector reform program) 2009-2015, SSDP (School Sector Development Plan) 2016-2023 रहेका छन । उल्लिखित शैक्षिक कार्यक्रमहरुले विद्यालयमा विद्यार्थीहरुको पहुच, क्षमता वृद्धि समानता, नियमितता, भौतिक पुर्वाधार को साथ साथै गुणस्तरीयण शिक्षामा विशेष जोड दिएको पाइन्छ । यी शैक्षिक कार्यक्रमहरुबाट विद्यार्थीको विद्यालयमा पहुँचमा वृद्धि, विद्यालयहरुको भौतिक पुर्वाधारहरुमा सुधार, छात्रा भर्ना अनुपात वृद्धी, साक्षरता दरमा सुधार तथा समानतामा सुधार भएको पाइता पनि शिक्षाको अपेक्षित रुपमा गुणस्तरमा सुधार हुन सकेको देखिदैन ।

शैक्षिक सुधारको विद्यमान परिस्थितिलाई मध्य नजर गर्दै दिगो विकासका लक्ष्यहरुको प्राप्ति र तिनीहरुलाई संस्थागत गर्नको लागि शिक्षा क्षेत्रमा नया योजनाको महशुस गरी School Education Sector Plan (SESP) 2021-2030 लागु गरिएको छ । जसको मुख्य उदेश्य विगतमा भएको शैक्षिक उपलब्धीलाई निरन्तरता दिइ शिक्षामा समानता, दक्षता र गुणस्तर सुधार कायम गर्नु रहेको छ। सबैका लागि शिक्षाको विश्वव्यापी घोषणा सन् १९९० (World Declaration on Education for All 1990) तथा इन्चोन घोषणा सन् २०१५, दिगो विकास लक्ष्य (Sustainable Development Goal- SDG) सन् २०१६-२०३० को विकास लक्ष्य नं. ४ "सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइका अवसरको प्रवद्धन गर्ने" जस्ता उदेश्य र लक्ष्य प्राप्तिको लागि विद्यालयहरुको विद्यमान शिक्षण सिकाइ प्रकृयामा सुधार गरी नविनतम शैक्षिक प्रविधि तथा उपयुक्त शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगको माध्यमबाट विद्यार्थीहरुको सिकाइ सुधार गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनु पर्दछ ।

चालु आवधिक पन्ध्रौ योजनाले व्यक्तिको सर्वाङ्गीण विकास, सामाजिक आर्थिक रुपान्तरका लागि गुणस्तरीय शिक्षा प्रणालीको विकास, बिचमै पढाइ छोड्नुपर्ने अवस्थाको अन्त्य, रैथाने ज्ञान र सिपको खोजी गरी आधुनिक ज्ञान र सिपसँग एकीकरण भई शैक्षिक क्रियाकलापहरु सञ्चालन तथा व्यवस्थापनमा जोड दिइएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारमा रहेका शिक्षाका २३ वटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा नीति २०७६, पन्ध्रौं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था भएको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुलाई प्रोत्साहित गरी साईपाल गाउँपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ । उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन लैङ्गिक समानता तथा समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (project bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ ।

नेपाललाई वि.सं. २०८७ सम्ममा मध्यम आय भएको राष्ट्र बनाउन आवश्यक जनशक्ति उत्पादन गर्न नेपाल सरकारले राखेका २५ वर्षीय दीर्घकालीन सोच अन्तर्गत "समृद्द नेपाल सुखी नेपाली" को लक्ष्य प्राप्तिको लागि शिक्षा क्षेत्रको विकास, सुधार, सहभागिता र योगदान सुनिश्चित गर्न स्थानीय सरकारले सहयोग पुर्याउनु आजको आवश्यकता हो।

संघीय र प्रदेश सरकारबाट प्राप्त वजेट र स्थानीय तहको आन्तरिक वजेटबाट स्थानीय सरकारले कार्यक्रम बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। शिक्षा क्षेत्रको सुधारका लागि गाउँपालिकासँग भएको स्रोत र साधनलाई आवश्यकताको आधारमा समस्या समाधान तथा कार्यान्वयनका लागि योजना निर्माण गर्नु अति आवश्यक छ। राज्यको लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम पूरा गर्नका लागि गाउँपालिकाले १० वर्षे शिक्षा योजना तयार गर्नु सान्दर्भिक रहेको छ।

नेपालका शैक्षिक क्षेत्रको अवस्थामा सुधार ल्याउन दीर्घकालीन योजनाको आवश्यकता रहेको छ। यस गाउँपालिकाको शिक्षा क्षेत्रमा पनि थुप्रै समस्याहरू छन्। तसर्थ नयाँ योजना र प्रयासका साथ काम गरेर शिक्षाको गुणस्तरमा सुधार ल्याउनु अति आवश्यक छ।

## १.२ गाउँपालिकामको सन्दर्भ

### १.२.१ भौगोलिक सन्दर्भ

यस गाउँपालिकाको पूर्वमा बाजुरा जिल्ला, पश्चिममा दार्चुला जिल्ला, उत्तरमा हुम्ला जिल्ला र चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा वझाङ्ग जिल्लाको बुंगल नगरपालिका, सुर्मा गाउँपालिका र तल्कोट गाउँपालिकासँग सिमाना जोडिएको छ। समुन्द्री सतहको समुन्द्री सतहको २९°३१४८" देखि २९° ३६'६६" उत्तरी अक्षांश सम्म र ८१° १४' २४" देखि ८१° २४'१२"मा पूर्व देशान्तर सम्म फैलिएको छ। यस गाउँपालिका बझाङ जिल्लाको जिल्ला सदरमुकाम चैनपुर देखि ५० किमीको दुरीमा उत्तर भागमा रहेको छ।

(स्रोत: गाउँ वस्तुगत विवरण, साईपाल गाउँपालिका)

### १.२.२ प्राकृतिक सन्दर्भ

यस गाउँपालिकाको कुल क्षेत्रफल १,४६७२७ वर्ग कि.मी. रहेको छ। जसमध्ये बनजंगलको क्षेत्रफल १४६३९८ हेक्टर, सामुदायिक वनको क्षेत्रफल ४५८ हेक्टर, कवुलियत वनको क्षेत्रफल २८९ हेक्टर, कुन वन तथा झाडी क्षेत्र १४६३९८ हेक्टर र सरकारद्वारा व्यवस्थित वनको क्षेत्रफल १४५६५० हेक्टर रहेको छ। गाउँपालिका भएर अविरल बगिरहने, सेती नदी, लोकन्ते खोला, थरौनी खोला र गनै गाड यहाँका मुख्य प्राकृति सम्पदाहरु हुन्। सिंचाइको मुख्य श्रोतको रुपमा रहेको यी खोलानालाहरुमा एउटा पनि सिंचाई नहरहरु छैन।

जैविक विविधताका हिसावले उच्च पर्वतिय चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिले भरिपूर्ण प्रशस्त प्रर्यटकीय सम्भावना बोकेको क्षेत्र हो। हिमालको फेदी तथा पहाडको माथिल्लो भागका अधिकांस स्थानमा वन तथा खर्कहरु रहेका छन्। यस गाउँपालिकाको उत्तरमा देखिने रमणिय साईपाल हिमाल (७०२५ मी.), नाप्पा हिमाल (६७४५मी.), योगा हिमाल (६६४५मी.), उराई भन्ज्याङ्ग (५२०७ मी.), व्यास हिमाल (५६३२ मी.), राक्स्या हिमाल आदि रहेका छन्।

वझाङ्ग जिल्लाको कुल क्षेत्रफल मध्ये साईपाल गाउँपालिकाले लगभग ४३ प्रतिशत क्षेत्रफल ओगटेको छ। जिल्ला सदरमुकाम भन्दा निकै टाडा (३२ कोष) साईपाल गाउँपालिका भौगोलिक हिसावले निकै टाडा रहेको देखिन्छ। आफ्नो खेतवारीवाट मुस्किलले तीन महिना खान पुग्छ। बाँकी नौ महिनाको लागि खाद्यान्न किनेर खानु पर्ने हुन्छ। शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, यातायात, खाद्यान्न आदि क्षेत्रमा पनि निकै पछाडी परेको साईपाल गाउँपालिका आर्थिक, पर्यटकिय र विकासका प्रचुर सम्भावनाहरु भने जिवित नै छन्। प्राकृति स्रोत साधनको धनी भनेर चिनिएको साईपाल गाउँपालिकालाई योजनागतरुपमा विकासका क्रियाकलापहरु संचालन गर्ने हो भने यो गाउँपालिका सम्पन्न गाउँपालिकाकोरुपमा स्थापित हुनेमा दुई मत छैन। भिरालो भू-वनावट, चिम्टयाईलो र कंकटयुक्त माटोमा उत्पादन हुने विभिन्न प्रकारका फलफुल र जडिवुटी खेतीलाई वैज्ञानिकरुपमा व्यवसाय गर्न सकेमा त्यसवाट गाउँपालिकामा वसोवास गर्ने जनताहरु प्रशस्त लाभ लिन सक्ने सम्भावना देखिन्छ। अव हाम्रा क्रियाकलापहरु जनताहरुको जीवन स्तरमा सुधार गर्न जडिवुटीको संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गरी यो क्षेत्रका जनताहरुको आर्थिक अन्नति र प्रगतिमा केन्द्रित हुनु पर्दछ।

यी हिमालहरुको दृश्यवलोकन, साहासिक पदयात्रा र पर्वत्तावहणी गर्नका लागि अति उपयुक्त स्थानहरु रहेका छन् । पर्यटन प्रवर्द्धन गर्नेहरुकालागि आवश्यक पुर्वाधार निर्माण गर्न सकेको खण्डमा पर्यटन उद्योगवाट प्रशस्त आयआर्जन गर्न सकिने सम्भावनाहरु देखिन्छ । यहि क्षेत्रमा वहुमुल्य जडिवुटीहरु छन् । पहिचान तथा प्रचार प्रसार गर्न नसकेका ठूलठूला तालतलैया, झरना र हिमालहरु छन् । विभिन्न जातका लोपउन्मुख जंगली जनावरहरु छन् । विभिन्न जातका चराचुरिङ्गीहरुको वास स्थान रहेको छ । जुन स्थानवाट मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ । यति विघ्न सम्भावना भएको क्षेत्रलाई व्यवस्थित र प्रचारप्रसार गर्न सकेमा आन्तरिक र वाह्य पर्यटकहरुको आकर्षक वन्न सक्ने सम्भावना देखिन्छ ।

वझाङ्ग जिल्लामा वहने सेती नदीको मुख्य स्रोत यहि क्षेत्र हो । हिमालय पर्वतको उत्पत्ती सगै यस क्षेत्रवाट नदीहरु अनवरतरुपमा वगिरहेका छन् । यहाँका नदीहरुवाट प्रति सेकेन्ड २० हजार लिटर पानी वहने गर्छ जहाँपाट विजुली उत्पादन गर्न सक्ने प्रशस्त सम्भावनाहरु छन् । तर पूर्वाधारको अभाव तथा राज्यले यस क्षेत्रमा ध्यान दिन नसकेको कारणले हाम्रा जलस्रोतहरु खेर गैरहेका छन् । प्रशस्त चरिचरन भएको यो क्षेत्रमा पशुपालको प्रशस्त सम्भावनाहरु रहेको छन् । भेडाबाखा, राडिपाखी यस क्षेत्रको रैथानै व्यवसाय हो । यसलाई वैज्ञानिकरुपमा अघि वढाउन सकेको खण्डमा यो क्षेत्र आर्थिकरुपमा आत्मनिर्भर वन्ने संम्भावना देखिन्छ । हिमाली क्षेत्रमा उत्पादन हुने फलफुलहरु जस्तै स्याउ यस गाउँपालिकामा प्रशस्त उत्पादन गर्न सकिन्छ तर बजारीकरणको अभावले स्याउहरुवाट स्थानीय जनताहरुले लाभ लिन सकेको छैन । स्याउको प्रशस्त उत्पादन, त्यसको वैज्ञानिक भण्डारण र सोहि अनुसार बजारीकरण गर्न सकेमा स्थानीय जनताहरु आर्थिक आयआर्जन गरी लाभ लिन सक्नेमा दुई मत छैन ।

यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले मिश्रित प्रकृतिको भु बनोट रहेको पाईन्छ । पहाडका काखमा बान्की मिलेर बसेका खेतियोग्य भिराला जमिनहरु पनि देख्न सकिन्छ । ती बाहेक धैरैजसो भूभाग भिरालो र चट्टानी क्षेत्रले ओगटेको छ। अग्ला र भिराला पहाडी श्रृंखलाले बनेको यस गाउँपालिकामा भीरपाखा तथा वसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ । यस गाउँपालिको भूगोल भिरालो र धैरै जसो कडा चट्टान र बनजंगलले घेरेको छ । कुनै कुनै ठाउँहरुमा चिम्टयाईलो, पाङगो माटोका साथै धैरै जसो कंकटयुक्त माटो पाइन्छ । त्यसैले माटोको उर्वराशक्तिमा पनि विविधता पाइन्छ । यहाँको हावापानी उष्ण प्रदेशिय देखि लिएर हिमाली हावापानी भित्र पर्दछ । हिउदको समयमा -० देखि १५° से. सम्म हुन्छ भने गृष्म ऋतुमा अधिकतम तापक्रम ३०° सम्म रहन्छ । साईपाल गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु, आर्थिक अभ्यास र उपलब्ध मानविय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने यस गाउँपालिकामा विकासका प्रशस्त सम्भावनाहरुको आँकलन गर्न सकिन्छ । (स्रोत: गाउँ वस्तुगत विवरण, साईपाल गाउँपालिका)

## १.२.३ राजनैतिक सन्दर्भ

सुदूरपश्चिम प्रदेश अन्तरगत रहेको बझाङ जिल्लामा अवस्थित साईपाल गाउँपालिका साविकको काँडा गाविसलाई विभाजन गरी बनेको हो । यो गाउँपालिकालाई ५ वडाहरुमा विभाजित गरिएकोछ । जिल्लाको २ नगरपालिका र १० गाउँपालिका गरी १२ स्थानीय तहहरु मध्येको १ स्थानीय तह साईपाल गाउँपालिका हो । यस गाउँपालिकाको केन्द्र वडा नं ३ अन्तर्गत काँडा भन्ने स्थानमा रहेका छ । संसदिय चुनावी प्रयोजनका लागि बझाङ जिल्लालाई २ निर्वाचन क्षेत्रमा विभाजन गरिए पनि पुर्नसंरचित अवस्थामा यस जिल्लालाई संघीय प्रतिनिधि चयनका लागि १ क्षेत्र तथा प्रादेशिक प्रतिनिधि चयनका लागि २ क्षेत्रमा विभक्त गरिएको छ ।

## १.२.४ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

सांस्कृतिरुपमा पनि यो गाउँपालिका निकै धनी छ । समाज सभ्यताको इतिहास वोकेका कतिपय धार्मिक गाथाहरु, अलौकिक शक्तिवाट भएगराएका घटनाहरु, समाजमा मनाउने चाडपर्व, रीतिरिवाजहरूले यो गाउँपालिकाको धार्मिक तथा पर्यटकिय महत्वलाई उजागर गरेको छ । जुन इतिहास र संस्कृतिलाई विश्व समुदायमा प्रचार-प्रसार गर्न सक्यो भने यसगाउँपालिकाका जनताहरुले प्रशस्त लाभ लिनसक्ने सम्भावना देखिन्छ । हिन्दुहरुको पवित्र तिर्थ स्थल मानासरोवरको यात्रा यसै गाउँपालिकाको उरेभन्ज्याङ्ग नाकावाट जानु पर्ने भएकोले यो रुट धार्मिक पर्यटकिय पथ मार्गकोरुपमा पनि स्थापित गर्न सकिन्छ ।

हिन्दु र वोद्ध सँस्कृतिलाई आफ्नो सांस्कृतिक पहिचानको रुपमा अँगालेको यस क्षेत्रको मौलिक संस्कृति र परम्परागत चलनहरुको अनुपम संगम रहेको छ । क्षेत्री, दलित, जनजातीको मिश्रीत बसोवास रहेको यस गाउँपालिकामा मुख्य बोलिचालिको भाषा नेपाली, धुलेल, गुरुङ्ग र तामाङ्ग रहेको छ । भने केहीले बझाडी भाषालाई नै आफ्नो स्थानीय भाषाको रुपमा प्रचलनमा ल्याएका छन् । धार्मिक रुपमा हिन्दु धर्मालम्बीहरुको बाहुल्यता रहेको यो क्षेत्रमा मनाइले चाडपर्वहरुमा कृष्णाष्टमी, तिज, जनैपुर्णिमा, दशै,

तिहार, माघे सक्रान्ती, सिउरो, हरेलो, भूवो आदि रहेका छन् भने जनताजीहरुको महत्वपूर्ण पर्वकारुपमा ल्होसार हरेको छ।धार्मिक तथा भाषिक रुपमा विविधता रहेको यस गाउँपालिकाको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभुषाका रुपमा पुरुषहरुले मुख्य रुपमा दौरा सुरवाल, टोपी तथा कोटका साथै बख्खु, प्वाइन्ट र सर्ट र महिलाले गुन्यु चोली र पटुकीका साथै वख्खु जामा लगाउने गर्दछन् । यस गाउँपालिकाको मानसरोवर जाने लाँगाको वाटो यहाको महत्वपूर्ण सांस्कृतिक सम्पदाहरु हुन् ।

## १.२.५ आर्थिक सन्दर्भ

यस क्षेत्रमा अबलम्बन गरिएको पेशा मध्ये सबैभन्दा बढि कृषिमा ९० प्रतिशत रहेको छ भने वाँकी १० प्रतिशत घरपरिवारको मुख्य पेशा को रुपमा व्यापार रहेको छ । कृषि पेशामा मुख्या रुपले खेतिपाति र पशुपालन गर्ने गरिन्छ । थोँरै जनाले मात्र सरकारी नौकरी गरेको देखिन्छ भने बैदेशिक रोजगारीमा पनि खासै गएको पाइदैन । गाउँपालिका भित्र स्थानीय स्तरमा सञ्चालनमा रहेका साना खुद्रा पसलहरुबाहेक जार क्षेत्रको रुपमा कुनै पनि क्षेत्रहरु रहेका छैनन् । खाद्यान्य तथा मूख्य आवश्यकताका सर सामान खरीदका लागि स्थानीयहरु तलकोट गाउँपालिका र सदरमुकाम चैनपुर जानुपर्ने अवस्था रहेको छ। गाउँपालिका भित्र मोटराबाटोको लागि पूर्वाधार वनि नसकेकोले ढुवानीको लागि खच्चर र मानिसमानै भर पर्नु पर्ने र कहिले काही निर्माण सामग्री हेलिक्याप्टर मार्फत समेत ढुवानी हुने भएकोले वस्तुको मुल्य लागत वढीनै पर्न जाने हुन्छ । हाल सम्म पनि यस गाउँपालिकामा एउटा पनि बैंक नभएकोले बैंकिङ कारोबार गर्न पनि तलकोट अथवा चैनपुर जानु पर्ने वाद्यता रहेको छ ।

पशुपाल यस गाउँपालिकाको आयआर्जनको मुख्य स्रोत र खाद्यान्न ढुवानी गर्ने साधन बनेको छ । हिउदको सयममा भेडाहरु न्यानो स्थानमा चरिचरन गर्ने, खाद्यान्न ओसारपोसार गर्ने गर्दछन् भने वर्षादको समयमा भोट (चीनको स्वशासित क्षेत्र ताक्लाकोटवाट उन र नुन ओसार पोसार गर्ने गर्दछन् । कृषि जन्य वस्तुहरु जस्तै विउ विजनको खरिदका लागी छिमेकि तल्कोटगाउँपालिका र बझाङ्गको सदरमुकाममा जानु पर्दछ । यस गाउँपालिकामा उत्पादन हुने फलफुलहरु स्थानीय गाउँघरमा विक्रिवितरण गर्ने गर्दछ भने ध्यू तथा मासु जन्य प्रदार्थ विक्रि वितरणका लागी स्थानीय गाउँ र जिल्ला सदरमुकाममा आउनु पर्ने हुन्छ । पशु जन्य वस्तुहरु खरिदका लागी छिमेकी जिल्ला हुम्ला र वाजुरावाट पनि पशुजन्य वस्तु खरिद गर्ने गर्दछन् । भेडा बाखा विक्रि तथा वितरणका लागि जिल्ला सदरमुकाम, छिमेकी जिल्लाका साथै काँस्की जिल्लाको पोखरा सम्म जाँने गर्दछन् । उच्च शिक्षा आर्जन तथा स्वास्थ्य उपचारका लागी छिमेकि तल्कोट गाउँपालिका, सदरमुकाम चैनपुर, कैलाली जिल्लाको धनगढी, राजधानी काठमान्डौं लगायत अन्य नेपालका शहरहरु र छिमेकी मुलुक भारतका विभिन्न ठाउंहरुमा जाने गर्दछन् । व्यापार व्यवसायको मुख्य केन्द्र विन्दु चैनपुर, तिब्बतको ताक्लाकोट, धनगढी, काठमान्डौं र भारतका विभिन्न ठाउंमा पुग्ने गर्दछन् । यस गाउँपालिकावाट यातायात भएको ठाउ सम्म पुग्न दुई देखि तीन दिनको पैतलयात्रागरी तल्कोट गाउँपालिकाको तल्कोट सम्म पुग्नु पर्ने हुन्छ ।

यस गाउँपालिकाको मुख्य श्रम बजार भारत र चीनको स्वसाशित क्षेत्र तिव्वत हो । मोषमी बसाई सराई गरि भेडा वाखा चराउने र चिनको स्वशासित क्षेत्र तिब्बतको ताक्लाकोट पुगी पैसा कमाउने गर्दछन् । यार्सागुम्बा लगायत विभिन्न जडिवुढीको संकलन गरी नेपालको राजधानी काठमान्डौं तथा चीनको स्वसाशित क्षेत्र ताक्लाकोट सम्मको यात्रा तय गर्ने गर्दछन् ।

( स्रोत: गाउँ वस्तुगत विवरण, साईपाल गाउँपालिका)

## १.२.६ जनसांख्कीय स्वरुप

राष्ट्रिय जनगणना २०७८ अनुसार साईपाल गाउँपालिकाको जम्मा जनसख्या पुरुष १२९२ र महिला १३३३ गरी जम्मा जनसख्या २६२५ रहेको र जसमा महिलाको ५०.८ र पुरुष ४९.२ प्रतिशत रहेको देखिन्छ भने लिङ्ग अनुपात १.३ रहेको छ । जनसख्याको सबै भन्दा वढी जनघनत्व वडा नं. ३, ४ मा रहेको र सबै भन्दा कम जन घनत्व वडा नं. ५, २ मा रहेको छ। यस गाउँपालिकामा जम्मा घरधुरी सख्या ४४७ रहेको र जनघनत्व प्रति वर्ग किलोमिटर २ जना रहेको छ । साक्षरता दर पुरुषको ८२.१ महिलको ६२.३ गरी जम्मा ७२.२ प्रतिशत रहेकको छ । विद्यालय जाने उमेरको जनसख्या ४ देखि १६ वर्ष सम्मको जनसख्या ९८९ र अनौपचारिक शिक्षा अन्तर्गत पर्ने र सक्रिय १५ देखि ५९ वर्ष सम्मको जनसख्या १२६३ रहेको छ ।

**जनसङ्ख्या वितरणको वडागत अवस्था**

| क्र.स. | जनसङ्ख्या | | | लैंगिकअनुपात |
|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | |
| १ | ५८० | २८६ | २९४ | १.०३ |
| २ | ३८६ | १९५ | १९१ | ०.९८ |
| ३ | ६८३ | ३१६ | ३६७ | १.१६ |
| ४ | ६७६ | ३४३ | ३३३ | ०.९७ |
| ५ | ३०० | १५२ | १४८ | ०.९७ |
| **जम्मा** | **२६२५** | **१२९२** | **१३३३** | **१.०३** |

*(स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन।)*

गाउँपालिकामा आर्थिक रूपले समूहको १५ देखि ५९ बर्ष सम्मको सक्रिय जनसङ्ख्या कुल जनसङ्ख्याको ५४ प्रतिशत छ। यस उमेर समूहलाई गाउँपालिकाले योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ। यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी गाउँ विकासमा ठूलो फड्को मार्ने अवसर रहेकोछ। उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई बैज्ञानिक र प्रभावकारी बनाउन सकिन्छ। यसरी पालिकाका समृद्धिका प्रमुखक्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसँग सम्बन्धित विषयमा शैक्षिक संस्थाको विकास गरी जानसांख्यिक लाभ लिन सकिन्छ।

## १.३ शैक्षिक सन्दर्भ

यस साईपाल गाउँपालिकामा जम्मा ९ वटा सामुदायि विद्यालय रहेका छन जसमा ३ वटा माध्यमिक र ६ वटा आधारभूत विद्यालय छन। माध्यमिक विद्यालयमा कक्षा ११-१२ सम्म अध्ययन अध्यापन हुने विद्यालयको सख्या २ रहेको छ। जम्मा शिक्षक दरवन्दी आधारभूत तह (कक्षा १-५) मा १२ र आधारभूत तह (कक्षा ६-८) ४ जनाको व्यवस्थापन भएको छ। माध्यमिक तह कक्षा ९- १२ सम्म १ जना मात्र शिक्षक दरवन्दी रहेको छ। गाउँपालिकाको आन्तरिक श्रोतबाट बालविकास तथा शिक्षामा ४ जना, आधारभूत तह कक्षा (१-५) मा १४ तथा कक्षा ६-८ को लागि १४ जना र माध्यमिक तह कक्षा ९-१२को लागि १३ जना गरी जम्मा ४५ जना स्वयम् सेवक शिक्षकहरुको व्यवस्थापन गरिएको छ।

## १.४ प्रमुख शैक्षिक समस्या तथा चुनौतिहरु

**यस साईपाल गाउँपालिकाको शिक्षा सम्बन्धी समस्याहरु यस प्रकार छन्-**

- भौगोलिक विकटताको साथ साथै यातायातको साधनको अभावले विद्यायलयको भौतिक संरचना निमार्ण अत्यधिक महङ्गो पर्न जाने र परिणाम स्वरुप विद्यालयको भौतिक संरचना मापदण्ड अनुसार नहुने, आवश्यक सामग्री प्राप्त नहुने,
- विद्यालयहरुको भौतिक संरचना निर्माणको लागि विद्यालय हाता भित्र आवश्यक जग्गा जमिन नहुनु,
- उच्च हिमाली भेग भएको हुनाले मौसमी प्रभाव अर्थात हिमपात, चिसो आदिको कारणले तोकिएको समयम विद्यालय संचालन हुन नसकुन् र वार्षिक तोकिएका पढाइ दिन पुरा हुन नसक्नु,
- आधुनिक प्रविधि युक्त शैक्षिक सामग्रीको साथ साथै अन्य आवश्यक शैक्षिक सामग्रीको समेत अभाव हुनु,

- छाउपडिको प्रथाले छात्राहरुको पढाइमा वाधा अर्थात उक्त अवधिमा छात्राहरु अनुपस्थित हुने,
- मोबाइल लगायत आधुनिक प्रविधिलाई विद्यार्थीको पठन पाठन संग जोड्न नसक्नु,
- विद्यालयहरुमा अभिभावकको चासो कम हुनु अर्थात विद्यालयहरु सरकारी हुन सबै सरकारले गर्छ भन्ने भावना झन झन वढदै जानु,
- अति दुर्गम र हिमाली विकटताले गर्दा योग्यता र क्षमता भएका शिक्षक पाउन नसक्नु र पाइए पनि छोटो अवधिमानै विद्यालय छोडेर जानु,
- शैक्षिक क्षेत्रमा गाउँपालकालाई नेतृत्व गर्ने सम्वन्धित क्षेत्रको विषय विज्ञ शिक्षा अधिकृत लामो अवधि देखि गाउँपालिकाले नपाउनु जसले गर्दा निरीक्षण, सुपरिवेक्षण,  सर सल्लाह तथा शैक्षिक क्षेत्रमा भएका गतिविधिबारे विद्यालयहरु अद्यावधिक नहुनु,
- शिक्षा क्षेत्रमा प्रयाप्त बजेटको अभाव,
- माध्यमिक तह कक्षा ९-१० नपुग्दै छात्राहरुको चाँडै विवाह हुने प्रचलनले गर्दा  छात्राहरुको पढाइमा वाधा पुग्नुका साथै विद्यालय छोड्ने प्रवृति हुनु,
- विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृदि गर्नु
- शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु,
- अनिवार्य, निःशुल्क तथा गुणस्तरीय सिकाइको सुनिश्चित नहुनु,
- अनौपचारिक तथा निरन्तर सिकाइलाई प्रभाबकारी बनाउन सामुदायिक सिकाइ केन्द्र, सार्वजनिक पुस्तकालय तथा बाचनालयको स्थापना तथा संचालन प्रभावकारी नहुनु
- माध्यमिक तहमा शिक्षामा वालबालिकाको पहुँच कमजोर हुनु,
- आर्थिक रुपले विपन्न तथा पिछडिएका बर्गका बालबालिकाहरुको शिक्षामा पहुँच कम हुनु
- विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु,
- सिकाइ उपलब्धीको स्तरमा कमी हुनु,
- प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच कम हुनु तथा प्राविधिक तथा व्यबसायिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्न नसक्नु,
- तहगत क्षेत्रगत तथा विषयगतरुपमा सम्पूर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु,
- विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी नहुनु अर्थात विद्यार्थी शिक्षक अनुपात उच्च रहनु,
- पठन संस्कृति तथा जीवनपर्यन्त शिक्षाका लागि सामुदायिक अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, सार्वजनिक वाचनालयको विस्तार गर्न नसक्नु,
- सुसाशन जिम्मेवारी तथा जवाफदेहिताको आशातीत प्रत्याभूति दिन नसक्नु,
- शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा अपेक्षित परिवर्तन ल्याउन नसक्नु,
- विद्यालय शिक्षामा सबैको पँहुच, समता, गुणस्तर, सुशासन, व्यवस्थापन तथा सिकाका लागि न्यूनतम आवश्यक वातावरण सुनिश्चित गर्न नसक्नु,

- निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रहरुको परिचालन अनुगमन तथा ब्यवस्थापन गर्न नसक्नु,
- शिक्षकलाई पेशागत सहयोग गर्ने प्रणालीको विकास गर्न नसक्नु,
- सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्न नसकिएको ।

## १.५ अवसर

अवसरको रुपमा हेर्दा यस गाउँपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागू गरिरहेको छ। शिक्षा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था रहेको छ। यस पालिकाका शिक्षा क्षेत्रका अवसरहरु देहाय अनुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- शिक्षक विद्यार्थी अनुपात उच्च रहेता पनि गाउँपालिकाले आफ्नो आन्तरिक श्रोत साधनबाट स्वयम् सेवक शिक्षकहरुको व्यवस्थापन गरी शैक्षिक सुधार गर्ने प्रयास भै रहेको,
- गरिव, असहाय तथा विपन्न वर्गका विद्यार्थीहरुलाई आर्थिक सहयोग तथा भौतिक सामग्री उपलब्ध गराएर विद्यालयमा टिकाइ राख्न पालिकाबाट प्रयास भैरहेको,
- उच्च अध्ययन विशेष गरी एमविविएस, इन्जिनियरिङ तथा पाइलेट विषय अध्ययन गर्ने विद्यार्थीलाई निशुल्क पढ्ने गरी पालिकाबाट आर्थिक सहयोग एवम् लोक सेवा आयोगबाट नाम निकाल्ने विद्यार्थी अथवा उम्मेदवारलाई पुरुस्कार दिने प्रावधानले विद्यार्थीहरु उत्प्रेरित हुन,
- पर्यटकिय क्षेत्रको प्रचुर सम्भावना भएको शिक्षित युवाहरुलाई यस क्षेत्रमा पनि रोजगारीको सम्भावना हुनु अर्थात शिक्षालाई रोजगारी संग जोड्नु सकिने,
- दुर्गम हिमाली भेग भएको हुनाले यहाबाट उत्पादित प्राविधिक जनशक्तिलाई स्थानीय स्तरमा नै रोजगारीको प्रचुर सम्भावना हुनु,
- आजको युग सूचना तथा प्रविधिको भएको हुनाले यस क्षेत्र संग सम्वन्धित जनशक्ति विश्व परिवेस संग जोडिएर आर्थिक क्रियाकलाप गर्न सकिनु ।

## १.६ योजना निर्माण प्रक्रिया

संविधानले विद्यालय तह सम्मको शिक्षा सञ्चालनको अधिकार स्थानीय सरकार मातहत गरेको सन्दर्भमा उक्त संवैधानिक अधिकार कार्यान्वयन गर्न शिक्षा क्षेत्रको पहिलो योजना निर्माण गर्ने कार्यमा पालिकाले अग्रसरता लिएको छ । विगतमा पालिकाको आवधिक योजना निर्माण भएता पनि शिक्षा संग सवन्धित योजना तयार हुनसकेको थिएन । यस शिक्षा योजना निर्माणका लागि तपशिल बमोजिमको प्रक्रिया तथा संरचनागत व्यवस्था गरेको थियो ।

(क) **योजनाको पुर्वतयारी:** प्रथम चरणमा गाउँ शिक्षाको औचित्य, आवश्यकता तथा निर्माणका लागि जनप्रतिधि, प्रधानाध्यापकहरुसँग गाउँ कार्यापालिको कार्यालयमा नै छलफल तथा अन्तर्क्रिया गरी पालिकाका शैक्षिक क्षेत्रमा देखिएका समस्या, चुनौति तथा समाधानका उपायहरुको क्षेत्रगत रुपमा विश्लेषण गरी पालिकाको दुरदृष्टी समेत स्थापित गरिएको थियो।

(ख) **दास्रो चरण:** नमुनाको लागि केही विद्यालयहरुमा भम्रण गरी प्रधानाध्याक तथा अभिवाकहरु संग अन्तरक्रिया गरिनुका साथै विद्यालयका प्रअहरु संग विद्यालयहो शैक्षिक, भौतिक तथा आर्थिक अवस्थाको समेत संचारका माध्यमहरुबाट जानकारी लिने गरिएको थियो ।

(ग) **तेस्रो चरण**: शैक्षिक पाश्वचित्र निर्माणका लागि आवश्यक शैक्षिक सुचनाहरु संकलन, विश्लेषण गरिएको थियो । साथै गाउँपालिकामा रहेको प्रारम्भिक दस्ताबेज अध्ययन तथा विश्लेषण गरिएको थियो । साथै प्राथमिकता निर्धारण, दृष्टिकोण, उद्धेश्य, रणनीति, कार्यक्रम, कार्ययोजना, नतिजा खाका विकास आदि कार्यहरु सम्पन्न गरिएको थियो ।

घ) **चौथो चरण:** प्रथम, दोस्रो  र तेस्रो चरणमा बाट प्राप्त विवरणहरुका आधारमा पहिलो मस्यौदा लेखन तथा तयारी सम्पन्न गरिएको थियो।

ङ) **पाँचौ चरण:** यस चरणमा विज्ञहरुको अध्ययन तथा सुझाबका आधारमा अन्तिम रुप प्रदान गरिएको थियो र थप सुझाबका लागि गाउँ शिक्षा समिति तथा जननिर्वाचित पदाधिकारीलाई उपलब्ध गराई सुझाब संकलन गर्नुका साथै उक्त सुझाबलाई सम्बोधन गरी योजना अन्तिमीकरण गरिएको थियो ।

# परिच्छेद-दुईः शिक्षा क्षेत्रको योजना

## २.१ सन्दर्भ र औचित्य

नेपालको संविधानले परिलक्षित गरेका शिक्षासम्बद्ध अधिकारको प्राप्तिमा स्थानीय तहमामा विकास गरिने योजनाले प्रभावकारी भूमिका खेल्नुपर्छ । प्रारम्भिक बाल विकास तथा शिक्षाको प्रबन्धसहित निःशुल्क एवम् अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने, प्राविधिक र व्यावसायिक शिक्षाको अवसर बढाउने, जीवनपर्यन्त सिकाइका अवसर सृजना गरी सिकाइलाई उत्पादनसँग आबद्ध गर्ने, उद्यमशीलताको प्रवर्धन गर्ने, शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने जस्ता विषयहरू विद्यालय शिक्षाका प्राथमिकताका क्षेत्रहरू हुन् ।
प्रजातन्त्र पश्चात शिक्षामा आम नागरिकको चासो बढेको र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा शिक्षा नीति योजना तथा परियोजना कार्यान्वयन हुदै आएका छन । नेपालको संविधान २०७२ को व्यवस्था बमोजिम संघीय स्वरुपको राज्य व्यवस्था स्थापना भई संघ, प्रदेश र स्थानीय तहका सरकारहरु क्रियाशिल छन्। राज्यको यो बदलिदो शासकीय स्वरुप लगायत स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेशमा धेरै परिवर्तन भइसकेका छन् । अब निर्माण हुने शिक्षा योजनाका विषयवस्तुलाई फरक ढङ्गबाट सम्बोधन गर्नु पर्ने अवस्था सिर्जना भएको छ । संविधानको मर्मअनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता देखिएको छ ।

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितता तथा सहभागिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय तहको प्रमुख कर्त्यव्य हुन आएको छ । शिक्षामा सहभागिता र पहुँचमा वृद्धिको साथ साथै गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना गर्नु आवश्यक छ । सुचना तथा संचार प्रविधिको प्रयोग गरी वालवालिकामा भएको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउने खालको शिक्षण सिकाई क्रियाकलापमा जोड दिंदै आधुनिक, बैज्ञानिक र २१ औं शताब्दी अनुकुलको बालबालिका निर्माण र देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनको आधारशिला तयार गर्नमा स्थानीय सरकारको अहम भुमिका र दायित्व रहेको छ। रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जिवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकासमार्फत सभ्य, स्तरीय र सुस्सकृत समाजको निर्माण गर्नुमा शिक्षाको अहम भुमिका रहने हुँदा शैक्षिक क्षेत्रलाई एक निश्चित दिशा प्रदान गरी अपेक्षित उपलब्धी हासिल गर्ने आवश्यकताको वोध गरी दिर्घकालिन शैक्षिक योजना निर्माण गरी कार्यान्वयन हुन अति आवश्यक रहेको छ । योजना निर्माणको औचित्यलाई देहाय बमोजिम बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

## २.२ सोंच, लक्ष्य, उद्देश्य, रणनीति

### २.२.१ राष्ट्रीय दिर्घकालीन सोच

सक्षम, सिर्जनशील र मूल्यउन्मुख नागरिक तयार गरी नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका माध्यमबाट "समृद्ध नेपाल, सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने ।

### २.२.२ साईपाल गाउँपालिकाको दूरदृष्टि

वैज्ञानिक सुझबुझ, नैतिकवान, प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधिमा दक्ष, उद्यमशील तथा सिपयुक्त जनशक्ति साईपालको समृद्धि ।

### २.२.३ लक्ष्य

व्यवस्थित विद्यालय व्यवस्थापन समिति, लगनशिल प्रधानाध्यापक, चिन्तनशिल शिक्षक, मननशिल अभिभावक, अनुशासित विद्यार्थी र इमान्दार कर्मचारीको माध्यमबाट प्रविधिमैत्री, बालमैत्री तथा गुणस्तरीय शिक्षण सिकाइ सहित राष्ट्रीय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिप्रस्पर्धा गर्न सक्ने सक्षम नागरिक उत्पादन गर्ने ।

### २.२.४ उद्देश्य

१. बालबालिकाहरूको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्नु,

२. गाउँपालिका क्षेत्रभित्रका विद्यालय उमेर समूहका सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय बनाउनु,

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबैको समावेशी र समतामूलक पहुँच विस्तार गरी गुणस्तर अभिवृद्धि गर्नु,

४. साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु,

५. वहिष्करणमा परेका बालबालिकाका लागि औपचारिक शिक्षामा पहुँच सुनिश्चित गर्नुका साथै वैकल्पिक सिकाइको अवसर पुऱ्याउनु,

६. आपत्कालीन अवस्थामा पनि बालबालिकाले सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारीरूपमा कार्यन्वयन गर्नु,

७. पाठ्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नु,

८. शैक्षिक संस्था र विद्यालयमा सुशासन कायम गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु।

### २.२.५ रणनीति

**उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीति अबलम्बन गरिने छ :**

१. प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा सबै बालविकास उमेर समूहका बालबालिकाका लागि अनिवार्य गरिने छ। (उद्देश्य १ सँग सम्बन्धित)

२. पूर्वाधारसहितको बालमैत्री वातावरण तयार पारी गुणस्तरीय प्रारम्भिक बालविकासको अवसर विस्तार गरिने छ। (उद्देश्य १ सँग सम्बन्धित)

३. सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गरिने छ। (उद्देश्य २ सँग सम्बन्धित)

४. शिक्षण सिकाइमा नविनतम प्रविधि, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन गर्ने। (उद्देश्य २ सँग सम्बन्धित )

५. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न समतामूलक उपाय अबलम्बन गरी सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने तथा विद्यालयमा टिकाइ राख्न र गुणस्तर अभिवृद्धिका लागि उत्प्रेरणामूलक उपाय अबलम्बन गरिने छ। (उद्देश्य २ सँग सम्बन्धित)

६. विद्यालय तहको शिक्षामा सबैको पहुँच र गुणस्तर सुनिश्चित गर्न औपचारिक, अनौपचारिक तथा वैकल्पिक शिक्षा प्रणालीको अबलम्बन गर्ने। (उद्देश्य २ सँग सम्बन्धित)

७. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा संलग्न सङ्घसंस्थालाई गाउँपालिकाभित्र आकर्षित गर्न लागत साझेदारीको रणनीतिलाई अवलम्बन गरिने छ। (उद्देश्य ३ सँग सम्बन्धित)

८. प्राविधिक शिक्षा र सिपमूलक तालिमप्रति पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई समेट्न विभिन्न सहुलियत प्रदान गर्ने रणनीति अवलम्बन गरिने छ। (उद्देश्य ३ सँग सम्बन्धित)

९. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर सिर्जना गर्नका लागि सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गरी आजीवन सिकाइ थलोका रूपमा विकास गरिने छ। (उद्देश्य ४ सँग सम्बन्धित)

१०. अपाङ्गताको प्रकृतिका आधारमा समावेशी शिक्षा तथा वैकल्पिक शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसर उपलब्ध गराइने छ। (उद्देश्य ५ सँग सम्बन्धित)

११. भौतिक संरचना तथा सिकाइ वातावरणमा सुधार गरी बालमैत्री, किशोरीमैत्री र अपाङ्गतामैत्री बनाइने छ। (उद्देश्य ५ सँग सम्बन्धित)

१२. आपत्कालीन अवस्थमा शिक्षालाई निरन्तरता दिन प्रतिकार्य योजना निर्माण गरी अभ्यास र आवश्यक तयारी गरिने छ। (उद्देश्य ६ सँग सम्बन्धित)

१३. स्थानीय पाठ्यक्रममा आधारित सिकाइ समाग्री विकास गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने। (उद्देश्य ७ सँग सम्बन्धित)

१४. प्रभावकारीरूपमा पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने। (उद्देश्य ७ सँग सम्बन्धित)

१५. गाउँपालिकाभित्रका शैक्षिक संस्था र विद्यालयहरूसँग कार्यसम्पादन करारको रणनीतिलाई अझ प्रभावकारी बनाउने। (उद्देश्य ८ सँग सम्बन्धित)

१६. कार्यसम्पादनको स्तरका आधारमा सम्बद्ध जनशक्तिलाई प्रोत्साहन प्रदान गर्ने रणनीतिलाई कार्यान्वयन गर्ने। (उद्देश्य ८ सँग सम्बन्धित)

## २.२.६ शिक्षा नीति तथा कार्यनीति

शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीतिको परिधिभित्र रही देहायबमोजिमका नीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छः

*(शिक्षा नीति तथा कार्यनीति परिच्छेद ३ मा राखिएको छ।)*

## २.२.७ अपेक्षित उपलब्धि

१. सत प्रतिशत बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित हुने र बालविकास र शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा बालबालिकाको सत प्रतिशत पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने छ।

३. माध्यमिक शिक्षामा प्रतिशत बालबालिकाको पहुँच सुनिश्चित भई गुणस्तरमा सुधार भएको हुने छ।

४. एक घर कम्तिमा एक सिपयुक्त जनशक्तिको अवस्था कायम भई जीवनस्तरमा सुधार भएको हुने छ।

५. हरेक विद्यालयमा निर्धारित मापदण्ड बमोजिममा विषयगत शिक्षकको व्यवस्था तथा पेसागत दक्षता अभिवृद्धि भई सिकाइमा सुधार भएको हुने छ।

६. साक्षरता शिक्षा, वैकल्पिक शिक्षा र आजीवन सिकाइको अवसरमा सुधार भएको हुने छ।

७. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित हुने छ।

८. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ।

९. आपत्कालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चिततामा सुधार भएको हुने छ।

१०. भौतिक पूर्वाधारहरूको विकास भई विद्यालय वातावरण बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री भई सिकाइ अनुकूल भएको हुने छ।

११. विद्यालयमा नविनतम प्रविधिको विस्तार भई सिकाइ उपलब्धिमा सुधार र विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने छ।

१२. शैक्षिक संस्था तथा विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुने छ।

१३. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

## २.२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य

| क्र. स. | कार्यसम्पादन सूचकहरू | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०९०/९१ |
|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर (%) | १०९.९ | १०९ | १०८ | १०७ | १०६ | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर (%) | ६९.६ | ७७ | ८० | ८५ | ९० | १०० |
| १.३ | न्यूनतम योग्यता भएका बालविकासका शिक्षक (%) | १००.० | १०० | १०० | १०० | १०० | १०० |
| १.४ | बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | ९८ | ९८ | ९९ | १०० | १०० | १०० |
| २. | **आधारभूत शिक्षा** | | | | | | |
| २.१ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्नादर (%) | १७५ | १७० | १६० | १५० | १४० | १०० |
| २.२ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ८८ | ९० | ९२ | ९४ | ९६ | १०० |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.२५ | १.२३ | ९२ | ९४ | ९६ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर % | ९४ | ९४ | ९५ | ९५ | ९६ | १०० |
| २.६ | आधारभूत तह (कक्षा ५) पुरा गर्ने दर % | ९४.४ | ९४ | ९५ | ९५ | ९६ | १०० |
| २.७ | आधारभूत तह (कक्षा ६-८) मा कुल भर्नादर (%) | ११३.२ | ११२ | १११ | ११० | १०९ | १०५ |
| २.८ | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९५.९ | ९५ | ९५ | ९६ | ९६ | ९८ |
| २.९ | आधारभूत तह (कक्षा ६-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०९ | १.०९ | १.०९ | १.०८ | १.०७ | १.०४ |
| २.१ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्नादर (%) | १४४ | १४० | १३५ | १३० | १२५ | ११० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद | ९० | ९१ | ९२ | ९३ | ९४ | ९८ |

| क्र. स. | कार्यसम्पादन सूचकहरू | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०९०/९१ |
|---|---|---|---|---|---|---|---|
| | भर्नादर (%) | | | | | | |
| २.१३ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.२ | १.२ | १.२ | १.१५ | १.१५ | १.१ |
| २.१४ | आधारभूत तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको प्रतिशत | २५ | २५ | ३० | ३० | ३५ | ४० |
| २.१५ | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ५५ | ५६ | ५७ | ५८ | ६० | ६५ |
| २.१६ | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ५७ | ५७ | ५८ | ५९ | ६० | ६५ |
| २.१७ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ६२ | ६२ | ६३ | ६४ | ६५ | ६८ |
| २.१८ | विज्ञान विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ६९ | ६९ | ७० | ७० | ७० | ७० |
| २.१९ | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ६८ | ६८ | ६९ | ६९ | ७० | ७५ |
| २.२० | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ५७ | ५७ | ५८ | ५९ | ६० | ६५ |
| २.२१ | आधारभूत तहमा न्यूनतम योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २.२२ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर % | ७० | ७४ | ७९ | ८५ | ९२ | ९८ |
| २.२३ | ५ वटै कक्षामा बुक कर्नरको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ० | २२ | ४४ | ६६ | १०० | १०० |
| ३. | **माध्यमिक तह** | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्ना दर (%) | ११९ | ११७ | ११६ | ११५ | ११४ | १०५ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ८४ | ८६ | ८८ | ९० | ९२ | ९५ |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०) को कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.७ | ०.७ | ०.७ | ०.७ | ०.८ | ०.९ |
| ३.४ | माध्यमिक तह (कक्षा ११-१२) मा कुल भर्ना दर (%) | ६७ | ७० | ७२ | ७६ | ८० | ९० |
| ३.५ | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (%) | ३७ | ४० | ४४ | ४९ | ५५ | ७० |
| ३.६ | माध्यमिक तह (कक्षा ११-१२) को कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.५० | ०.५५ | ०.६० | ०.६५ | ०.७० | ०.८५ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल | ११४ | ११३ | ११२ | १११ | ११० | १०५ |

| क्र. स. | कार्यसम्पादन सूचकहरू | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०९०/९१ |
|---|---|---|---|---|---|---|---|
| | भर्ना दर (%) | | | | | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ८४ | ८५ | ८७ | ८९ | ९१ | ९५ |
| ३.९ | माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.६५ | ०.६७ | ०.७० | ०.७२ | ०.७५ | ०.८० |
| ३.१० | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर % | ६० | ६० | ६१ | ६२ | ६५ | ९५ |
| ३.११ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर % | २४ | २४ | २५ | २६ | २७ | ५० |
| ३.१२ | माध्यमिक तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक % | ७ | ७ | १० | १५ | २० | ३० |
| ३.१३ | माध्यमिक तह (कक्षा ९-१२) अध्ययनरत विद्यार्थीमध्ये प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी % | ० | ४२ | ५० | ५० | ५० | ६० |
| ४. | **अनौपचारिक तथा आजीवन सिकाइ** | | | | | | |
| ४.१ | साक्षरता दर (५ वर्षभन्दा माथि) % | ७२ | ७४ | ७६ | ७८ | ८० | ९६ |
| ४.२ | साक्षरता दर (१५ वर्षभन्दा माथि) % | ५७ | ५८ | ६२ | ६८ | ७२ | ८१ |
| ४.३ | साक्षरता दर (१५ -२४ वर्ष) % | ९३ | ९४ | ९५ | ९६ | ९७ | १०० |
| ४.४ | साक्षरता दर (२४वर्षभन्दा माथि) % | ३९ | ४१ | ४५ | ४९ | ५३ | ६३ |
| ४.५ | साक्षरता दरमा लैङ्गिक समता सूचाङ्क (५ वर्षभन्दा माथि) | ०.७६ | ०.७८ | ०.८ | ०.८२ | ०.८४ | ९५ |
| ५. | **सूचना तथा सञ्चार प्रविधि** | | | | | | |
| ५.१ | विद्युत पुगेका विद्यालय/ सोलार (%) | ३३ | ३३ | ५६ | ५६ | ५६ | १०० |
| ५.२ | इन्टरनेट पुगेका विद्यालय (%) | ० | ३३ | ३३ | ३३ | ३३ | १०० |
| ५.३ | कम्तिमा एउटा ल्यापटप/कम्प्युटर भएका सामुदायिक विद्यालय (%) | ३३ | ४४ | ६६ | ६६ | १०० | १०० |
| ५.४ | सामुदायिक विद्यालयका विद्यार्थी ल्यापटप/कम्प्युटर अनुपात | ० | ३३ | ३३ | ३३ | १०० | १०० |
| ५.५ | कम्तिमा एउटा प्रोजेक्टर भएका सामुदायिक विद्यालय (%) | ३३ | ३३ | ३३ | ६६ | ६६ | १०० |
| ५.६ | सामुदायिक विद्यालयका विद्यार्थी प्रोजेक्टर अनुपात | ३७० | ३७० | ३७० | १८५ | १८५ | ४० |
| ५.७ | सिकाइमा सूचना प्रविधिको प्रयोग गर्ने दक्षता भएका शिक्षक (%) | २२ | ३३ | ६६ | १०० | १०० | १०० |
| ६. | **भौतिक पूर्वाधार** | | | | | | |

| क्र. स. | कार्यसम्पादन सूचकहरू | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०९०/९१ |
|---|---|---|---|---|---|---|---|
| ६.१ | छात्र छात्राका लागि अलग अलग शौचालय भएका सामुदायिक विद्यालय (%) | ३३ | ४४ | ५६ | ६७ | ७८ | १०० |
| ६.२ | अपाङ्गतामैत्री शौचालय भएका विद्यालय (%) | ० | ११ | २२ | ३३ | ४४ | १०० |
| ६.४ | स्वच्छ पिउने पानीको सुविधासहितका सामुदायिक विद्यालय (%) | ८९ | १०० | १०० | १०० | १०० | १०० |
| ६.५ | बालमैत्री धाराको व्यवस्थासहितका सामुदायिक विद्यालय (%) | ० | ११ | २२ | ३३ | ४४ | १०० |
| ६.६ | अपाङ्गतामैत्री  विद्यालय (%) | ० | ११ | २२ | ३३ | ४४ | १०० |
| ७. | **सुशासन र व्यवस्थापन** | | | | | | |
| ७.१ | आधारभूत तह (कक्षा १-५) को सामुदायिक विद्यालय शिक्षक अनुपात | १.३ | २ | २ | ३ | ३ | ३ |
| ७.२ | आधारभूत तह (कक्षा १-५) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | ५५ | ३७ | ३७ | २४ | २४ | २४ |
| ७.३ | आधारभूत तह (कक्षा ६-८) मा सामुदायिक विद्यालय शिक्षक अनुपात | १.५ | २ | ३ | ३ | ३ | ४ |
| ७.४ | आधारभूत तह (कक्षा ६-८) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | ४६ | २३ | २३ | २३ | २३ | २० |
| ७.५ | माध्यमिक तह (कक्षा ९-१०) मा सामुदायिक विद्यालयमा शिक्षक अनुपात | २ | ३ | ४ | ४ | ५ | ५ |
| ७.६ | माध्यमिक तह (कक्षा ९-१२) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ७.७ | बालक्लब गठन भएका सामुदायिक विद्यालय (%) | ३३ | १०० | १०० | १०० | १०० | १०० |
| ७.८ | रेडक्रस गठन भएका सामुदायिक विद्यालय (%) | | ४४ | ५६ | ५६ | ५६ | ५६ |
| ७.९ | स्काउट गठन भएका सामुदायिक विद्यालय (%) | | ४४ | ५६ | ५६ | ५६ | ५६ |
| ७.१० | सदन गठन भएका सामुदायिक विद्यालय (%) | | १०० | १०० | १०० | १०० | १०० |
| ७.११ | गुनासो सुनुवाइ समिति भएका सामुदायिक विद्यालय (%) | | १०० | १०० | १०० | १०० | १०० |
| ७.१२ | गुनासो पेटिकाको व्यवस्था भएका | | १०० | १०० | १०० | १०० | १०० |

| क्र. स. | कार्यसम्पादन सूचकहरू | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०९०/९१ |
|---|---|---|---|---|---|---|---|
| | सामुदायिक विद्यालय (%) | | | | | | |
| ७.१३ | बाल संरक्षण सम्पर्क बिन्दुको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | | १०० | १०० | १०० | १०० | १०० |

# परिच्छेद-तिनः विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

## ३.१ बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाको सर्वाङ्गीण वकासमा सहयोग गर्न तथा आधारभूत शिक्षाका लागि तयारी हुन सहयोग गर्ने शिक्षा हो। सर्वाङ्गीण विकास अन्तरगत बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्छन्। बालबालिकाको कुनै एक पक्षमा मात्र कमजोरी हुँदा व्यक्तित्व विकासमा बाधा पुग्छ। त्यसैले बालबालिकालाई लेखपढ मात्र गराउनेभन्दा पनि सबै पक्षको सन्तुलित विकासमा जोड दिनुपर्छ। मौजुदा नीतिगत दस्तावेजले चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन हुने उल्लेख गरेको छ।

### ३.१.२ वर्तमान अवस्था

यस साईपाल गाउँपालिकामा ९ वटा सामुदायिक बालविकास र शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ। जसमा अनुदानमा ५ जना बालविकास शिक्षा शिक्षक र थप ४ जना गाउँपालिकाको आन्तरिक स्रोतबाट रहने गरी जम्मा ९ जना शिक्षकको व्यवस्था गरिएको छ। यस गाउँपालिकाभित्र ४ वर्ष उमेर पूरा भएका अर्थात् बालविकास र शिक्षा प्राप्त गर्ने उमेर समूहका जम्मा बालबालिकाको सङ्ख्या ७३ रहेको छ (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन*)। हाल सामुदायिक विद्यालयमा ३११ जना बालबालिका भर्ना भई अध्ययन गरिरहेका छन्। यसरी हेर्दा उनीहरूको सहजै देखिने भर्नादर १०९.९% र खुद भर्नादर ६९.६% रहेको छ। कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहितको भर्नादर भने ९८% रहेको छ। यसरी हेर्दा बालविकास केन्द्रमा भर्ना हुने उमेर समुहका सबै बालबालिका वालविकास केन्द्रमा भर्ना नभएका र भर्ना भएका पनि वढी उमेरका रहेका देखिन्छन। भौगोलिक विकटताले गर्दा ढिलो उमेरमा बालविकास केन्द्रमा भर्ना हुने गरेका र कक्षा १ मा अधिकान्स बालविकास केन्द्रको अनुभव लिएर जाने गरेको पाइन्छ। प्रारम्भिक बालविकास र शिक्षामा लैङ्गिक अनुपात १ रहेको छ। यस गाउँपालिकाभित्र सञ्चालित बालविकास केन्द्रको भौतिक र शैक्षिक अवस्था मिश्रित किसिमको छ। यहाँका सामुदायिक बालविकास केन्द्रमा ५६ प्रतिशत मात्र महिला शिक्षक हुनुहुन्छ। बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाका अभिभावकलाई हालसम्म कुनै पनि प्रकारको शिक्षा प्रदान गर्न सकिएको छैन।

बालविकास र शिक्षाका क्षेत्रमा धेरै समस्याहरू रहेका छन्। बालबालिकाको पहुँचको आधारमा बालविकास कक्षाहरू स्थापना गर्न सकिएको छैन। बालविकास र शिक्षाको तोकिएको उमेरभन्दा कम र बढी उमेरका बालबालिका पनि सहभागी हुनुले सिकाइ सहजीकरणमा कठिनाई आउनुका साथै उनीहरूको सर्वाङ्गीण विकासमा समेत असर पारेको छ। बालविकास कक्षाहरू मापदण्ड पूरा हुन सकेको छैन। असजिलो भूगोल र विकटाको कारणले बालबालिकाको पहुँच सुनिश्चित गर्न सकिएको छैन।

बालविकास र शिक्षाका केही चुनौती पनि रहेका छन्। बालविकास र शिक्षाको उमेर पुगेका सबै बालबालिकालाई बालविकास केन्द्रमा पुऱ्याउनु, सबै बालविकास केन्द्रलाई मापदण्डअनुसार व्यवस्थापन गर्नु, तुलनात्मकरूपमा न्यून पारिश्रमिकका कारण त्यहाँ अध्यापनरत शिक्षकलाई उत्प्रेरित गर्नु आदि प्रमुख चुनौती हुन्।

### ३.१.३ उद्देश्य

प्रारम्भिक बालविकास र शिक्षाका उद्देश्य देहाय बमोजिम रहेका छन्:

१. प्रारम्भिक बालविकास र शिक्षामा पहुँच र गुणस्तर बढाउनु।

२. सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्नु।

### ३.१.४ रणनीतिहरू

**योजनाका उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छः**

१. नक्साङ्कनका आधारमा बालविकास केन्द्र स्थापना, समायोजन र पुनर्वितरण गरी उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण तयार पारी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने।

२. बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्र र बालविकास कक्षाको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी सिकाइमा गुणस्तर कायम गर्ने।

३. उमेर समूहका सबै बालबालिकाका लागि बालविकास शिक्षा अनिवार्य बनाउने।

४. सबै वडामा नमुना बालविकास केन्द्रको विस्तार गर्ने।

५. सबै बालविकास केन्द्रमा तोकिएको मापदण्ड पूरा गरी बालविकास शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।

६. बालविकासका शिक्षकहरूको पेसागत आवश्यकता पहिचान गरी तालिम लगायतका अवसर प्रदान गरी पेसागत दक्षता अभिवृद्धि गर्ने।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित भएको हुने छ।

**प्रमुख नतिजा**:

१. ४ वर्ष उमेर समूहका १०० प्रतिशत बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहज पहुँच हुने छ।

२. बालविकास र शिक्षा उमेर समूहका १०० प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने छ।

३. सबै बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा हुने छ।

४. बालविकास र शिक्षाका सबै शिक्षकको क्षमता विकास हुने छ।

५. प्रारम्भिक बालविकास र शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, अन्य गैरसरकारी संघ संस्था र विद्यालयहरू जिम्मेवार हुने छन्।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (१० वर्ष) |
| १ | बालविकास केन्द्रको नक्साङ्कन | पटक | | १ | | | | १ | २ |
| २ | बालविकास र शिक्षाका मापदण्डहरूको प्रबोधीकरण | पटक | १ | | | | | १ | २ |
| ३ | न्यूनतम मापदण्डअनुसार सुरक्षित, बालमैत्री, खेल सामग्री र खेलमैदानसहितको बालविकासका कक्षाकोठाको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ |
| ४ | कक्षा १ मा भर्ना हुनका लागि बालविकास र शिक्षाको अनुभवलाई अनिवार्य गर्ने नीतिगत निर्णय | पटक | | १ | | | | १ | १ |
| ५ | एक वडा एक नमुना बालविकास केन्द्र विकास | वडा | ० | | १ | १ | १ | ३ | ५ |
| ६ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | जना | ६० | ६० | ६० | ६० | ६० | १८० | ३६० |
| ७ | बालविकास केन्द्रका शिक्षकको क्षमता विकास | शिक्षक | १३ | | १३ | | १३ | ३९ | ७८ |
| ८ | बालविकासका शिक्षकलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान प्रदान ( ५ जना कोटाका र ४ जना गाउँपालिकाको श्रोत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | बाल उद्यानको व्यवस्था | वटा | | | १ | १ | १ | ३ | ९ |
| ९ | बालविकासका शिक्षकलाई उत्कृष्ट बालविकास केन्द्रको अवलोकन भ्रमणको | शिक्षक | | १३ | | १३ | | २६ | ५२ |

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (१० वर्ष) |
| | व्यवस्था | | | | | | | | |
| १० | शिक्षण सामग्री, डिजिटल सिकाइ सामग्रीका लागि प्रति इकाइ लागत अनुदान | विद्यार्थी | ३११ | ३११ | ३११ | ३११ | ३११ | १५५५ | ३११० |

**प्रारम्भिक बालविकास तथा शिक्षाको आवश्यक बजेट**

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| १ | बालविकास केन्द्रको नक्साङ्कन | | २५ | | | | २५ | ५० |
| २ | बालविकास र शिक्षाका मापदण्डहरूको प्रबोधीकरण | २५ | | | | | २५ | ५० |
| ३ | न्यूनतम मापदण्डअनुसार सुरक्षित, बालमैत्री , खेल सामग्री र खेलमैदानसहितको बालविकासका कक्षाकोठाको व्यवस्था | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ४ | कक्षा १ मा भर्ना हुनका लागि बालविकास र शिक्षाको अनुभवलाई अनिवार्य गर्ने नीतिगत निर्णय | | 25 | | | | २५ | ५० |
| ५ | एक वडा एक नमुना बालविकास केन्द्र विकास | ० | | १०० | ११० | १२१ | ३३१ | ६६२ |
| ६ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ७ | बालविकास केन्द्रका शिक्षकको क्षमता विकास | १०० | | १२० | | १४४ | ३६४ | ७२८ |
| ८ | बालविकासका शिक्षकलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान प्रदान ( ५ जना कोटाका र ४ जना गाउँपालिकाको श्रोत) | १४५६ | १४५६ | १४५६ | १४५६ | १४५६ | ७२८० | १४५६० |
| ९ | बाल उद्यानको व्यवस्था | | | १०० | ११० | १२१ | ३३१ | ६६२ |
| १० | बालविकासका शिक्षकलाई उत्कृष्ट बालविकास केन्द्रको अवलोकन भ्रमणको व्यवस्था | | ५० | | ६५ | | ११५ | २३० |
| ११ | शिक्षण सामग्री, डिजिटल सिकाइ सामग्रीका लागि प्रति इकाइ लागत अनुदान | १५६ | १७१ | १८८ | २०७ | २२८ | ९४९ | १८९९ |
| | **जम्मा** | **१९३७** | **१९४७** | **२२०६** | **२२१४** | **२३६२** | **१०६६६** | **२१३३३** |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्छ। राजनैतिक दल र गाउँपालिकाले आधारभूत शिक्षालाई विशेष जोड दिएकाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुर्याई गुणस्तर सुनिश्चित गर्नु गाउँपालिकाको दायित्वभित्र पर्छ । यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश

सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ भन्ने उल्लेख गरेको छ।

## ३.२.२ वर्तमान अवस्था

यस साईपाल गाउँपालिकाभित्र आधारभूत तह सामुदायिक विद्यालयहरू ९ वटा सञ्चालनमा रहेको छ। सामुदायिक विद्यालयको आधारभूत तहमा कार्यरत शिक्षकको सङ्ख्या १२ रहेको छ र गाउँपालिकाको आन्तरिक श्रोतबाट १४ जना गरी जम्मा २६ जना शिक्षकको व्यवस्थापन गरिएको छ जसमा ३ जना महिला शिक्षक रहेका छन। आधारभूत तहमा सामुदायिक विद्यालयमा ९३२ जना विद्यार्थी अध्ययनरत रहेका छन् जसमा छात्रा ५०८ र छात्र ५२४ रहेका छन ।

आधारभूत तह (कक्षा १-५) को सहजै देखिने भर्नादर १७५% र खुद भर्नादर ८८% रहेको छ भने आधारभूत तह (कक्षा १-८) को सहजै देखिने भर्नादर १४४% र खुद भर्नादर ९०% रहेको छ। यहाँ खुद भर्नादर ज्यादै कम देखिनुको कारण ढिलो उमेरमा विद्यालय भर्ना गर्नु हो। आधारभूत तह (कक्षा १-५) मा लैङ्गिक अनुपात १.२५ रहेको छ भने आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक अनुपात १.२ रहेको छ। आधारभूत तहमा अध्ययन गर्ने ५ देखि १२ वर्षको अपाङ्गता भएका बालबालिकाको सङ्ख्या १४ रहेको तर अपाङ्ग भएका जनसख्या मध्ये कति जना आधारभूत तहमा भर्ना भइ अध्ययन गरी रहेका छन यसको यकिन हुन सकिएन। अपाङ्ग बालबालिका १४ जना मध्ये ४ जना शारीरिक, ४ जना न्युन दृष्टी, १ जना दृष्टी विहिन, १ जना बोलीदोष १ जना वहिरा र ३ जना वहु अपाङ्गता देखिएकाले उनिहरुको लागि अनिवार्य शिक्षा अन्तर्गत आधारभूत शिक्षाको व्यवस्था गर्नु पर्ने देखिन्छ। सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक वर्ष २०७८ को औसत सिकाइ उपलब्धि मध्यमस्तरको रहेको छ।

आधारभूत शिक्षामा पनि धेरै समस्याहरू रहेका छन्। विद्यालयमा न्यूनतम् सङ्ख्यामा पनि शिक्षकको व्यवस्थापन गर्न नसक्नु, विद्यालयमा कक्षाकोठा, शौचालय, खेलमैदान अपुग हुनु, नविनतम शिक्षण पद्धतिहरुको विकास हुन नसक्नु, अधिकांश विद्यालयमा अहिले पनि परम्परागत शिक्षण पद्धतिको उपयोग हुनु, उपलब्धिस्तर न्यून हुनु, अझै पनि विद्यालय उमेरका केही बालबालिका विद्यालयभन्दा बाहिरै हुनु, विद्यालय छाड्ने दर र कक्षा दोहोर्‍याउने दर सून्यमा झार्न नसक्नु, भौगिलिक विकटता र पातलो वस्तीले गर्दा विद्यालयहरुको दुरी अपेक्षाकृत वढी हुनुलगायतका समस्याहरू विद्यमान छन्।

अनिवार्य तथा निःशुल्क शिक्षालाई पूर्णरूपमा कार्यान्वयन गर्नु, विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउनु, टिकाउनु र गुणस्तरिय शिक्षा प्रदान गर्नु, सार्वजनिक शिक्षा प्रति अभिभावकलाई आकर्षित गरी विश्वास कायम राख्नु साईपाल गाउँपालिकाको शिक्षाका प्रमुख चुनौतीहरू हुन्।

## ३.२.३ उद्देश्य

**आधारभूत शिक्षाका उद्देश्यहरू देहाय बमोजिम छन् :**

१. आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नु,
२. आधारभूत तहको शिक्षालाई निःशुल्क, अनिवार्य, गुणस्तरीय र समावेशी बनाउनु,
३. सबै बालबालिकहरूले आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु,
४. आधारभूत तहका सबै बालबालकाको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार गर्नु,
५. विद्यालयको शासकीय तथा व्यवस्थापकीय अवस्थामा सुधार ल्याउनु,
६. विविधता अनुकूल, उत्थानशील र जवाफदेही विद्यालयीय पद्धतिको विकास गर्नु।

## ३.२.४ रणनीतिहरू

योजनाका उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ:

१. बाध्यकारी कानुनको निर्माण गरी आधारभूत तहका सबै बालबालिकालाई विद्यालयको पहुँच सुनिश्चित गर्ने,

२. गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधासँग जोडेर तथा प्रोत्साहनमूलक कार्यक्रममार्फत् आधारभूत तहमा विद्यालय छाड्ने दरलाई सून्यमा झार्ने,

३. बालबालिकाको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापकप्रति र प्रधानाध्यापकलाई गाउँपालिकाप्रति जवाफदेही बनाउने,

४. सिकाइमा भाषाका कारणले कठिनाइ भएका बालबालिकाका लागि बहुभाषिक शिक्षण गर्ने,

५. आधारभूत तह उमेरका बालबालिका विद्यालय वाहिर नरहेको सुनिश्चितताका लागि वडा शिक्षा समितिलाई जिम्मेवार बनाउने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा घोषणा गर्दै जाने,

६. नियमित विद्यालयमा जानै नसक्ने समूहका बालबालिकाका लागि सिकाइको वैकल्पिक व्यवस्था गरी सिकाइ परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने,

७. विद्यालयमा बालबालिकाको पहुँच एवम् नियमितिता बढाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

८. शिक्षण गर्दा सिकाइ सामग्रीको उपयोग गर्न मिल्ने पाठमा अनिवार्य सिकाइ सामग्रीको उपयोग गर्ने संस्कारको विकास गर्ने, सिकाइ सामग्री विद्यार्थीका हातहातमा पुऱ्याउने रणनीति अबलम्बन गर्ने,

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सतप्रतिशत बालबालिकाको पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने छ ।

**प्रमुख नतिजा**:

१. उमेर समूहका सतप्रतिशत बालबालिका विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा पूरा गर्ने छन् ।

२. विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुने छ।

३. विद्यालयमा विषयगत शिक्षकको व्यवस्थामा सुधार हुने छ ।

४. बालबालिकाको सिकाइका लागि सरोकारवालाहरूको जवाफदेहिता बढ्ने छ ।

५. सबै वडाहरू अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा घोषणा हुने छन् ।

**प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | [illegible] |
| १ | आधारभूत तहका बालबालिकालाई विद्यालयमा अनिवार्य भर्ना र निरन्तरताका लागि नीति निर्माण एवम् कार्यान्वयन | पटक | १ | | | | | १ | १ |
| २ | बुक कर्नरको व्यवस्था | विद्यार्थी | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| ३ | कम्प्युटर, इन्टरनेट लगायत डिजिटल शैक्षिक सामग्री व्यवस्थापन | विद्यालय | २ | २ | २ | ० | ० | ६ | ६ |
| ३ | सिकाइ सामग्री निर्माण एवम् प्रयोगसम्बन्धी कार्यशाला सञ्चालन | शिक्षक | | | ४४ | ४४ | ४४ | १३२ | २६४ |

| क.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| ४ | बालबालिकाका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | बालबालिकाका लागि पढाइ उत्सव तथा प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | आधारभूत तहका बालबालिका विद्यालय वाहिर नरहेको वडा घोषणा | वडा | | | | २ | १ | ३ | ५ |
| ७ | विद्यालयहरूलाई शिक्षक अनुदान (आधारभूत तह कक्षा १-५) | शिक्षक | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० |
| ८ | विद्यालयहरूलाई शिक्षक अनुदान (आधारभूत तह कक्षा ६-८) | शिक्षक | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० |

## प्रारम्भिक बालविकास तथा शिक्षाको आवश्यक बजेट

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| १ | बालविकास केन्द्रको नक्साङ्कन | | २५ | | | | २५ | ५० |
| २ | बालविकास र शिक्षाका मापदण्डहरूको प्रबोधीकरण | २५ | | | | | २५ | ५० |
| ३ | न्यूनतम मापदण्डअनुसार सुरक्षित, बालमैत्री , खेल सामग्री र खेलमैदानसहितको बालविकासका कक्षाकोठाको व्यवस्था | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ४ | कक्षा १ मा भर्ना हुनका लागि बालविकास र शिक्षाको अनुभवलाई अनिवार्य गर्ने नीतिगत निर्णय | | 25 | | | | २५ | ५० |
| ५ | एक वडा एक नमुना बालविकास केन्द्र विकास | ० | | १०० | ११० | १२१ | ३३१ | ६६२ |
| ६ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ७ | बालविकास केन्द्रका शिक्षकको क्षमता विकास | १०० | | १२० | | १४४ | ३६४ | ७२८ |
| ८ | बालविकासका शिक्षकलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान प्रदान ( ५ जना कोटाका र ४ जना गाउँपालिकाको श्रोत) | १४५६ | १४५६ | १४५६ | १४५६ | १४५६ | ७२८० | १४५६० |
| १० | बाल उद्यानको व्यवस्था | | | १०० | ११० | १२१ | ३३१ | ६६२ |
| ९ | बालविकासका शिक्षकलाई उत्कृष्ट बालविकास केन्द्रको अवलोकन भ्रमणको व्यवस्था | | ५० | | ६५ | | ११५ | २३० |

| क.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | [illegible] |
| १० | शिक्षण सामग्री, डिजिटल सिकाइ सामग्रीका लागि प्रति इकाइ लागत अनुदान | १५६ | १७१ | १८८ | २०७ | २२८ | ९४९ | १८९९ | |
| | जम्मा | १९३७ | १९४७ | २२०६ | २२१४ | २३६२ | १०६६६ | २१३३३ | |

# ३.३ माध्यमिक शिक्षा

## ३.३.१ परिचय

आधारभूत शिक्षा प्राप्त गरिसकेका बालबालिकाका लागि कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । यस तहको शिक्षाले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रमा आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिपसहितको नागरिक विकास गर्ने शिक्षा पनि हो । यस तहको शिक्षाले उच्च शिक्षाका लागि आधार पनि तयार गर्छ । माध्यमिक तहको शिक्षा साधारण धार, संस्कृत धार र प्राविधिक धारको हुने व्यवस्था गरिएको छ ।

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हकका रूपमा व्यवस्था गरेको छ । माध्यमिक तहको शिक्षाका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार जिम्मेवार हुने गरी तिनै सरकारको साझा सूचिमा राखेको छ तर पनि व्यवस्थापनको जिम्मेवारी भने स्थानीय सरकारलाई सुम्पेको अवस्था छ ।

## ३.३.२ वर्तमान अवस्था

यस साईपाल गाउँपालिकामा ३ वटा सामुदायिक माध्यमिक विद्यालयहरू रहेका छन् । गाउँपालिकामा एउटा पनि माध्यमिक विद्यालयमा प्राविधिक धार पनि सञ्चाल भएको छैन । २ वटा विद्यालयहरूमा कक्षा १२ सम्मको पठनपाठन हुन्छ । यस गाउँपालकाभित्रका सामुदायिक विद्यालयमा १०८ जना विद्यार्थीले अध्ययन गरिरहेको तर माध्यमिक विद्यालय जाने उमेर समुहको जनसख्या ३१९ देखिएकोले अधिकान्स बालवालिका विद्यालय वाहिरै रहेको देखिन्छ । यस तहको सहजै देखिने भर्नादर ११८.७ % र खुद भर्नादर ८४ % रहेको छ । यस तहको लैङ्गिक अनुपात ०.७२ रहेको छ ।

यहाँका सामुदायिक विद्यालयमा माध्यमिक तहमा १ मात्र दरवन्दी रहेको छ भने शिक्षक अनुदान शिर्षकमा ३ वटा माध्यमिक तहको शिक्षकको तलब वरावरको रकम प्राप्त हुने गरेको छ । सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १:४४.४ रहेको छ । विषययगत शिक्षकहरू सबै विद्यालयमा पुर्‍याउन सकेको अवस्था छैन ।

माध्यमिक शिक्षाको यो अवस्था हुँदा हुँदै पनि माध्यमिक शिक्षाका धैरै समास्या तथा चुनौतिहरू पनि रहेका छन् । भवन, कक्षाकोठा, विषयगत प्रयोगशाला, खेलमैदान लगायतका भौतिक पूर्वाधारको व्यवस्था गर्न नसकिनु, भवन निर्माणको लागि विद्यालयहरु संग आवश्यक जग्गा जमिन नहुनु, आधुनिक प्रविधि युक्त शैक्षिक सामग्रीको साथ साथै अन्य आवश्यक शैक्षिक सामग्रीको समेतको अभाव हुनु, विषयगत शिक्षकको व्यवस्था हुन नसक्नु, विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षाकृतरूपमा वृद्धि हुन नसक्नु, उच्च हिमाली भेग भएको हुनाले मौसमी प्रभाव अर्थात हिमपात, चिसो आदिको कारणले तोकिएको समयम विद्यालय संचालन हुन नसकिनु, छाउपडिको प्रथाले छात्राहरुको पढाइमा वाधा अर्थात उक्त अवधिमा छात्राहरु अनुपस्थित रहुन, विद्यालयहरुमा अभिभावकको चासो कम हुनु अर्थात विद्यालयहरु सरकारीहुन सबै सरकारले गर्छ भन्ने भावना झन झन विकास हुनु, माध्यमिक तह कक्षा ९-१० नपुग्दै छात्राहरुको चाँडै विवाह हुने प्रचलनले गर्दा छात्राहरुको पढाइमा वाधा पुग्नुका साथै विद्यालय छोड्ने प्रवृति हुनु, मोबाइल लगायत आधुनिक प्रविधिलाई विद्यार्थीको पठन पाठन संग जोड्न नसक्नु, अति दुर्गम र हिमाली विकटताले गर्दा योग्यता र क्षमता भएका शिक्षक पाउन नसक्नु र पाइए पनि छोटो अवधिमानै विद्यालय छोडेर जानु,

प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु, परम्परागत शिक्षण ढाँचामा अपेक्षाकृत सुधार गर्न नसकिनु लगायतका समस्याहरू यहाँको माध्यमिक शिक्षाका प्रमुख समस्या तथा चुनौतीहरू हुन् ।

### ३.३.३ उद्देश्य

**माध्यमिक शिक्षाका उद्देश्य देहाय बमोजिम रहेका छन् :**

१. माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

२. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउनु ।

३. माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु ।

४. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।

५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय पक्षमा सुधार ल्याउनु ।

### ३.३.४ रणनीतिहरू

**उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :**

१. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

२. विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

३. विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।

४. विद्यार्थीको उपलब्धिस्तर बढाउन र कक्षा दोहोर्‍याउने दर सून्यमा झार्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

५. शिक्षकमा सूचना प्रविधिको उपयोग गरी शिक्षण गर्ने दक्षता अभिवृद्धि गर्न तालिमका साथसाथै स्वसिकाइ र सहयोगात्मक सिकाइका तरिकालाई बढावा दिने ।

६. विषयगत प्रयोगशालाको विकास र विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

७. नियमित मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

८. विषयगत प्रयोगशाला र विद्यार्थी केन्द्रित शिक्षण विधिको उपयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

९. STEAM Education लाई सिकाइ रणनीतिका रूपमा कार्यान्वयन गर्ने ।

### ३.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: माध्यमिक शिक्षामा कम्तिमा ९५ प्रतिशत विद्यार्थीको पहुँच सुनिश्चित भई गुणस्तरमा सुधार भएको हुने छ ।

**प्रमुख नतिजा**:

१. कम्तिमा ९५ प्रतिशत विद्यार्थीहरूको माध्यमिक शिक्षामा पहुँच सुनिश्चित हुने छ ।

२. माध्यमिक तहका सबै विषयको सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धि हुने छ ।

३. सबै विद्यालयमा न्यूनतम मापदण्ड पूरा हुने छ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | शिक्षकको कार्यसम्पादन परीक्षणका सूचक विकास एवम् परीक्षण | पटक | विकास | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण |
| २ | प्रधानाध्यापक एवम् शिक्षकहरूको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | कार्यसम्पादन स्तर उत्कृष्ट भएका प्रधानाध्यापक तथा शिक्षकलाई प्रोत्साहन प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | अभिभावक सचेतना कार्यक्रम | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | ४०० |
| ५ | नविन प्रविधिको स्थापना (Computer, Smart Board, cctv camera, Internet, etc.) | विद्यालय | ० | १ | १ | १ | १ | ४ | ९ |
| ६ | बैकल्पिक उर्जा स्थापना | विद्यालय | ० | २ | २ | २ | ० | ६ | ६ |
| ७ | विद्यार्थीको नियमितता बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | योजनबद्ध शिक्षण व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | शिक्षण सिकाइ सामग्री प्रदर्शनी प्रतियोगिता सञ्चालन (हरेक वर्ष १, १ विषयको) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | पूर्व विद्यार्थी समाज गठन एवम् परिचालन | विद्यालय | | ३ | | | | ३ | ३ |
| ११ | सिर्जनात्मक तथा नवप्रवर्तनात्मक क्रियाकलापका लागि प्रस्तावका आधारमा प्रोत्साहन अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ |
| १२ | STEAM Education & Pedagogy सम्बन्धमा अभिमुखीकरण कार्यशाला सञ्चालन | समूह | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | STEAM Teacher Group गठन गरी STEAM कार्यक्रम कार्यान्वयन | विद्यालय | १ | ३ | ३ | ३ | ३ | १४ | २९ |
| १४ | STEAM मा आधारित परियोजना प्रतियोगिता सञ्चालन (विद्यार्थीका लागि) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | विद्यालयमा सदन, बालक्लब, स्काउट र जुनियर रेडक्रस गठन एवम् व्यवस्थापन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ९० |
| १६ | सिकाइ उपलब्धी परीक्षण तथा विश्लेषण | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |
| १७ | माध्यमिक तहमा अपुग शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## माध्यमिक शिक्षाको आवश्यक बजेट

| क.स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | शिक्षकको कार्यसम्पादन परीक्षणका सूचक विकास एवम् परीक्षण | ५० | ५५ | ६१ | ६७ | ७३ | ३०५ | ६११ |
| २ | प्रधानाध्यापक एवम् शिक्षकहरूको कार्यसम्पादन परीक्षण | ५० | ५५ | ६१ | ६७ | ७३ | ३०५ | ६११ |
| ३ | कार्यसम्पादन स्तर उत्कृष्ट भएका प्रधानाध्यापक तथा शिक्षकलाई प्रोत्साहन प्रदान | २०० | २२० | २४२ | २६६ | २९३ | १२२१ | २४४२ |
| ४ | अभिभावक सचेतना कार्यक्रम | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ५ | नविन प्रविधिको स्थापना(Computer, Smart Board, cctv camera, Internet, etc.) | ० | ३०० | ३३० | ३६३ | ३९९ | १३९२ | २७८५ |
| ६ | बैकल्पिक उर्जा स्थापना | ० | २०० | २२० | २४२ | ० | ६६२ | १३२४ |
| ७ | विद्यार्थीको नियमितता बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | १५० | १६५ | १८२ | २०० | २२० | ९१६ | १८३२ |
| ८ | योजनबद्ध शिक्षण व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | शिक्षण सिकाइ सामग्री प्रदर्शनी प्रतियोगिता सञ्चालन (हरेक वर्ष १, १ विषयको) | ५० | ५५ | ६१ | ६७ | ७३ | ३०५ | ६११ |
| १० | पूर्व विद्यार्थी समाज गठन एवम् परिचालन | | ३० | | | | ३० | ६० |
| ११ | सिर्जनात्मक तथा नवप्रवर्तनात्मक क्रियाकलापका लागि प्रस्तावका आधारमा प्रोत्साहन अनुदान | २०० | २२० | २४२ | २६६ | २९३ | १२२१ | २४४२ |
| १२ | STEAM Education & Pedagogy सम्बन्धमा अभिमुखीकरण कार्यशाला सञ्चालन | ७५ | ८३ | ९१ | १०० | ११० | ४५८ | ९१६ |
| १३ | STEAM Teacher Group गठन गरी STEAM कार्यक्रम कार्यान्वयन | ७५ | ८३ | ९१ | १०० | ११० | ४५८ | ९१६ |
| १४ | STEAM मा आधारित परियोजना प्रतियोगिता सञ्चालन (विद्यार्थीका लागि) | ३० | ३३ | ३६ | ४० | ४४ | १८३ | ३६६ |
| १५ | विद्यालयमा सदन, बालक्लब, स्काउट र जुनियर रेडक्रस गठन एवम् व्यवस्थापन | ४५ | ५० | ५४ | ६० | ६६ | २७५ | ५४९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | सिकाइ उपलब्धी परीक्षण तथा विश्लेषण | ४५ | ५० | ५४ | ६० | ६६ | २७५ | ५४९ |
| १७ | माध्यमिक तहमा अपुग शिक्षक व्यवस्थापन | ४७१५ | ४७१५ | ४७१५ | ४७१५ | ४७१५ | २३५७६ | ४७१५१ |
| | **जम्मा** | ५७८५ | ६४२२ | ६५६० | ६७४४ | ६६८१ | ३२१९२ | ६४३८५ |

## ३.४ पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१ परिचय

बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभवको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ। पाठ्यक्रमले बालबालिकाहरूको सम्पूर्ण शैक्षिक अनुभवलाई समेट्ने प्रयास गर्छ। पाठ्यक्रमका माध्यमबाट प्राप्त शिक्षाले व्यक्तिलाई समाज र विश्व परिवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यावसाय छनोट गरी सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नवीन आयाम समावेश गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम र त्यसमाथि कक्षा १० सम्म सक्षमतामा आधारित तथा कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम ढाँचा अबलम्बन गर्ने कुरा उल्लेख गरेको छ। मानवीय आवश्यकता, बालबालिकाको रूची, सामाजिक मूल्य मान्यता, समाज र विश्व परिवेशमा विकास भएको ज्ञान, सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाका रूपमा लिनुपर्ने हुन्छ। स्थानीय आवश्यकता, मूल्य र मान्यताअनुरूपको हुने गरी स्थानीय व्यक्तिहरूको संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माणको संयोजन गर्ने जिम्मेवारी वर्तमान नीतिगत दस्तावेजहरूले स्थानीय तहलाई दिएको अवस्था छ भने विद्यालय तहको राष्ट्रिय पाठ्यक्रमलाई कार्यान्वय गराउने जिम्मेवारी पनि स्थानीय तहको नै रहेको छ। स्थानीय पाठ्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा विद्यार्थी मूल्याङ्कनलाई पनि पाठ्यक्रमको मर्मअनुसार नै सञ्चालन गर्नुपर्छ।

### ३.४.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकासदेखि माध्यमिक तह (कक्षा १२ सम्म) को पाठ्यक्रमको विकास शिक्षा मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले गर्ने गरेको छ। विद्यालय तहको विद्यमान पाठ्यक्रम बि. सं. २०६३ मा तयार गरी बि. सं. २०७१ मा सामान्य परिमार्जन गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपकै आधारमा व्यबस्थित गरिएको भनिए पनि कक्षा ११ र १२ लाई विद्यालय तहको पाठ्यक्रममा पूर्ण रुपमा समायोजन नगरी तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले तयार गरेको उच्च शिक्षाको तयारी उन्मुख पाठ्यक्रम नै कार्यान्वयनमा रहेकोमा हाल विद्यालय तहको पाठ्यक्रममा समायोजन गरिएको छ। यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि. सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भई वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरुमा यो पाठ्यक्रम कार्यान्वयन भै सकेको छ। यसै अनुसार साईपाल गाउँपालिकाले पनि नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरेको छ। माध्यम भाषाका रूपमा प्राथमिक तह (कक्षा १-५) का लागि मातृभाषा र नेपाली हुन सक्ने र अन्य तहको हकमा नेपाली वा अंग्रेजी हुन सक्ने व्यवस्था छ।

कक्षा १–७ सम्म निरन्तर मूल्यांकन प्रणाली लागू गरिए पनि प्रभावकारी हुन सकेको छैन। कला ८ मा स्थानीय तह र कक्षा १० र १२ मा राष्ट्रिय तहमा राष्ट्रिय परीक्षा बोर्डबाट सार्वजनिक परीक्षा सञ्चालन गरी विद्यार्थीको योग्यता प्रमाणित गरिदै आएको छ भने राष्ट्रिय उपलब्धि परीक्षण शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विभिन्न कक्षाहरूमा सञ्चालन गरी शिक्षा प्रणालीको गुणस्तरको लेखाजोखा गरिदै आएको छ। अधिकांश विद्यालय तहमा सञ्चालन गरिएका परीक्षाका प्रश्नहरुले प्रायजसो संज्ञानात्मक तहका तल्लो स्तरका क्षमता मात्र परीक्षण गरेको देखिन्छ। अधिकांश प्रयोगात्मक परीक्षा प्रभावकारी हुन सकेका छैनन्।

स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकिकृत गरिएको व्यवहार कुशल तथा जीवन उपयोगी सीपहरु समाबेश हुने गरी सिकाई क्रियाकलाप तर्जुमा गर्ने

रणनीति लिइएको, आधाभूत तहमा स्थानीय कला संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषय वस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएकोमा यस साईपाल गाउँपालिकामा हाल कक्षा १-५ सम्म स्थानीय पाठ्यक्रम निर्माण भइ कार्यान्वयनमा रहेको छ ।

अन्य विषय क्षेत्रको जस्तै पाठ्यक्रम र मूल्याङ्कनका पनि धेरै समस्या तथा चुनौतीहरू रहेका छन् । सबै शिक्षकहरूमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको महत्वलाई बोध गरी उचित प्रयोग गर्न नसक्नु, शिक्षकहरूमा पाठ्यक्रमको उपयोगसम्बन्धी क्षमता विकास गर्न नसक्नु, सबै शिक्षकहरूमा नयाँ पाठ्यक्रमको अभिमुखीकरण गर्न नसक्नु, शिक्षकहरूमा नयाँ पाठ्यक्रम अनुसारको मूल्याङ्कन पद्धतिभन्दा पूरानै पद्धति अनुसरण गर्न सहज मान्ने प्रवृर्ति हुनु, निर्माणात्मकभन्दा पनि निर्णयात्मक मूल्याङ्कन गर्ने संस्कार हुनु आदि गाउँपालिका भित्रका पाठ्यक्रम र मूल्याङ्कनका प्रमुख समस्या तथा चुनौतीहरू हुन् ।

## ३.४.३ उद्देश्य

पाठ्यक्रम र मूल्याङ्कन विषय क्षेत्रका उद्देश्य देहाय बमोजिम रहेका छन् :

१. समय सापेक्ष, सान्दर्भिक र गुणस्तर प्राप्तिका लागि पाठ्यक्रमलाई प्रभावकारीरूपमा प्रयोग गर्नु,
२. निर्माणात्मक, निदानात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धतिको उचित कार्यान्वयन गर्नु,
३. पाठ्यक्रमलाई प्रविधिसँग सम्बन्धित गराई प्रविधिमैत्री सिपयुक्त जनशक्ति तयार गर्नु,
४. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

## ३.४.४ रणनीतिहरू

**उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ ।**

१. शिक्षक निर्देशिका तथा स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।
२. सहपाठी सिकाइका विभिन्न तौर तरिकाको कार्यान्वयन गर्ने ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्ने ।
४. शिक्षक सहायता प्रणालीको कार्यान्वयन गर्ने ।
५. स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी सिकाइ सामग्रीको विकास गरी कार्यान्वयन गर्ने ।
६. विद्यार्थीहरूलाई नियमितरूपमा अतिरिक्त क्रियाकलापमा भाग लिन पाउने व्यवस्था मिलाउने ।
७. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने ।
८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने ।

## ३.४.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: सिकारूमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।

**प्रमुख नतिजा**:

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार हुने छ ।
२. स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी सिकाइ सामग्री विकास भई कार्यान्वयन हुने छ ।

३.	सुधारात्मक, निदानात्मक तथा आवधिक मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ स्तर बढ्ने छ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | १ | | | | | | |
| २ | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | समूह | | २ | | २ | | ४ | ८ |
| ३ | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |
| ५ | स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी सिकाइ सामग्री विकास एवम् वितरण | पटक | विकास | वितरण | वितरण | वितरण | वितरण | वितरण | वितरण |
| ६ | निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कनको प्रभावकारी प्रयोगका लागि तालिम सञ्चालन | शिक्षक | २६ | | | | | २६ | ५२ |
| ७ | सबै शिक्षकका लागि पाठ्यक्रम, शिक्षक निर्देशिका, लेटर ग्रेडिङ् कार्यान्वयनका लागि सहयोगी पुस्तिका लगायतका सामग्रीहरूको मुद्रित प्रति वा डिजिटल प्रतिको वितरण | पटक | १ | | | | | १ | २ |
| ८ | शिक्षण सिकाइ सामग्रीको अधिकतम प्रयोग गरी शिक्षण व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | योजनबद्ध शिक्षण व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | कक्षा १ का विद्यार्थीको कार्य सञ्चयिका तयारी तथा कक्षा २ र ३ को अद्यावधीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | कक्षा ८ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | वर्तमान पाठ्यक्रम बमोजिम विद्यार्थी मूल्याङ्कन सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | गणित विज्ञान विषयको सिकाइ सामग्री प्रदर्शनी आयोजना (विद्यार्थीका लागि) | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| १४ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्री विकासका लागि सरोकारवालको क्षमता विकास | जना | १८ | | | | | १८ | ३६ |
| १६ | स्थानीय पाठ्यक्रम अद्यावधिक तथा निर्माण | पटक | | १ | | | | २ | ४ |

**पाठ्यक्रम र मूल्याङ्कनको आवश्यक बजेट**

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम सञ्चालन | १०० | | | | | १०० | २०० |
| २ | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | | २०० | | २४० | | ४४० | ८८० |
| ३ | निःशुल्क पाठ्यपुस्तक वितरण | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ५ | स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी सिकाइ सामग्री विकास एवम् वितरण | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ६ | निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कनको प्रभावकारी प्रयोगका लागि तालिम सञ्चालन | १५० | | | | | १५० | ३०० |
| ७ | सबै शिक्षकका लागि पाठ्यक्रम, शिक्षक निर्देशिका, लेटर ग्रेडिङ् कार्यान्वयनका लागि सहयोगी पुस्तिका लगायतका सामग्रीहरूको मुद्रित प्रति वा डिजिटल प्रतिको वितरण | १०० | | | | | १०० | २०० |
| ८ | शिक्षण सिकाइ सामग्रीको अधिकतम प्रयोग गरी शिक्षण व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | योजनबद्ध शिक्षण व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| १० | कक्षा १ का विद्यार्थीको कार्य सञ्चयिका तयारी तथा कक्षा २ र ३ को अद्यावधीकरण | २५ | २८ | ३० | ३३ | ३७ | १५३ | ३०५ |
| ११ | कक्षा ८ को परीक्षा सञ्चालन | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| १२ | वर्तमान पाठ्यक्रम बमोजिम विद्यार्थी मूल्याङ्कन सञ्चालन | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | गणित विज्ञान विषयको सिकाइ सामग्री प्रदर्शनी आयोजना (विद्यार्थीका लागि) | | ३० | ३३ | ३६ | ४० | १३९ | २७८ |
| १४ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | १७८ | १९६ | २१५ | २३७ | २६१ | १०८७ | २१७३ |
| १५ | स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्री विकासका लागि सरोकारवालको क्षमता विकास | १०० | | | | | १०० | २०० |
| १६ | स्थानीय पाठ्यक्रम अद्यावधिक तथा निर्माण | | ३०० | | | | ३०० | ६०० |

| | जम्मा | ९५३ | १०८३ | ६४२ | ९४६ | ७७६ | ४४०० | ८८०० |
|---|---|---|---|---|---|---|---|---|

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ .परिचय

बालबालिकाहरूको भावी जीवनलाई दिशा निर्देश गर्न तथा देशको मानवीय पूँजीको विकास गर्न शिक्षकको अहम भूमिका रहेको हुन्छ । सभ्य, सुसंस्कृत तथा शिक्षित समाज निर्माणमा शिक्षकको ठूलो योगदान रहेको हुन्छ, त्यसैले शिक्षकहरूलाई परिवर्तनको संवाहक मानिन्छ । क्षमतावान शिक्षक र गुणस्तरीय शिक्षा एक अर्काका पर्याय हुन् । शिक्षक योग्य, व्यावसायिकरूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ ।

नेपालमा मुख्यरूपमा विश्वविद्यालयले शिक्षक तयारीको कार्य गर्छन् । केही मात्रमा कक्षा ११ र १२ मार्फत विद्यालयले पनि यो कार्य गर्दै आएका छन् । शिक्षक अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन गरी अध्यापन अनुमति पत्र प्रदान गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले र पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षक पेसागत विकासका लागि टिपिडी लगायतका तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रले गर्दै आएको छ ।

### ३.५.२. वर्तमान अवस्था

वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान, स्वयम्सेवक तथा निजी शिक्षकहरू छन् । अस्थायी, राहत, स्वयम्सेवक तथा निजी शिक्षकहरूको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिन थालिएको छ । नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । यस गाउँपालिकाका सामुदायिक विद्यालयको कुल शिक्षक दरबन्दी सङ्ख्या २२६ रहेको छ । यस गाउँपालिकामा आधारभूत तह (कक्षा १-५) मा स्वीकृत दरबन्दी ११, रातह अनुदान १ र गाउँपालिका अनुदानबाट १४ गरी २६ शिक्षकहरू व्यवस्थापन गरिएको छ । त्यसैगरी, आधारभूत तह (कक्षा ६-८) मा स्वीकृत दरबन्दी ०, रातह अनुदान ४, गाउँपालिका अनुदानबाट १४ गरी १६ शिक्षकहरू रहेका छन । माध्यमिक तहमा स्वीकृत दरबन्दी ०, राहत अनुदान १, र गाउँपालिका अनुदान १३ गरी १४ जना शिक्षकका लागि अनुदान जाने गरेको अवस्था छ । संघीय सरकारबाट शिक्षक अनुदान शिषर्कमा माध्यमिक विद्यालयहरुमा ५ जना र आधारभूत तह(कक्षा १-८) मा २ जना वरावर सोहो तहको शिक्षकले पाउने तलब वरावरको रकम विद्यलायमा जाने व्यवस्था गरिएको छ । पेशागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तौर तरिकाहरू छन् । शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ्ग आदिबाट शिक्षकमा पेशागत विकास सम्भव छ । शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइ सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू संचालनमा आए । सरकारले विभिन्न कार्यक्रम मार्फत् शिक्षकहरूको लागि विभिन्न खालका तालिमहरूको संचालन गरिरहेको छ । त्यसै गरी स्थानीय सरकारहरूले पनि विद्यालयका आवश्यकता अनुसार शिक्षकहरूको क्षमता विकासमा सहयोग गर्दै आएको छ।

विद्यालयका लागि आवश्यक पर्ने न्यूनतम शिक्षक सङ्ख्या पनि व्यवस्था गर्न सकिएको छैन । शिक्षक व्यवस्थापन र विकासका पनि प्रशस्तै समस्या तथा चुनौतीहरू रहेका छन् । अति दुर्गम र हिमाली विकटताले गर्दा योग्यता र क्षमता भएका शिक्षक पाउन नसक्नु र पाइए पनि छोटो अवधिमानै विद्यालय छोडेर जानु, बालबालिकाको सिकाइप्रति शिक्षकहरूलाई जिम्मेवार बनाउन नसकिएको अवस्था छ । दोष अरूतर्फ पन्छाउने (Blame Culture) अहिले पनि विद्यमान रहेको छ । कतिपय स्थानमा असजिलो भूगोल र पातलो वस्तीका कारणले विद्यार्थीको सङ्ख्या कम छ । सुपरीवेक्षण तथा अनुगमन पनि प्रभावकारी बनाउन सकिएको छैन ।

### ३.५.३. उद्देश्य

**योजनामा शिक्षक व्यवस्थापन र विकास क्षेत्रका देहायका उद्देश्य रहेका छन् :**

१. मापदण्डबमोजिम विषयगत शिक्षक व्यवस्थापन गर्नु ।

२. शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्नु ।

३. शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु ।

### ३.५.४. रणनीतिहरू

**उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ:**

१. उत्प्रेरित शिक्षक विना शैक्षिक क्रियाकलाप प्रभावकारी रुपमा संचालन गर्न नसकिने भएकोले शिक्षक उत्प्रेरणाका कार्यक्रमलाई प्राथमिकतामा राखी उक्त कार्यक्रमहरुलाई प्रभावकारीरुपमा संचालन गरिने छ,

२. कम्तिमा कक्षा ६ देखि १० सम्म यस साईपाल गा.पा. भित्रका विद्यालयमा निरन्तर पढाउने यस गाउँपालिका वाहिरका शिक्षकका बालबालिकाहरुलाई समेत उच्च शिक्षा सम्वन्धी लगायत अन्य छात्रवृति यसै गाउँपालिका स्थानीयका बालबालिकाहरुले पाए सरहको छात्रवृति वा सहयोग उपलब्ध गराउने र स्थानीय बालबालिकाहरुले समेत उक्त सुविधा लिन कम्तिमा पनि कक्षा ६ देखि १०(SEE उत्तिर्ण) सम्म यसै गाउपालकाका सामुदायिक विद्यालयहरु भित्र अध्ययन गरेकोलाई मात्र उपलब्ध गराउने,

३. सामुदायिक विद्यालयहरुमा कम्तिमा न्यूनतमरूपमा भएपनि विषयगत शिक्षकको व्यवस्था गर्ने,

४. शिक्षक पेसागत विकासका उपायहरू खोजी गरी कार्यान्वयन गर्ने,

५. प्रधानाध्यापक र शिक्षकहरूको कार्यसम्पादन परीक्षण साधनहरूको विकास गरी कार्यसम्पादन आवधिकरूपमा परीक्षण गर्ने ।

६. कार्यसम्पादनस्तर उत्कृष्ट रहेका शिक्षकलाई पुरस्कार, सम्मानलगायतका उपायलाई कार्यान्वयन गरी शिक्षण पेसातर्फ आकर्षण बढाउने ।

७. शिक्षकको पेसागत आवश्यकता पहिचान गरी मागमा आधारित पुनर्ताजगी तालिम प्रदान गर्ने ।

८. नतिजालाई सुविधासँग जोडी मेहनतको कदर गर्ने संस्कारको विकास गर्ने ।

### ३.५.५. उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:**

१. विषयगत शिक्षकको आपूर्तिमा वृद्धि तथा पेसागत दक्षता अभिवृद्धि भई सिकाइमा सुधार भएको हुने छ ।

२. शिक्षण पेसामा आकर्षण बढेको हुने छ ।

**मुख्य नतिजाहरू:**

१. शिक्षकमा शिक्षण पेशा प्रति उत्प्रेरणा जागृत भइ शैक्षिक क्रियाकलापहरु प्रभावकारी रुपमा संचालन हुने छन,

२. विषयगत शिक्षक नभएका विद्यालयमा विषयगत शिक्षकको आपूर्ति हुने छ ।

३. शिक्षकको पेसागत दक्षतामा अभिवृद्धि हुने छ ।

४. शिक्षण पेशाका प्रतिस्पर्धिहरूको सङ्ख्या वृद्धि हुने छ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | कार्यसम्पादन मूल्याङ्कनका लागि वस्तुनिष्ठ आधार विकास एवम् कार्यान्वयन | पटक | १ | | | | | १ | २ |
| २ | उत्कृष्ट सिकाइ हासिल गर्ने शिक्षकहरुलाई कार्यसम्पादन मूल्याङ्कनमा पुरुस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | १ |
| ३ | शिक्षकको लागि उत्प्रेरणा सम्वन्धी तालिम संचालन | शिक्षक | | २० | | | २० | ४० | ८० |
| ४ | नविनतम  शैक्षणिक प्रविधि सम्वन्धी शिक्षक तालिम प्रविधि मैत्री तथा विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलाप संचालन | शिक्षक | २० | | २१ | | | ४१ | ८२ |
| ५ | पालिकास्तर शिक्षक सम्मेलन आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | लिडर विद्यालय स्तरीय तथा क्लष्टर स्तरीय विषयगत शिक्षक सहयोग समिति मार्फत शिक्षकलाई पेशागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | लागत साझेदारीको आधारमा एक शिक्षक एक ल्यापटप कार्यक्रम संचालन | शिक्षक | १ | २ | २ | २ | २ | ९ | १७ |
| ९ | पेसागत आवश्यकता र मागका आधारमा आधारित शिक्षकको तालिम सञ्चालन | शिक्षक | १८ | १८ | १८ | १८ | १८ | ९० | १८० |
| १० | शिक्षक तथा सरोकारवालाहरूका लागि उत्कृष्ट विद्यालयमा अवलोकन भ्रमण | जना | | २५ | | | | २५ | ५० |
| ११ | विषयगत समिति गठन एवम् नियमित छलफल | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | कक्षा अवलोकन एवम् पृष्ठपोषण आदान प्रदान | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | रूचि र क्षमताका आधारमा जिम्मेवारी बाँडफाँड | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १४ | शिक्षक अपुग भएका विद्यालयहरुमा स्वयम सेवक शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

**शिक्षक व्यवस्थापन र विकास आवश्यक बजेट**

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | कार्यसम्पादन मूल्याङ्कनका लागि वस्तुनिष्ठ आधार विकास एवम् कार्यान्वयन | १०० | | | | | १०० | २०० |
| २ | उत्कृष्ट सिकाइ हासिल गर्ने शिक्षकहरुलाई कार्यसम्पादन मूल्याङ्कनमा पुरुस्कृत गर्ने | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ३ | शिक्षकको लागि उत्प्रेरणा सम्वन्धी तालिम संचालन | | १०० | १०० | | १२० | ३२० | ६४० |
| ४ | नविनतम शैक्षणिक प्रविधि सम्वन्धी शिक्षक तालिम प्रविधि मैत्री तथा विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलाप संचालन | १०० | | ११५ | | | २१५ | ४३० |
| ५ | पालिकास्तर शिक्षक सम्मेलन आयोजना | २०० | २२० | २४२ | २६६ | २९३ | १२२१ | २४४२ |
| ६ | लिडर विद्यालय स्तरीय तथा क्लष्टर स्तरीय विषयगत शिक्षक सहयोग समिति मार्फत शिक्षकलाई पेशागत सहयोग | २०० | २२० | २४२ | २६६ | २९३ | १२२१ | २४४२ |
| ७ | लागत साझेदारीको आधारमा एक शिक्षक एक ल्यापटप कार्यक्रम संचालन | ५० | १०० | ११० | १२१ | १३३ | ५१४ | १०२८ |
| ९ | पेसागत आवश्यकता र मागका आधारमा आधारित शिक्षकको तालिम सञ्चालन | १२५ | १३८ | १५१ | १६६ | १८३ | ७६३ | १५२६ |
| १० | शिक्षक तथा सरोकारवालाहरूका लागि उत्कृष्ट विद्यालयमा अवलोकन भ्रमण | | २०० | | | | २०० | ४०० |
| ११ | विषयगत समिति गठन एवम् नियमित छलफल | ५० | ५५ | ६१ | ६७ | ७३ | ३०५ | ६११ |
| १२ | कक्षा अवलोकन एवम् पृष्ठपोषण आदान प्रदान | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| 13 | रूचि र क्षमताका आधारमा जिम्मेवारी बाँडफाँड | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | जम्मा | | १०२५ | १२५३ | १२६३ | ११५३ | १३८८ | ६०८१ | १२१६१ |

# ३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

## ३.६.१ परिचय

शिक्षाका विद्वानहरूको भनाइअनुसार सिकाइ औपचारिक, अनौपचारिक र अरितिक तरिकाले हुने गर्छ । यी तिन ओटै तरिकाको समिश्रण नै आजीवन सिकाइ हो । विद्यालय जानुभन्दा अगाडि बालबालिकाले घर परिवारबाटै धेरै कुरा सिक्छन् । विद्यालय जाने उमेर भएपछि विद्यालय भर्ना भई पाठ्यक्रम बमोजिमका धेरै कुराको सिकाइ हुन्छ । विद्यालय शिक्षा पूरा गरेपछि विश्वविद्यालयबाट थप सिकाइ हुन्छ । अनि पेसाको संसारमा रहँदा पनि थप सिकाइको आवश्यकता हुन्छ । पेसा छाडेपछि पनि फरक विषय क्षेत्रको सिकाइ आवश्यक हुन्छ । त्यसैले सिकाइ चितामा पुग्नु अघिसम्म भईरहन्छ । कतिपय बालबालिकाहरू औपचारिक शिक्षा लिनबाट विविध कारणले बञ्चित भएका हुन्छन् । उनीहरूका लागि वैकल्पिक सिकाइको व्यवस्था गर्न आवश्यक हुन्छ । सिकाइका लागि यी सबै व्यवस्था मिलाउनु राज्यको दायित्वभित्र पर्छ ।

## ३.६.२ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भए सँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भएपछि शिक्षा क्षेत्रको पुनःसंरचना हुँदा साविकको अनौपचारिक शिक्षा केन्द्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एउटा शाखामा सीमित हुन पुगेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय रहे पनि उक्त मन्त्रालयले अनौपचारिक तथा आजीवन सिकाइसँग कुनै कार्यक्रम गर्न सकेको छैन। स्थानीय तहमा रहेको शिक्षा शाखाको कार्यविवरणमा यस सम्बन्धी विषय समावेश भए पनि यस विषयले प्राथमिकता प्राप्त गरेको देखिदैन । यसरी हेर्दा शिक्षा क्षेत्रको एउटा सिङ्गै पाटोको रुपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले न त व्यक्तिगत रुपमा न त संस्थागत र प्राणालीगत रुपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ । सबै युवाहरुका लागि खुल्ला तथा दूर शिक्षाको अवसर उपलब्ध गराउन सकिएको छैन । अनौपचारिक शिक्षा नीति र खुल्ला तथा दूर शिक्षा नीतिले परिकल्पना गरेको उपलब्धि हासिल गर्न सकिएको छैन । सामुदायिक सिकाइ केन्द्रहरुलाई अपेक्षित रुपमा सुदृढीकरण गर्न सकिएको छैन । त्यसैगरी आश्यकता अनुरुप आजीवन सिकाइका अवसरहरु विस्तार गर्न सकिएको छैन । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापन (संरचना, लगानी, अपनत्व आदि) को जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुन सकेको देखिदैन । आवधिक रुपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले साक्षरता सम्बन्धी तथ्यांकका लागि पनि राष्ट्रिय जनगणनाको प्रक्षेपणमा भर पर्नु पर्ने अवस्था रहेको छ । यस सईपाल गाउँपालिकामा हाल अनौपचारिक शिक्षा संचालन गर्न ........ वटा सामुदायिक सिकाइ केन्द्रहरू संचालित छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार ५ वर्षभन्दा माथिको जनसङ्ख्यामध्ये ७२% साक्षर र बाँकी ठुलो हिस्सा २८% निरक्षर रहेका छन् । यसरी हेर्दा ५ वर्षमाथिको जनसङ्ख्याको ६८.३० प्रतिशत जनसङ्ख्या साक्षर हुन आउँछ । अनौपचारिक शिक्षातर्फको तल्लो संस्था सामुदायिक सिकाइ केन्द्र हो । यस गाउँपालिकामा हाल कुनै पनि साक्षरताका कक्षाहरू, वैकल्पिक शिक्षाका कार्यक्रम तथा खुला विद्यालयहरू सञ्चालनमा रहेका छैनन् । यहाँ हाल कुनै पनि साक्षरताका कक्षाहरू, वैकल्पिक शिक्षाका कार्यक्रम तथा खुला विद्यालयहरू सञ्चालनमा रहेका छैनन् । देस विकासका लागि शिक्षा मुख्य पूर्वाधार हो । साक्षर व्यक्तिबाट सिकाइ सहज हुन्छ, त्यसैले बाँकी निरक्षरलाई साक्षर बनाउनु आवश्यक छ । त्यसैगरी, यहाँ अनिवार्य आधारभूत शिक्षाका लागि

विद्यालय शिक्षाको अवसर नपाएका र बिचैमा विद्यालय छाडेका बालबालिकाका लागि पनि वैकल्पिक शिक्षाको अवसर दिनु उत्तिकै जरूरी छ।

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका पनि समस्या तथा चुनौतीहरू रहेका छन्। आजीवन सिकाइका अवसरहरूको व्यवस्था मिलाउन नसकिनु, अझै पनि ५ वर्ष माथिका २८ प्रतिशत जनसङ्ख्या निरक्षर हुनु, निरक्षरहरूको विवरण नहुनु, वैकल्पिक शैक्षिक कार्यक्रमहरू हाल कार्यान्वयनमा नहुनु, साक्षर व्यक्तिहरू पनि निरन्तर शिक्षाको अभावले गर्दा निरक्षर बन्ने खतरा हुनु आदि यस गाउँपालिकाका प्रमुख समस्या र चुनौतीहरू हुन्।

### ३.६.३ उद्देश्य

यस क्षेत्रमा देहायका उद्देश्यहरू रहेका छन् :

१. सबै निरक्षर जनसङ्ख्यालाई साक्षर बनाउनु,

२. साईपालबासीहरूलाई अनौपचारिक शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु,

३. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायका नागरिकको आवश्कता अनुरूपका सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्नु।

### ३.६.४ रणनीतिहरू

उल्लिखित उद्देश्य पूरा गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. सामुदायिक सिकाइ केन्द्रको समायोजन तथा पुनर्वितरण गरी एक वडा एक सामुदायिक सिकाइ केन्द्रको व्यवस्था गर्ने।

२. सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गरी सामुदायिक सिकाइ केन्द्र र अन्य सङ्घसंस्था परिचालन गरी निरक्षरहरूलाई साक्षर बनाउने।

३. साक्षरता, निरन्तर शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सिकाइ अवसर सुनिश्चित गर्ने।

४. सामुदायिक सिकाइ केन्द्रमा इन्टरनेटसहितको पुस्तकालय र पत्रपत्रिकाको व्यवस्था गरी आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने।

५. सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रको व्यवस्थापनको जिम्मेवारी सामुदायिक सिकाइ केन्द्रलाई हस्तान्तरण गर्ने।

६. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने।

७. वैदेशिक रोजगारी, अन्य अनौपचारिक तथा अरितिक तरिकाले सिकेका सिपको पहिचान गरी प्रमाणीकरण गर्ने।

### ३.६.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:** सबै नागरिकका लागि साक्षरता शिक्षा, वैकल्पिक शिक्षा र आजीवन सिकाइको अवसर प्राप्त भएको हुने छ।

**प्रमुख नतिजा:**

१. एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना हुने छ।

२. १५ वर्ष माथिका सबै जनसङ्ख्या साक्षर हुने छन्।

३. सामुदायिक सिकाइ केन्द्रमा दक्ष जनशक्तिको व्यवस्था, इन्टरनेटसहितको इ-पुस्तकालय, पत्रपत्रिका, योग शिक्षा लगायतको व्यवस्था हुने छ।

४. औपचारिक शिक्षाको अवसरबाट बञ्चित वर्गका लागि वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन हुने छन्।

५. साईपालवासीको आवश्यकताअनुसार विभिन्न किसिमका सिपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन हुने छन् ।

६. अनौपचारिक तथा अरितिक सिकाइको परीक्षण र प्रमाणीकरण हुने छ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | अनौपचारकि शिक्षा सम्वन्धी नीति नियम तथा तयारी | पटक | १ | | | | | १ | १ |
| २ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | वटा | | १ | १ | १ | १ | ४ | ५ |
| ३ | प्रस्तावनाका आधारमा सामुदायिक सिकाइ केन्द्रलाई अनुदान (निरक्षरहरूको नामावली सङ्कलन, साक्षरता कक्षा सञ्चालन, सिपमूलक एवम् आयमूलक र क्षमता विकाससम्बन्धी लगायतका तालिम सञ्चालनका लागि) | वटा | | १ | १ | १ | १ | ४ | १० |
| ४ | पूर्ण साक्षर वडा घोषणा | वडा | | | १ | १ | १ | ३ | ५ |
| ५ | सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास (दक्ष सहजकर्ता, इ-पुस्तकालय, पत्रपत्रिका, कम्प्युटर, योगशाला आदि) | वटा | | | १ | १ | १ | ३ | ५ |
| ६ | साक्षरता शिक्षाका लागि सिकाइ सामग्रीको छपाई तथा वितरण | पटक | | | १ | | | १ | १ |
| ७ | सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास | केन्द्र | | | | १ | १ | २ | ७ |
| ८ | सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान व्यवस्था | केन्द्र | | | | | | | |

## अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको बजेट

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | अनौपचारकि शिक्षा सम्वन्धी नीति नियम तथा तयारी | १०० | | | | | १०० | २०० |
| २ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | | २०० | २२० | २४२ | २६६ | ९२८ | १८५६ |
| ३ | प्रस्तावनाका आधारमा सामुदायिक सिकाइ केन्द्रलाई अनुदान (निरक्षरहरूको नामावली सङ्कलन, साक्षरता कक्षा सञ्चालन, सिपमूलक एवम् आयमूलक र क्षमता विकाससम्बन्धी लगायतका तालिम सञ्चालनका लागि) | | १०० | ११० | १२१ | १३३ | ४६४ | ९२८ |
| ४ | पूर्ण साक्षर वडा घोषणा | | | ५० | ५५ | ६१ | १६६ | ३३१ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| ५ | सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास (दक्ष सहजकर्ता, इ-पुस्तकालय, पत्रपत्रिका, कम्प्युटर, योगशाला आदि) | | | | १०० | ११० | १२१ | ३३१ | ६६२ |
| ६ | साक्षरता शिक्षाका लागि सिकाइ सामग्रीको छपाई तथा वितरण | | | | १०० | ११० | १२१ | ३३१ | ६६२ |
| ७ | सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास | | | | | १०० | ११० | २१० | ४२० |
| ८ | सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान व्यवस्था | | | १९५ | ३९० | ५८५ | ७८० | १९५० | ३९०० |
| | | | | | | | | ० | ० |
| | **जम्मा** | | १०० | ४९५ | ९७० | १३२३ | १५९२ | ४४८० | ८९६० |

# ३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा

## ३.७.१ परिचय

प्राविधिक तथा व्यवसायिक शिक्षालाई गरिखाने शिक्षाका रूपमा लिइन्छ । साधारण र प्राविधिक जनशक्तिको उत्पादन सन्तुलित भएमा मात्र विकास सम्भव हुन्छ । विगतमा साधारण शिक्षालाई जोड दिइएता पनि विस्तारै प्राविधिक तथा व्यावसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा समावेशी तथा समतामूलक पहुँच र सहभागिता आजको आवश्यकता हो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ । संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ ।

## ३.७.२ वर्तमान अवस्था

यस साईपाल गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा उल्लेख्य कार्य भएको देखिदैन । बालबालिकाहरूलाई प्राविधिक ज्ञान र सिप विकासका लागि हाल सम्म प्राविधिक धारको विद्यालय सञ्चालनमा रहेको छैन । कृषिमा व्यावसायीकरण हुन नसक्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँचको कमी, सिपमूलक तालिम प्रदायक संस्था गाउँपालिका भित्र नहुनु, व्यक्तिहरूमा उद्यमशिलतासम्बन्धी ज्ञान र सोँचको कमी, प्राविधिक शिक्षाका लागि गाउँपालिकाबाट यथेस्ट बजेट छुट्याउन नसक्नु, उत्पादित प्राविधिक जनशक्तिको वजार व्यवस्थापन गर्न नसक्नु लगायत यस गाउँपालिकाका प्राविधिक तथा व्यावसायिक शिक्षाका समस्या तथा चुनौतीहरू हुन् ।

## ३.७.३ उद्देश्य

प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रमा देहायका उद्देश्य रहेका छन् :

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि गर्नु,

२. कम शुल्कमा प्राविधिक तथा व्यावसायिक सिप सिक्ने अवसर सिर्जना गर्नु,

३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासलाई गुणस्तरीय बनाउनु ।

## ३.७.४ रणनीतिहरू

उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. प्राविधिक शिक्षामा र्सवसाधारणको पहुँच वृद्धि गर्ने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनका लागि सरोकारवालहरूसँग समन्वय गर्ने ।

३. परम्परागत पेसा र प्रविधिको स्तरोन्नति गरी आधुनिक वैज्ञानिक प्रविधि सरहको बनाई संरक्षण गर्ने ।

४. विभिन्न छोटो अवधिका सीपमूलक तालिम प्रदान गरी नागरिकको जीवनस्तरमा अभिवृद्धि गर्ने ।

५. विश्व बजारमा खपत हुने प्रतिस्पर्धी प्राविधिक जनशक्ति उत्पादनलाई जोड दिने ।

६. परम्परागत पेसा र प्रविधिको स्तरोन्नति गरी आधुनिक वैज्ञानिक प्रविधि सरहको बनाई संरक्षण गर्ने ।

## ३.७.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:** प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पर्याप्त दक्षता हासिल गरी रोजगारी, स्वरोजगारी र जिविकोपार्जनका लागि आधार तयार भएको हुने छ ।

**प्रमुख नतिजा:**

१. गाउँपालिका भित्र प्राविधिक धारको पढाइ सञ्चालन हुने छ ।

२. शिपमुलक जनशक्ति उत्पादन हुने छन ।

३. शैक्षिक वेरोजगार कम हुदै जाने छ ।

**प्रमख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपसम्बन्धी नीति तर्जुमा | पटक | १ | | | | | | |
| २ | प्राविधिक धारका माध्यमिकक विद्यालय स्थापना र सञ्चालन | विद्यालय | | १ | | | | १ | १ |
| ३ | युवाका लागि छोटो अवधिका सिपमूलक तथा क्षमता विकास तालिम सञ्चालन | जना | | २० | २० | २० | २० | ६० | १२० |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| ४ | पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन | विद्यालय | | १ | १ | १ | | ३ | ३ |
| ५ | एक विद्यालय एक करेसावारी कार्यक्रम कार्यान्वयन | विद्यालय | २ | २ | ५ | | | ९ | ९ |
| ८ | पछाडि परेका वर्गलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा सहज पहुँका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

**प्राविधिक तथा व्यवसायिक शिक्षाको बजेट**

| क्र.स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपसम्बन्धी नीति तर्जुमा | ५० | | | | | ५० | १०० |
| २ | प्राविधिक धारका माध्यमिक विद्यालय स्थापना र सञ्चालन | | ५०००<br>० | | | | ५००० | १०००० |
| ३ | युवाका लागि छोटो अवधिका सिपमूलक तथा क्षमता विकास तालिम सञ्चालन | | २०० | २२० | २४२ | २६६ | ९२८ | १८५६ |
| ४ | पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन | | ५०० | ५५० | ६०५ | | १६५५ | ३३१० |
| ५ | एक विद्यालय एक करेसावारी कार्यक्रम कार्यान्वयन | १०० | ११० | २७५ | | | ४८५ | ९७० |
| ८ | पछाडि परेका वर्गलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा सहज पहुँका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| | **जम्मा** | २५० | ५९२० | ११६६ | ९८० | ४१३ | ८७२९ | १७४५७ |

# परिच्छेद-चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ शैक्षिक समता र समावेशीकरण

### ४.१.१ परिचय

समावेशी शिक्षा भन्नाले विभिन्न भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले उनीहरूको सिक्ने गतिअनुसार नजिकैको विद्यालयमा भर्ना भई, अरू बालबालिकासँगै उनीहरू सरह सिक्न पाउने वातावरण सिर्जना गर्नु हो । बालबालिकाको रूची, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा अरू बालबालिकासँगै उनीहरूलाई सुहाउदो शिक्षा उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप वहिष्करण हुनबाट जोगाउँछ र समाजका अरू बालबालिकासँगै हुर्कने, बढ्ने, पढ्ने र प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ ।

नेपालले सबै नागरिकका लागि शिक्षालाई अधिकारका रूपमा र अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चितता गर्ने प्रतिवद्धता गरेको छ । त्यसैले आधारभूत तहसम्मको शिक्षा सबै बालबालिकाका लागि निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्करूपमा प्राप्त गर्न कुनै कारणले कुनै पनि बालबालिका छुट्नु हुँदैन । विद्यालय तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको भएकोले सङ्घीय र प्रादेशिक सरकारको समन्वय तथा सहयोगमा यो कार्य गर्नुपर्ने हुन्छ ।

### ४.१.२ वर्तमान अवस्था

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिदै आधाभूत तहको शिक्षा अनिवार्य र निशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिबृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ । अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५,अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वरा निशुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकिकृत समता र निति २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति र

प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालिकबालिकामा शिक्षामा पहुँच र सहभागिता बढेको तथ्यांकले देखाएको छ । तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरु गर्नु पर्ने देखिएको छ । यसै सम्बन्धमा दिगो विकासको लक्ष्य ४ ले समावेशीता, समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरु पनि सञ्चालित छ। उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित निशुल्क शिक्षा, आपाङ्गता भएका बालबालिकाहरु, छात्रा तथा सीमान्तकृत बालबालिकाहरुलाई लक्षित गरी आवसीय तथा गैर आवसीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको नीतिको समावेशी व्यवस्था, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक धार्मिक जातीय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ ।

लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहका जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरुको शिक्षामा समतामूलक पहुँच पर्यायाउनु, सबै किसिमका अपाङ्गता भएकाहरुका लागि शिक्षामा पहुँच पुर्याउन, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रुपले पछि परेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा टिकाई राख्नु, विद्यालयहरुमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु, पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिबृद्धि गर्नु, विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री बनाउनु जस्ता कार्यहरु अवसर चुनौति दुबै छन।

## ४.१.३ उद्देश्य

शैक्षिक समता र समावेशीकरण विषय क्षेत्रअन्तरगत देहायका उद्देश्य रहेका छन् :

१. अपाङ्गता भएका, जोखिममा परेका, विपन्न वर्ग, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला, आर्थिक रूपले विपन्न वर्गहरूलाई शिक्षामा समान पहुँच पुऱ्याउनु।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु।

३. समता एवम् समावेशीकरणका मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासनमा सुधार गर्नु।

४. विद्यालयमा कुनै प्रकारको विभेद, दुर्व्यवहार, हेपाईरहित भएको सुनिश्चित गर्नु।

## ४.१.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गता मैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गर्ने।

२. अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकाका लागि समतामूलक कार्यक्रमका माध्यमबाट उनीहरूको पहुँचको सुनिश्चितता गर्ने।

३. दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने।

४. कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने।

५. भाषाका कारणले सिकाइमा समस्या भएका वर्ग र कक्षाका लागि बहुभाषिक शिक्षण पद्धतिको अबलम्बन गरी सिकाइमा सुधार गर्ने।

६. चरम आर्थिक कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकालाई आवश्कताअनुसार झोला, पोशाक तथा सिकाइ सामग्री उपलब्ध गराउने।

७. विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना गर्ने।

८. आवश्यकताअनुसार केही विद्यालयमा स्रोतकक्षाको व्यवस्था गर्ने।

९. विद्यालयमा बालमैत्रीपन बढाउन बालक्लब गठन गरी क्रियाशील बनाउने।

१०. गाउँपालिकाले बालबालिकाका लागि विनियोजित रकमको सरोकारवालहरूसँगको छलफलका आधारमा बालबालिकाको हितमा खर्च गर्ने।

## ४.१.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चति भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**प्रमुख नतिजा:**

१. गाउँपालिकाभित्रका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, द्वन्द्व प्रभावित, सिमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित हुने छ ।

२. विद्यालयहरूमा बालमैत्रीपनमा सुधार हुने छ ।

३. विद्यालयहरूमा अपाङ्गता र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने छ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | समावेशी तथा समतामुलक शिक्षा तालिम | पटक | १ | | १ | | १ | ३ | ६ |
| ३ | पिछडिएका वर्गका बालबालिकाहरुका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | १५० |
| ४ | दुर्व्यवहार र त्रासमूक्त वातावरणको सृजना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | समावेशीकरणका विषयवस्तुहरुलाई स्थानिय पाठ्यक्रममा समावेस | पटक | | १ | | | १ | २ | ४ |
| | आवश्यकता अनुसार भाषा नीतिको विकास र मातृभाषामा शिक्षण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | विद्यालयको बालमैत्रीपनको मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | सूचकगतरूपमा विद्यालयमा बालमैत्रीपनमा कमजोर देखिएका क्षेत्रमा सुधार कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| ८ | बालमैत्री वडा घोषणा | वडा | | | | १ | १ | २ | ७ |
| ९ | लैङ्गिक फोकल पर्सनको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| १० | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धित, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | अपाङ्गताको प्रकृतिअनुसार उपयुक्त शिक्षाको प्रवन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १२ | बालविकासदेखि कक्षा १२ सम्म अध्ययनरत विशेष परिस्थितिका बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितताका लागि थप छात्रवृत्तिका लागि कार्यविधि तयार गरी विद्यार्थी छानत्रवृत्ति वितरण | जना | १५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० |
| १५ | अपाङ्गताको Screening गरी विद्यार्थीका आवश्यक सामग्रीको प्रबन्ध कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

**शैक्षिक समता र समावेशीकरणको बजेट**

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | विद्यार्थी भर्ना अभियान सञ्चालन | ० | ० | ० | ० | ० | ० | ० |
| २ | समावेशी तथा समतामुलक शिक्षा तालिम | ५० | | ५५ | | ६५ | १७० | ३४० |
| ३ | पिछडिएका वर्गका बालबालिकाहरुका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | १०० | २२० | २२० | २२० | २२० | ९८० | १९६० |
| ४ | दुर्व्यवहार र त्रासमूक्त वातावरणको सृजना | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | समावेशीकरणका विषयवस्तुहरुलाई स्थानिय पाठ्यक्रममा समावेस | ० | ० | ० | ० | ० | ० | ० |
| | आवश्यकता अनुसार भाषा नीतिको विकास र मातृभाषामा शिक्षण कार्यक्रम सञ्चालन | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | विद्यालयको बालमैत्रीपनको स्वमूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | सूचकगतरूपमा विद्यालयमा बालमैत्रीपनमा कमजोर देखिएका क्षेत्रमा सुधार कार्यक्रम सञ्चालन | | १०० | ११० | १२१ | १३३ | ४६४ | ९२८ |
| ८ | बालमैत्री वडा घोषणा | | | | ० | ० | ० | ० |
| ९ | लैङ्गिक फोकल पर्सनको व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| १० | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धित, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | अपाङ्गताको प्रकृतिअनुसार उपयुक्त शिक्षाको प्रवन्ध | २०० | २२० | २४२ | २६६ | २९३ | १२२१ | २४४२ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १२ | बालविकासदेखि कक्षा १२ सम्म अध्ययनरत विशेष परिस्थितिका बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितताका लागि थप छात्रवृत्तिका लागि कार्यविधि तयार गरी विद्यार्थी छानत्रवृत्ति वितरण | ४०० | ४४० | ४८४ | ५३२ | ५८६ | २४४२ | ४८८४ | |
| १५ | अपाङ्गताको Screening गरी विद्यार्थीका आवश्यक सामग्रीको प्रबन्ध कार्यक्रम कार्यान्वयन | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ | |
| | **जम्मा** | ८५० | १०९० | १२३२ | १२७३ | १४४३ | ५८८८ | ११७७५ | |

## ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१ परिचय

बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको विकास र सिकाइलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहजरूपमा उपलब्ध हुनुपर्छ । बालबालिबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा विताउने तथा आउने जाने समयसमेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिब मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ । ९, १० वा सोभन्दा बढी उमेरका बालबालिकाका लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त छात्राहरूका लागि महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छतासम्बन्धी सहयोग तथा शिक्षा आवश्यक हुन्छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन, नियमित उपस्थित हुन तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्छ ।

पोषण र शिक्षाका लागि बालबालिकाहरुमा गरिएको लगानीले मानव पूँजी निर्माण र समग्र अर्थ व्यवस्थामा राम्रो प्रतिफल प्राप्त हुन्छ । बालबालिकाहरुको वृद्धिविकास र सिकाईका लागि पौष्टिक खाना तथा खाजा महत्वपूर्ण हुने कुरा विभिन्न अध्ययनले पुष्टि गरेका छन् । दिवा खाजामा गरेको लगानीलाई मानव पूँजी विकासको दृष्टिले महत्वपूर्ण मानिन्छ । स्वस्थ शरीर र भोकरहित वातावरण बालबालिकाको सिकाइका निम्ति आधारभूत कुरा हुन् । बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाइ स्तर अभिवृद्धि गर्न र उनीहरुको स्वास्थ्य तन्दुरूस्त राख्न विश्वका धैरैजसो मुलुकहरूमा विद्यालय खाजा कार्यक्रम सञ्चालन भएको पाइन्छ ।

### ४.२.२ वर्तमान अवस्था

बालबालिकाको भोक न्यूनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाइस्तर अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ नेपालमा विभिन्न ढाँचाका दिवा खाजा कार्यक्रम आधारभूत तहमा विगत केही दशकदेखि कार्यान्वयनमा रहेको देखिन्छ । "स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बालविकास देखि ६ कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरिरहेको छ भने यस जिल्लामा विश्व खाद्य कार्यक्रमको

सहयोगमा शिक्षाको लागि खाद्य कार्यक्रम परियोजनामार्फत विद्यालयमा खाद्य सामग्री उपलब्ध गराएर सञ्चालन हुँदै आइरहेको छ। यस कार्यक्रममा खाद्य सामग्रीमा प्रति विद्यार्थी चामल ८० ग्राम, दाल २० ग्राम र तेल १० ग्राम र नुन २ ग्राम विद्यालयलाई उपलब्ध गराइन्छ । त्यसबाट विद्यालयले दैनिक दाल, भात वा जाउलो बनाएर विद्यार्थीलाई खाजा खुवाउने गर्दछ । त्यसबाट विद्यालयले दैनिक दाल, भात वा जाउलो बनाएर विद्यार्थीलाई खाजा खुवाउने गर्दछ । विगतमा यसै कार्यक्रम अन्तर्गत पिठो चिनी र तेल प्रदान गरी विद्यार्थीहरुलाई हलुवा पकाएर खुवाउने गरिएकोले यो कार्यक्रम 'हलुवा कार्यक्रम'का नामले पनि प्रसिद्ध छ । कार्यक्रम लागु भएपश्चात विद्यार्थीको भर्नादरमा वृद्धि भएको, विद्यार्थीको कक्षा छाड्ने दरमा कमि , कक्षा दोहोर्याउने दरमा कमि आउनु, शैक्षिक उपलब्धि वृद्धि हुनु , औसत प्राप्तांकमा वृद्धि भइ सामान्यतया दिवाखाजा कार्यक्रमले सिकाइमा सकरात्मक प्रभाव पारेको छ ।

## ४.२.३ उद्देश्य

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका उद्देश्य देहायअनुसार रहेका छन् :

१. दिवा खाजासँग सम्बन्धीत सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर एवम् पोषणयुक्त पौष्टिक खाजाको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

## ४.२.४ रणनीतिहरू

**उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ :**

१. स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिएर खाजा व्यवस्थापनलाई सुदृढ गरिनुको साथै अभिभावकको सहयोगमा कक्षा ८ सम्मका बालबालिकाहरूलाई खाजा व्यवस्थापनको पहल गर्ने ।

२. दिवा खाजाको व्यवस्थाका लागि विद्यालयहरूलाई विभिन्न सामग्री वितरण गर्ने ।

३. हात धुनका लागि साबुन र पानीको उचित प्रबन्ध, छात्राहरूको स्यानीटरी प्याड डिस्पोज गर्ने व्यवस्थासहित विद्यार्थी सङ्ख्याका आधारमा छात्र छात्राका लागि अलग अलग शौचालयको व्यवस्था, छात्राहरूका लागि चेन्जिङ् रूमको व्यवस्था, स्वच्छ पिउने पानीको व्यवस्था गर्ने ।

४. विद्यालय तथा कक्षाकोठाको सरसफाइका साथै सुरक्षाका लागि घेराबारको व्यवस्था गर्ने ।

५. बालबालिकहरूको आवधिकरूपमा स्वास्थ्य परीक्षण र जुकाको औषधिको व्यवस्था मिलाउने ।

६. विद्यार्थी स्वास्थ्यसहितको हाजिरी रजिष्टरको प्रभावकारी प्रयोग गर्ने ।

७. विद्यालयमा प्राथमिक उपचार सामग्रीको प्रबन्ध गर्ने ।

## ४.२.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ ।

**प्रमुख नतिजा**:

१. आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुने छ ।

२. प्याड डिस्पोज गर्ने व्यवस्थासहित छात्र छात्रालाई विद्यार्थी सङ्ख्याका आधारमा अलग अलग शौचालय, हात धुनका लागि सफा पानी र साबुनको व्यवस्था, किशोरीहरूका लागि चेन्जिङ् रूमको व्यवस्था, सफा कक्षाकोठा र घेरावारसहितको विद्यालय हाताको व्यवस्था हुने छ ।

३. विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको आवधिकरूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए र आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुने छ ।

### प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | वर्षे इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको जम्मा | १० |
| १ | विद्यालय दिवा खजा कार्यक्रम सञ्चालन | विद्यार्थी | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | ३७६५ | ७५३० |
| २ | दिवा खाजाका लागि विद्यालयहरूलाई थप सामग्री प्रदान (भाँडा वर्तन, चुलो आदि) | विद्यालय | ९ | | | ९ | | १८ | ३६ |
| ३ | विद्यालायमा शौचालय, पानीको प्रबन्ध, हात धुनका लागि पानी र साबुनको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षा | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ५ | बालबालिकाका लागि भिटामिन ए, आइरन चक्की, फोलिक एसिड, जुकाको औषधी वितरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ६ | बालबालिकाको आवधिक स्वास्थ्य परीक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ७ | स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्टरको प्रयोग | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

### दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमको बजेट शिक्षाको लागि खाद्य कार्यक्रमबाट प्राप्त हुने

| क्र.स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/ ८२ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | विद्यालय दिवा खजा कार्यक्रम सञ्चालन | ० | ० | ० | ० | ० | ० | ० |

| क्र.स. | मुख्य क्रियाकलापहरू | वर्षे इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको जम्मा | १० |
| २ | दिवा खाजाका लागि विद्यालयहरूलाई थप सामग्री प्रदान (भाँडा वर्तन, चुलो आदि) | ० | ० | ० | ० | ० | ० | ० | |
| ३ | विद्यालायमा शौचालय, पानीको प्रबन्ध, हात धुनका लागि पानी र साबुनको व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षा | ० | ० | ० | ० | ० | ० | ० | |
| ५ | बालबालिकाका लागि भिटिमन ए, आइरन चक्की, फोलिक एसिड, जुकाको औषधी वितरण | ० | ० | ० | ० | ० | ० | ० | |
| ६ | बालबालिकाको आवधिक स्वास्थ्य परीक्षण | ० | ० | ० | ० | ० | ० | ० | |
| ७ | स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्टरको प्रयोग | ० | ० | ० | ० | ० | ० | ० | |
| | जम्मा | ० | ० | ० | ० | ० | ० | ० | |

## ४.३ आपत्कालीन तथा सङ्कटकालिन अवस्थामा शिक्षा

### ४.३.१ परिचय

युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितका शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटकालिन अवस्थामा शिक्षाकोरूपमा लिने गरिन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बन्द्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षाक्षेत्रलाई निर्वाधरूपमा क्रियाशिल हुनेगरी शैक्षिक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्वतयारी, आपतकालीन अवस्थामा क्षति न्यून हुनेगरी तत्काल प्रतिकार्य गर्ने र आपत्काल पश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ । आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारकोरूपमा स्वीकार गरिएको छ ।

वृहत विद्यालय सुरक्षा गुरूयोजना, २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालयको न्यूनतम सुरक्षाका उपायसम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीलाई मृत्यू र घाइते हुनबाट बचाउने, विपत्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपत् जोखिम न्युनीकरण तथा उत्थानशिलता विकास गर्ने व्यवस्था गरेको छ । कोभिड-१९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत व्यवस्थाहरू गरिएको छ ।

## ४.३.२ वर्तमान अवस्था

यस पालिकाको भूअवस्थिती तथा भूबनोट यस्तो किसिमको छ कि यहाँ कुनै पनि बेला भूकम्प जानसक्छ । जलवायु परिवर्तनले भूमण्डलिय तापक्रम वृद्धि गर्दा मौसम, बेमौसम अल्प तथा अति वृष्टिले गर्दा बाढीको समस्या पनि बढदै गएको छ । पहाडहरु पनि नयाँ भएकाले ठूला पहिरोहरु गएर मानविय क्षतिमा बृद्धि हुँदैछ । प्रत्येक वर्ष तापक्रममा बृद्धि भएर खडेरी, महामारी र भूखमरीको समस्या पनि बढदै गैरहेको छ । त्यसैगरी कुनै पनि बेला कुनै पनि प्राकृतिको कोपभाजन हुनसक्छ र आपतकालिन अवस्था सृजना हुनसक्छ भन्ने अनुमान विशेषगरी केही वर्ष देखि गरिएकै हो ।

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्था अनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन भविष्यवाणी गर्न भने सकिदैन । त्यसैगरी कतिपय प्रकोप, माहामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । तसर्थ आपतकालीन अवस्थाको शिक्षालाई योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो । स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने जस्ता मुद्दाहरू यसमा रहेका छन् । साईपाल गाउँपालिकाको शिक्षा क्षेत्रको यो योजना बनाउने सन्दर्भमा निम्नानुसारका मुद्दाहरू चुनौतीका रूपमा देखिन्छन् :

- आपतकालीन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने,
- छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्गमा यस विषयको प्रत्याभूति गर्ने ,
- प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने,
- अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने,
- योजना तत्कालिक बनाउने कि दीर्घकालिक बनाउने ।

उल्लिखित अनुसारका मुद्दाहरूले सृजना गरेका चुनौतीहरूलाई विचार गरेर सबै प्रकारका सम्भावित संकटकालीन अवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्नु नै आगामी योजनाको प्राथमिकता हुनु पर्दछ ।

## ४.३.३ उद्देश्य

यस विषय क्षेत्रका उद्देश्य देहाय बमोजिम रहेका छन् :

१. विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास गर्नु,
२. संभावित विपत्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
३. विपत्को समयमा हुनसक्ने क्षतिलाई न्युनीकरण गर्ने उपायहरूको अभ्यास गराउनु,
४. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका बिधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्नु ।

## ४.३.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू परिपूर्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छ:

१. विपत्को समयमा शिक्षालाई निरन्तरता दिन आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने ।
२. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।

३. सम्भावित प्रकोप तथा विपत्‌सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास गराउने ।

४. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत्‌ वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरी विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

५. विपत्‌ प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने ।

६. विपत्‌ तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीका लागि संयन्त्र बनाउने ।

७. विपत्‌ व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने ।

८. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

९. गाउँपालिकामा Education Cluster को व्यवस्था गर्ने ।

१०. विपत्‌को समयमा क्षति न्युनीकरण र पुनर्लाभिका लागि आवश्यक पर्ने आर्थिक, भौतिक, मानवीय स्रोतको म्यापिङ गर्ने ।

११. ReAL Plan को कार्यान्वयन गर्ने ।

१२. विपत्‌ व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

## ४.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुने छ ।

**प्रमुख नतिजा**:

१. गाउँपालिका र विद्यालयहरूमा विपत\ व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास हुने छ ।

२. सम्भावित विपत्‌को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन हुने छ ।

३. विपत तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन हुने छन्‌ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | विपत्‌ व्यवस्थापन संयन्त्र निर्माण र आवश्यकता अनुसार परिचालन (गाउँपालिका र सबै वडा) | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| २ | विपत्‌ व्यवस्थापन संयन्त्र निर्माण र आवश्यकता अनुसार परिचालन (विद्यालय) | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |
| ३ | आपत्‌कालीन शिक्षा योजना परिमार्जन | पटक | | १ | | | | १ | १ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशिलताका लागि सचेतना कार्यक्रम | विद्यालय | | ९ | | ९ | | १८ | ३६ |
| ५ | विद्यालयहरूमा विपत् कोष व्यवस्था | विद्यालय | १ | १ | २ | २ | ३ | ९ | ९ |

**आपत्कालीन तथा सङ्कटकालिन अवस्थामा शिक्षाको बजेट**

| क्र.स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | विपत् व्यवस्थापन संयन्त्र निर्माण र आवश्यकता अनुसार परिचालन (गाउँपालिका र सबै वडा) | ० | ० | ० | ० | ० | ० | ० |
| २ | विपत् व्यवस्थापन संयन्त्र निर्माण र आवश्यकता अनुसार परिचालन (विद्यालय) | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | आपत्कालीन शिक्षा योजना परिमार्जन | | १५० | | | | १५० | ३०० |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशिलताका लागि सचेतना कार्यक्रम | | २०० | | २२० | | ४२० | ८४० |
| ५ | विद्यालयहरूमा विपत् कोष व्यवस्था | २०० | २०० | ४०० | ४०० | ६०० | १८०० | ३६०० |
| | **जम्मा** | २०० | ५५० | ४०० | ६२० | ६०० | २३७० | ४७४० |

## ४.४ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.४.१ परिचय

विद्यार्थीले विद्यालयमा सुरक्षित महसुस गर्नुपर्छ । यसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ । विद्यालयमा भर्ना भएका बालबालिकाहरूको लागि सुरक्षित विद्यालयमा पढ्नका लागि कक्षा कोठा, खेल्नका लागि खेल मैदान, शौचका लागि शौचालय, सरसफाइ र पिउनको लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत नभई नहुने संरचना हुन् | एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तह प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली, २०५९ मा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

### ४.४.२ वर्तमान अवस्था

यस साईपाल गाउँपालिका अन्तरगतका जम्मा ९ विद्यालय र ९ वटा बालविकास केन्द्रहरूमा जम्मा ७० वटा कोठाहरू रहेका छन् तीमध्ये ५१ वटा कोठाहरू कक्षाकोठाका रूपमा उपयोग भएका छन् भने प्रअ तथा स्टाफ कक्षका रूपमा १२, पुस्तकालयका रूपमा ९, प्रयोगशालाका रूपमा ३, भण्डारका रूपमा ९, सभाहल ४, अतिरिक्त तथा खेलकुदका लागि ४, कम्प्युटरका लागि ४ अन्य कार्यका लागि ४ गरी जम्मा कोठा १०१ आवश्यक रहेकोले हाल उपलब्ध कोठामा ५० कक्षाकोठा नपुग देखिन्छ। यहाँका कुनै पनि विद्यालयमा छात्राका लागि अलग शौचालयको व्यवस्था भएको पाइदैन। जम्मा शौचालय सख्या १४ रहेकोमा ४ वटा विद्यालयमा WASH सहितको सुविधा भएको शौचालय रहेको छ। कुनै पनि विद्यालयमा अपाङ्ग मैत्री शौचालय छैन।

प्रति डेस्क ३ जनाको दरले हिसाब गर्दा जम्मा यहा ३७० वेन्च तथा डेस्कको आवश्यकता रहेको देखिन्छ तर गाउँपालिका स्थित विद्यायलहरुमा वेन्च २५० र डेस्क २५० र मेच /कुर्सि २२५ रहेकोमा उक्त सबैको गणना गर्दा लगभग १३५ विद्यार्थीहरुको लागि बस्ने डेस्क वेन्चको हिसाब गर्दा ४५ वटा नपुग हुने देखिन्छ।

अध्ययन कक्ष सहितको पुस्तकालय कुनै पनि विद्यालयमा रहेको छैन यसै प्रकार ICT प्रयोगशाला, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड पनि कुनै विद्यालयमा रहेको पाइदैन। तीन वटा माध्यमिक विद्यालयमा २३ वटा कम्प्युटर र ७ वटा प्रिन्टर रहेका छन। वाविकेको लागि सिकाइ क्षेत्र Learning space तथा अलग्गै खेल ममैदानको व्यवस्था कुनै पनि विद्यालयमा गरिएको छैन। ६ वटा विद्यालयमा रहेको पाइन्छ। खानेपानीको व्यवस्था एक वटा विद्यालय बाहेक अन्य सबैमा रहेको छ। मर्मत गर्नु पर्ने कक्षाकोठा १७ रहेको र घेरवार २ वटा विद्यालय बाहेक रहेको र अन्य ७ वटा विद्यालयमा घेरवारको व्यवस्था गर्नु पर्ने देखिन्छ।

विद्यालयहरूमा विद्यार्थीहरूको पठनपाठनमा सहज हुने खालका कक्षाकोठाहरू, छात्राका लागि अलग्गै शौचालय समेत हुन सकिरहेको छैन। राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खुलकूद कक्ष, विद्यालय सभाहल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष) के-कति आवश्यक पर्ने र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश, स्थानीय सरकार, कसले कसरी लिने भन्ने विषय अन्यौल देखिन्छ।

### ४.४.३ उद्देश्य

भौतिक पूर्वाधारको क्षेत्रअन्तर्गत देहायका उद्देश्य निर्धारण गरिएको छ :

१. विद्यालय शिक्षाका लागि मापदण्ड बमोजिम विद्यालयका कक्षाकोठा, शौचालय, पुस्तकालय, प्रयोगशाला, खेलमैदान लगायतका भौतिक पूर्वाधार विकास गर्नु।

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा प्रवलीकरण गर्नु।

### ४.४.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा समेत स्रोत व्यवस्थापन गरी मापदण्डबमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने।

२. अन्य संघसंस्थाले बनाउने भौतिक पूर्वाधारहरू मापदण्ड बमोजिम भए मात्र स्वीकार गरी बनाउने अनुमति दिने।

३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने।

४. गाउँपालिकाले विद्यालयको माष्टर प्लान तयार गरी सोही बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने।

## ४.४.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:** बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री भौतिक पूर्वाधारहरूको विकास भई विद्यालयको वातावरण सिकाइ अनुकूल भएको हुने छ।

**प्रमुख नतिजा:**

१. विद्यालयहरूमा पर्याप्त भौतिक संरचनाहरू निर्माण एवम् मर्मत हुने छन्।

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने छन्।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | विद्यालय घेरावारको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७ |
| २ | विद्यालय भवन निर्माण ( कक्षा कोठा) | विद्यालय | ५ | ४ | ६ | ५ | ५ | २५ | ५० |
| ३ | छात्राको लागि वाससहितको शौचालय निर्माण | विद्यालय | | १ | | | | १ | १ |
| ४ | छात्रा प्रयोजनका लागि शौचालय | | | | १ | १ | १ | ३ | ५ |
| ५ | खानेपानीको व्यवस्था | विद्यालय | | १ | | | | १ | १ |
| ६ | नयाँ फर्निचर निर्माण (डेस्क वेन्च) | वटा | | १० | १० | १० | १५ | ४५ | ९० |
| ७ | विद्यालयमा चमेनागृहको व्यवस्था | विद्यालय | | | | | १ | १ | ३ |
| ८ | विद्यालय मर्मत | कक्षाकोठा | ३ | ३ | ३ | ४ | ४ | १७ | १७ |
| ९ | विद्यालयमा मञ्चको व्यवस्था | विद्यालय | | | | | १ | १ | ३ |
| १० | छात्रावासको व्यवस्था (क्रमागत) | विद्यालय | १ | | | | | १ | १ |
| ११ | पुस्तकालयको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ |
| १२ | विषयगत प्रयोगशालाको व्यवस्था | विद्यालय | १ | | १ | | १ | ३ | ४ |
| १३ | विद्यालयको बालमैत्री खेलमैदान निर्माण तथा संरचना तयार खानेपानी सहित | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ |
| १४ | विद्यालयमा खेल सामग्रीको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ |
| १५ | अपाङ्गता मैत्री हुने गरी भौतिक संरचना सुधार (शौचालय समेत) | पटक | १ | १ | १ | १ | १ | ५ | ९ |
| १६ | बालविकासदेखि कक्षा ३ सम्मका कक्षाकोठा व्यवस्थापन (भुइँ वसाइ, भित्ते लेखन लगायत) | विद्यालय | १ | १ | १ | १ | १ | ४ | ९ |
| १७ | एक विद्यार्थी एक विरूवा कार्यक्रम कार्यान्वयन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |

## विद्यालय भौतिक पूर्वाधार विकासको बजेट

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | विद्यालय घेरावारको व्यवस्था | ५०० | ५५० | ६०५ | ६६६ | ७३२ | ३०५३ | ६१०५ |
| २ | विद्यालय भवन निर्माण ( कक्षा कोठा) | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ | ३०५२६ | ६१०५१ |
| ३ | छात्राको लागि वाससहितको शौचालय निर्माण | | ५०० | | | | ५०० | १००० |
| ४ | छात्रा प्रयोजनका लागि शौचालय | | | ५०० | ५५० | ६०५ | १६५५ | ३३१० |
| ५ | खानेपानीको व्यवस्था | | २०० | | | | २०० | ४०० |
| ६ | नयाँ फर्निचर निर्माण (डेस्क वेन्च) | | १०० | ११० | १२१ | १५२ | ४८३ | ९६५ |
| ७ | विद्यालयमा चमेनागृहको व्यवस्था | | | | | २०० | २०० | ४०० |
| ८ | विद्यालय मर्मत | ९०० | ९९० | १०८९ | १५६० | १६०० | ६१३९ | १२२७८ |
| ९ | विद्यालयमा मञ्चको व्यवस्था | | | | | ३०० | ३०० | ६०० |
| १० | छात्रावासको व्यवस्था | १००० | ११०० | १२१० | १३३१ | १४६४ | ६१०५ | १२२१० |
| ११ | पुस्तकालयको व्यवस्था | ७०० | ७७० | ८४७ | ९३२ | १०२५ | ४२७४ | ८५४७ |
| ११ | विज्ञान प्रयोगशाला व्यवस्था | ७०० | ७७० | ८४७ | ९३२ | १०२५ | ४२७४ | ८५४७ |
| ११ | विद्यालयको बालमैत्री खेलमैदान निर्माण तथा संरचना तयार खानेपानी सहित | ४०० | ४४० | ४८४ | ५३२ | ५८६ | २४४२ | ४८८४ |
| ११ | विद्यालयमा खेल सामग्रीको व्यवस्था | २०० | २२० | २४२ | २६६ | २९३ | १२२१ | २४४२ |
| ११ | अपाङ्गता मैत्री हुने गरी भौतिक संरचना सुधार (शौचालय समेत) | २०० | २२० | २४२ | २६६ | २९३ | १२२१ | २४४२ |
| ११ | बालविकासदेखि कक्षा ३ सम्मका कक्षाकोठा व्यवस्थापन (भुईँवसाइ, भित्ते लेखन लगायत) | ३०० | ३३० | ३६३ | ३९९ | ४३९ | १८३२ | ३६६३ |
| ११ | एक विद्यार्थी एक विरूवा कार्यक्रम कार्यान्वयन | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | ९९०० | ११६९० | १२५८९ | १४२१० | १६०३३ | ६४४२२ | १२८८४५ |

# ४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

## ४.५.१ परिचय

विश्वमा सूचना तथा सञ्चार प्रविधिको विकासले अत्यन्तै चाँडो फड्को मारेको छ । यसबाट एकातिर ज्ञान आर्जन गर्न सहज भएको छ भने अर्कोतर्फ शिक्षण सिकाइको विधि तथा तौर तरिकामा आमूल परिवर्तन आएको छ । सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले सिकाइमा सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिलाई सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभुतिका लागि सहयोग पुर्याउँछ । इन्टरनेटमा उपलब्ध हुने सिकाइ सामग्री जुनसुकै स्थानबाट जुनबेला पनि अध्ययन अध्यापनका लागि प्रयोग गर्न सकिन्छ । इन्टरनेटका माध्यमबाट विश्व एउटा गाउँ जस्तै भएको वर्तमान परिप्रेक्षमा विश्वभरका विषय विज्ञसँग वेभ कन्फेरेन्सका माध्यमबाट छलफल तथा अन्तरक्रिया गर्न सकिन्छ । इन्टरनेटको प्रयोगबाट शिक्षण सिकाइका लागि आवश्यक पर्ने पाठयोजना निर्माण गर्न सहज हुन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री लगायतका सिकाइ सामग्रीका असीमित स्रोत इन्टरनेटमा उपलब्ध हुन्छन् । ताररहित र तारसहित इन्टरनेट सेवाको तीव्र गतिमा भएको वृद्धि र गाउँगाउँसम्म यो सेवाको पहुँच, खुल्ला शैक्षिक स्रोतको द्रुत गतिमा भएको विकास र विस्तारले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सुवर्ण अवसर सिर्जना भएको छ ।

संसारभर फैलिएको विगतको महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

## ४.५.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका ३ वटा विद्यालयमा २३ कम्प्युटर र तिन वटै विद्यालयमा ३ वटा प्रोजेक्टर रहेको छ । कुनै पनि विद्यालमा ICT प्रयोगशाला, स्मार्ट बोर्ड र इन्टनेटको उपलब्धता छैन । सूचना तथा संचार प्रविधिमा यस गाउँपालिका विद्यालयहरु धेरै पछाडी परेका छन । गाउँपालिकाबाट भै गरेका शैक्षिक क्रियाकलाप जस्तै कक्षा ८ को परीक्षा संचालन, परीक्षाफल प्रकासन तथा सूचनाहरु पालिकाको वेभसाइट मार्फत प्रकाशित हुने गरेका छन । मौसममा आउने परिवर्तनले गर्दा यस क्षेत्र सूचना तथा संचारको सेवा वारम्वार अवरुद्ध भइ रहने गर्दछ । स्रोत साधनको अभावले विद्यालयहरुमा सूचना प्रविधिको माध्यमबाट शैक्षिक क्रियाकलाप सञ्चालन भएको खासै पाइदैन । स्रोत साधनको अभाव, ICT प्रयोगको लागि उपयुक्त कक्षाकोठाको व्यवस्थापन हुन नसक्नु, सूचना तथा सञ्चार प्रविधि सम्वन्धी शिक्षकहरुलाई तालिमको अभाव तथा ६६ प्रतिशत विद्यालयहरुमा विजुली सुविधा नपुग्न जस्ता सूचना तथा सञ्चार प्रविधि संग सम्वन्धित विद्यमान समस्या रहेका छन भने कक्षाकोठामा विषय र माध्यमका रुपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरुमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु, दक्ष जनशक्तिको विकास गरी सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण विधिका रुपमा कक्षाकोठामा प्रयोग गर्नु, अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरु सूचना तथा सञ्चार प्रविधिमैत्री बन्नु,ICT को पूर्वाधार विकास गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु जस्ता कार्यहरु चुनौतिको रुपमा रहेका छन ।

## ४.५.३ उद्देश्य

सिकाइमा सूचना तथा सञ्चार प्रविधि विषय क्षेत्रका देहायका उद्देश्य रहेका छन् :

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण पुऱ्याउनु,

२. सिकाइ र सुशासनलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।

### ४.५.४ रणनीतिहरू

१. पूर्व विद्यार्थी, शिक्षाप्रेमी, विभिन्न संघसंस्थासमेतलाई अनुरोध गरी सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने।

२. स्वसिकाइ, मेन्टरिङ् र तालिमसमेतको प्रबन्ध गरी सबै शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने दक्षता विकास गर्ने।

३. लागत साझेदारीसमेतका माध्यमबाट विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था गरी अधिकतम् प्रयोग गर्ने व्यवस्था मिलाउने।

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।

५. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनसमेतमा सूचना प्रविधिको प्रयोग विस्तार गर्ने।

### ४.५.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइमा सुधार आउनुको साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने छ।

**प्रमुख नतिजा:**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास हुने छ।

२. विभिन्न कक्षा र विषयका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था भई सिकाइमा उपयोग हुने छ।

३. सबै विद्यालयले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने छन्।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | ICT ल्याब विस्तार (माध्यमिक विद्यालय) | विद्यालय | १ | १ | १ | | | ३ | ६ |
| २ | सबै शिक्षकहरुलाई ICT तथा EMIS को तालिम व्ययवस्थापन | शिक्षक | २२ | | २२ | | २२ | ६६ | १३२ |
| ३ | विद्यालयमा ई लाइब्ररी स्थापना र संचालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ |
| ४ | स्मार्ट कक्षाकोठाको व्यवस्थापन | कक्षाकोठा | | | १ | १ | १ | ३ | ६ |
| ५ | विद्यालयमा इ-हाजिरी र सिसिटिभीको व्यवस्थापन | विद्यालय | | १ | १ | १ | | ३ | ६ |
| ६ | विद्यालयमा सूचना प्रविधिको संयोजक छनोट | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |

**विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको वजेट**

| क्र.स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | ICT ल्याब विस्तार (माध्यमिक | ७०० | ७७० | ८४७ | | | २३१७ | ४६३४ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| | विद्यालय) | | | | | | | | |
| २ | सबै शिक्षकहरुलाई ICT तथा EMIS को तालिम व्ययवस्थापन | | १५४ | | १८५ | | २१६ | ५५४ | ११०९ |
| ३ | विद्यालयमा ई लाइब्रेरी स्थापना र संचालन | | ५० | ५५ | ६१ | ६७ | ७३ | ३०५ | ६११ |
| ४ | स्मार्ट कक्षाकोठाको व्यवस्थापन | | | | २०० | २२० | २४२ | ६६२ | १३२४ |
| ५ | विद्यालयमा इ-हाजिरी र सिसिटिभीको व्यवस्थापन | | | १५० | १६५ | १८२ | | ४९७ | ९९३ |
| ६ | विद्यालयमा सूचना प्रविधिको संयोजक छनोट | | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | | ९०४ | ९७५ | १४५७ | ४६८ | ५३१ | ४३३५ | ८६७० |

# परिच्छेद-पाचः सुशासन तथा व्यवस्थापन

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारीहरुको भूमि रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचिसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्वजस्ता पक्षहरुलाई प्राथमिकता दिइनु पर्दछ।

शिक्षालाई सवल, चुस्त, सेवाउन्मूख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका निकै महत्वपूर्ण हुन्छ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय गरी कार्यान्वयन गर्न, निश्चित उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गर्नुपर्छ। शिक्षा योजना कार्यान्वयनमा सङ्घीय र प्रादेशिक सरकारका साथसाथै स्थानीय सरकार तथा विद्यालय, समुदाय, गैरसरकारी संघ संस्था तथा विकास साझेदारहरूको महत्वपूर्ण भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तिन तहका सरकारको एकल र साझा अधिकारको सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने उल्लेख गरिएको छ। विद्यालय शिक्षाको यस योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजानाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरुप प्रस्तुत गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संङ्ख्यात्मक विस्तार ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिर्वतन लगायतका पक्षहरुलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। वर्तमान अवस्थामा साईपाल गाउँपालिका भरिको विद्यालयहरूमा शिक्षा क्षेत्रको व्यवस्थापन गर्नका लागि गाउँ कायर्यपालिकाको कार्यालयमा शिक्षा, शाखा रहेको छ। शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, पालिकास्तरीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय, शिक्षा समिति र गाउँपालिका बीच समन्वय स्थापित गरी अवश्यक सहजीकरण गर्नु शिक्षा शाखाको प्रमुख दायित्व रहेको छ।

यस गाउँपालिकाभित्र रहेका ९ वटा सामुदायिक विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ गठन भई क्रियाशिल रहेको अवस्था छ। सबै विद्यालयमा नेतृत्व गर्न प्रधानाध्यापकको व्यवस्था छ। शिक्षक, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समिति सबैको जिम्मेवारी बाँडफाँड गरिएको अवस्था छ। ३ वटा विद्यालयमा कम्प्युटरको व्यवस्था भएको छ। अधिकान्स विद्यालयहरु कुनै न कुनै शिक्षकलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेर

शिक्षण गर्न सक्ने क्षमता रहेको छ। त्यसैगरी गाउँपालिकामा गाउँ शिक्षा समितिको व्यवस्था छ। यसको अलावा शिक्षा, शाखाको व्यवस्था गरिएको छ।

उल्लिखित व्यवस्थाहरू हुँदा हुँदै पनि योजनाका कतिपय कार्यक्रमहरू सञ्चालन गर्नका लागि विद्यालयहरूमा प्रधानाध्यापक, शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ भने विद्यालयहरुमा शिक्षकको सङ्ख्या थप गर्न अत्यावश्यक रहेको छ। एउटा पनि कम्प्युटर नभएका विद्यालयहरूमा कम्प्युटरको व्यवस्था गर्नुका साथै सबै विद्यालयमा प्रोजेक्टरको पनि व्यवस्था गर्नु आवश्यक छ। त्यसैगरी, गाउँपालिकाबाट नियमित अनुगमन र कार्यक्रम कार्यन्वयनमा स्थलगत सहायताको आवश्यकता हुन्छ। योजनालाई कार्यान्विनय गर्न ठूलै बजेटको आवश्यकता हुन्छ, सङ्घबाट ससर्त अनुदानका रूपमा बजेट प्राप्त भए पनि अपुग बाँकी हुने बजेटको व्यवस्था गाउँपालिकाले गर्नुपर्ने हुन्छ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ। विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन गर्न नसकेको कुराहरु सत्य सावित नै छ। स्थानीय तहमा एक जना अधिकृत स्तरको शिक्षा सेवाको कर्मचारीको दरवन्दी भएता पनि लामो अवधि देखि रिक्त रहेकोले शिक्षा सम्वन्धी नेतृत्वको अभाव खटिएको अवस्था रहेको छ।

## ५.१.३ उद्देश्य

संस्थागत क्षमता विकासअन्तर्गत देहायका उद्देश्य निर्धारण गरिएको छ :

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु।
२. जनशक्तिको क्षमता अभिवृद्धि गर्नु।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु।

## ५.१.४ रणनीति

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. नीतिगत निर्णयसमेतका आधारमा आवश्यक जनशक्तिको व्यवस्थापन गरी क्षमता विकास गर्ने।
२. शिक्षक सहायता प्रणालीलाई अझ मजबुत गर्ने।
३. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र शिक्षक अभिभावक सङ्घका पदाधिकारिहरूको क्षमता विकास गरी थप जिम्मेवार बनाउने।
४. योजनालाई कार्यान्वियन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने।

## ५.१.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: योजनाको कार्यान्वयनका लागि शिक्षाका सबै निकाय तथा विद्यालयहरूमा संस्थागत क्षमता विकास भएको हुने छ।

**प्रमुख नतिजा**:

१. विद्यालयमा आवश्यक पर्ने शिक्षकहरूको व्यवस्थापन हुने छ।
२. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन हुने छ।
३. शिक्षक सहायता प्रणाली अझ मजबुत हुने छ।
४. शिक्षाका निकाय तथा विद्यालयका जनशक्तिको क्षमता विकास हुने छ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्ष | १० वर्ष |
| १ | सबैलाई नतिजाप्रति जिम्मेवार बनाउन कार्यसम्पादन करार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई बालबालिकाको सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | भित्तेपात्रिका तथा शैक्षिक बुलेटिन प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | विव्यस, शिअसंघ, अभिभावक, शिक्षक र विद्यार्थी बिच अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | अभिभावक सचेतना कार्यक्रमका लागि अभिभावकको समूह गठन (बालविकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीका अभिभावक) | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |
| ६ | उत्कृष्ट कार्यसम्पादन स्तर भएका शिक्षक र कर्मचारीलाई सम्मान तथा पुरस्कार प्रदान | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ७ | कार्यसम्पादन स्तर सर्वोत्कृष्ट भएका विद्यालयका व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई सम्मान कार्यक्रम | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |

## संस्थागत क्षमता विकासको बजेट

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | सबैलाई नतिजाप्रति जिम्मेवार बनाउन कार्यसम्पादन करार | ० | ० | ० | ० | ० | ० | ० |
| २ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई बालबालिकाको सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास र कार्यान्वयन | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | भित्तेपात्रिका तथा शैक्षिक बुलेटिन प्रकाशन | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ४ | विव्यस, शिअसंघ, अभिभावक, शिक्षक र विद्यार्थी बिच अन्तरक्रिया | १३५ | १४९ | १६३ | १८० | १९८ | ८२४ | १६४८ |
| ५ | अभिभावक सचेतना कार्यक्रमका लागि अभिभावकको समूह गठन (बालविकासदेखि कक्षा १२ सम्म | ० | ० | ० | ० | ० | ० | ० |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्ष | १० वर्ष |
| | अध्ययन गर्ने विद्यार्थीका अभिभावक) | | | | | | | | |
| ६ | उत्कृष्ट कार्यसम्पादन स्तर भएका शिक्षक र कर्मचारीलाई सम्मान तथा पुरस्कार प्रदान | | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ७ | कार्यसम्पादन स्तर सर्वोत्कृष्ट भएका विद्यालयका व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई सम्मान कार्यक्रम | | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| | जम्मा | | ४३५ | ४७९ | ५२६ | ५७९ | ६३७ | २६५६ | ५३११ |

## ५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वनको प्रबन्धअन्तर्गत वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्व पर्छन् । गाउँ शिक्षा योजना निर्माण भैसकेपछि यस योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानुन तथा कार्यबिधि निर्माण र बजेटको सुनिश्चितता गर्नुपर्छ । तिन तहका सरकारहरू बिचमा समन्वय र सहकार्य पनि उत्तिकै जरूरी हुन्छ । योजनालाई कार्यान्वयन गर्नका लागि वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण र कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी गर्नु पनि उत्तिकै जरूरी हुन्छ । यी सबै तयारी पश्चात् सरोकारवालाहरूलाई कार्यक्रमका सम्बन्धमा प्रबोधीकरण जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

### ५.२.२ वर्तमान अवस्था

यस योजनाले समेट्ने क्षेत्र साईपाल गाउँपालिका हो । यस योजनालाई कार्यान्वयन गराउने प्रमुख निकाय  साईपाल गाउँ कार्यपालिका हो । यसमा पनि गाउँ कार्यपालिका अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखाको मुख्य जिम्मेवारी रहेको छ । योजना कार्यान्वयनको प्रमुख निकाय यस गाउँपालिका भित्रका ९ वटा सामुदायिक विद्यालय हुन् । यी सबै संस्थाका शिक्षक, कर्मचारी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावकहरू, शिक्षाका सहयोगी हातका रूपमा रहेका विभिन्न गैरसरकारी संघ संस्थाहरू, सञ्चालक समितिका पदाधिकारी तथा शिक्षा क्षेत्रका जिल्ला, प्रदेश र सङ्घस्तरीय निकायहरू कार्यान्वयनसँग कुनै न कुनैरूपमा जोडिएका जनशक्ति तथा निकायहरू हुन् ।

साधनस्रोतको हकमा गाउँपालिका र अन्तर्गतका विद्यालयहरूमा मौजुदा अवस्थामा रहेको जनशक्ति र संरचनाका अतिरिक्त सङ्घ, र गाउँपालिकाबाट नियमित बिनियोजन गर्ने गरिएको बजेट नै प्रमुख हुन् । यसको अलावा दातृ सङ्घ संस्थाबाट प्राप्त हुने आर्थिक, भौतिक तथा मानवीय स्रोतसाधनको भूमिका पनि उल्लेखनीय हुने गरेको छ ।

### ५.२.३ उद्देश्य

यस शीर्षकअन्तर्गत देहायका उद्देश्य रहेको छ :

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

## ५.२.४ रणनीति

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू तय गरिएको छ :

१. कार्यक्रम कार्यानवयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

२. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र गाउँपालिकाको आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा स्थलगत सहजीकरण गरी विद्यालयका कार्यक्रमहरू प्रभावकारीरूपमा कार्यान्वयन हुने सुनिश्चितता गर्ने ।

४. शिक्षा योजनाका आधारमा विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने र यसका लागि आवश्यकताअनुसार सहजीकरण गर्ने ।

५. योजना कार्यान्वयनका लागि वार्षिक कार्ययोजना निर्माण गरी कार्यन्वयन गर्ने ।

६. गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा योजना कार्यान्वयन सहजीकरण समिति गठन गर्ने ।

७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८. शिक्षा योजनाका आधारमा विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने र आवश्यकताअनुसार सहजीकरण गर्ने ।

९. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया र शिक्षक व्यवस्थापनसम्बन्धमा आवश्यक मापदण्ड तयार गरी लागू गर्ने ।

१०. योजना शुरु भएको २ वर्षमा मध्यावधि समीक्षा र ५ वर्षमा पूर्णावधी मूल्याङ्कन गर्ने ।

११. सामुदायिक सिकाइ केन्द्रलाई पनि साक्षरता, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका लागि जिम्मेवार बनाउने ।

## ५.२.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुने छ ।

**मुख्य नतिजा**: शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता हुने छ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | १० वर्ष |
| १ | आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका विकास | पटक | १ | | | | | १ | २ |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | कार्यक्रम कार्यान्वयन पुस्तिका विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | कार्यक्रम एवम् कार्यान्वयन प्रक्रियाको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको जम्मा | १० वर्ष |
| ६ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | कार्यक्रम कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | योजनाको मध्यावधि मूल्याङ्कन | पटक | | | १ | | | १ | १ |
| ९ | योजनाको पूर्णावधि मूल्याङ्कन | पटक | | | | | १ | १ | २ |

**शिक्षा योजना कार्यान्वयनको प्रबन्धको बजेट**

| क्र.स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका विकास | १०० | | | | | १०० | २०० |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | २५ | २८ | ३० | ३३ | ३७ | १५३ | ३०५ |
| ३ | कार्यक्रम कार्यान्वयन पुस्तिका विकास | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ४ | कार्यक्रम एवम् कार्यान्वयन प्रक्रियाको प्रबोधीकरण | ५० | ५५ | ६१ | ६७ | ७३ | ३०५ | ६११ |
| ५ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | ९० | ९९ | १०९ | १२० | १३२ | ५४९ | १०९९ |
| ६ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | कार्यक्रम कार्यान्वयन | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | योजनाको मध्यावधि मूल्याङ्कन | | | ३०० | | | ३०० | ६०० |
| ९ | योजनाको पूर्णावधि मूल्याङ्कन | | | | | ३३० | ३३० | ६६० |
| | जम्मा | ३६५ | २९२ | ६२१ | ३५३ | ७१८ | २३४८ | ४६९६ |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैनन् भन्ने निश्चित गर्न व्यवस्थापन पक्षबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिका सम्बन्धमा नियमित वा आवधिकरूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिका सम्बन्धमा जानकारी गराउँदछ।

शैक्षिक कार्यकमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याकनको प्रतिफल र प्रभावसँग बढी सम्बन्धित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका साथसाथै कार्यक्रम सम्पन्न

भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्छ ।

## ५.३.२ वर्तमान अवस्था

यस गाउँ शिक्षा योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि यस गाउँपालिकामा गाउँपालिकाका अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधीको संयोजकत्वमा एक अनुगमन संयन्त्र निर्माण गरिन्छ । यस संयन्त्रमा गाउँ कार्यपालिकाका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक, पत्रकार, सहयोगी गैरसरकारी सङ्घ संस्था आदि सबैको समावेशी र समानुपातिक प्रतिनिधित्व हुने गरी छरितो समिति हुने छ । विद्यालयस्तरमा पनि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको सदस्यको संयोजकत्वमा एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ । यस समितिमा शिक्षक, विद्यार्थी, शिक्षक अभिभावक सङ्घ, अभिभावकको समावेशी र समानुपातिक प्रतिनिधित्व गरिने छ । समितिले वेलावेलामा अनुगमन गरी स्थलगत सहयोगका साथै पृष्ठपोण दिने र मूल्याङ्कन गरी प्रतिवेदन तयार गरी सम्बन्धीत निकायहरूमा सम्प्रेषणका लागि विद्यालयमा पेस गर्नेछ । मूल्याङ्कनका लागि नतिजामा आधारित सूचकहरूको विकास गरी सोही आधारमा मूल्याङ्कन गरिने छ । मूल्याङ्कनका क्रममा आवश्यकता अनुसार विद्यार्थी उपलब्धी परीक्षण तथा सूचकमा आधारित विद्यालय कार्यसम्पादन परीक्षण पनि गरिने छ । यसको अलावा शिक्षक सहायताका लागि जिम्मेवारी तोकिएका शिक्षा सहजकर्ताले पनि कार्यक्रमको अनुगमन गरी विद्यालयहरूलाई स्थलगत सहायता प्रदान गर्ने व्यवस्था गरिने छ ।

## ५.३.३ उद्देश्य

अनुगमन र मूल्याङ्कनका देहायका उद्देश्य रहेका छन् :

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
२. योजना कार्यान्वयनका चरणमा आएका समस्याहरूलाई सम्बोधन गरी अपेक्षित उद्देश्य हासिल गर्न सहयोग गर्नु ।

## ५.३.४ रणनीति

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. सहभागितामूलक संयन्त्रको निर्माण गरी नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अबलम्बन गर्ने ।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तथा मार्गदर्शनको विकास र प्रयोग गर्ने ।
३. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्यसम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गर्ने ।
४. अनुगमनका साथसाथै सहायता प्रणालीलाई पनि प्रभावकारी बनाउने ।
५. सबै विद्यालयमा IEMIS Focal Person चयन गर्ने ।
६. सबै विद्यालयहरूले अनिवार्यरूपमा IEMIS को प्रविष्टी गरी प्रयोग गर्ने व्यवस्था मिलाउने ।
७. कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालय स्तरमा र गाउँपालिका स्तरमा अनुसन्धानात्मक कार्य तथा सर्बेक्षण गर्ने ।

## ५.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**: नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

**प्रमुख नतिजा**:

१. अनुगमन तथा मूल्याङ्कनका लागि सहभागितामूलक संयन्त्र निर्माण हुने छ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।

३. कार्यान्वयनका चरणमा आएका समस्याहरू सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने छ।

४. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने छ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | | | | | १ | २ |
| २ | विद्यालयमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तथा मार्गदर्शन निर्माण | पटक | १ | | | | | १ | २ |
| ४ | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | विद्यालयमा IEMIS Focal Person चयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | कार्यक्रम कार्यान्वयनको मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन तयारी एवम् सम्प्रेषण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ७ | विद्यालय तथा गाउँपालिका स्तरमा अनुसन्धानात्मक कार्य सञ्चालन | पटक | | | १ | १ | १ | ३ | ८ |
| ८ | स्थिति प्रतिवेदन तयारी एवम् सम्प्रेषण | पटक | १ | १ | १ | १ | १ | १ | १० |

**अनुगमन तथा मूल्याङ्कनको बजेट**

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको | १० वर्षको |
| १ | गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | ० | ० | ० | ० | ० | ० | ० |
| २ | विद्यालयमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तथा मार्गदर्शन निर्माण | १०० | | | | | १०० | २०० |
| ४ | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन | २०० | २२० | २४२ | २६६ | २९३ | १२२१ | २४४२ |
| ५ | विद्यालयमा IEMIS Focal Person चयन | 0 | 0 | 0 | 0 | 0 | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | कार्यक्रम कार्यान्वियनको मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन तयारी एवम् सम्प्रेषण | १०० | ११० | १२१ | १३३ | १४६ | ६११ | १२२१ |
| ७ | विद्यालय तथा गाउँपालिका स्तरमा अनुसन्धानात्मक कार्य सञ्चालन | | | १०० | ११० | १२१ | ३३१ | ६६२ |
| ८ | स्थिति प्रतिवेदन तयारी एवम् सम्प्रेषण | १५० | १६५ | १८२ | २०० | २२० | ९१६ | १८३२ |
| | **जम्मा** | ५५० | ४९५ | ६४५ | ७०९ | ७८० | ३१७८ | ६३५७ |

# परिच्छेद-छः लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्न स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक हुन्छ । विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । स्थानीय तहको वित्तिय स्रोतका लागि सङ्घीय स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै स्रोतबाट समेत शिक्षामा केही लगानी हुने गरेको छ । योजनामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने एकिन गर्नुपर्छ ।

## ६.२ वर्तमान अवस्था

यस साईपाल गाउँपालकाको बजेट निर्माणका क्रममा सङ्घीय स्रोत, प्रदेश स्रोत, गाउपालिकाको आफ्नै आम्दानी र अन्य दातृ निकायबाट प्राप्त स्रोतसमेतको संलग्नतामा बजेट निर्माण गरिन्छ । सङ्घीय स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदान प्राप्त हुने गरेको छ । त्यसैगरी प्रदेश सरकारबाट ससर्त अनुदान प्राप्त हुने गरेको छ । विगत वर्षको यी विभिन्न स्रोतबाट प्राप्त रकम तथा शिक्षा क्षेत्रको विनियोजित बजेटलाई तालिकामा राखिएको छ ।

**गत आ.व.को लगानी र स्रोत व्यवस्थापन**

| आ.व. | गाउँपालिकाको कूल बजेट | शिक्षा क्षेत्रको बजेट (रु हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | गा.पा. आन्तरिक | अन्य दातृ निकाय |
| २०७९/८० | २५६८७ | १९४३७ | | ६२५० | |

*(स्रोतः साईपाल गाउँपालिको अभिलेख)*

## ६.३ उद्देश्य

लगानी तथा स्रोत व्यवस्थापन शीर्षकका उद्देश्य देहाय बमोजिम रहेका छन् :

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीयस्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतका आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गर्नु ।

## ६.४ रणनीति

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा साईपाल गाउँपालिकाले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।
२. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।
३. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।

४. लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ६.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:** वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

**प्रमुख नतिजा:** शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन हुने छ ।

**प्रमुख क्रियाकलापगगत बजेट निर्धारण**

**स्थानीय सरकारबाट विद्यालय शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ५ वर्षको जम्मा | १० वर्षे |
| १ | बालविकास र शिक्षाको आवश्यक बजेट | १९३७ | १९४७ | २२०६ | २२१४ | २३६२ | १०६६६ | २१३३३ |
| २ | आधारभूत शिक्षा | ७५४८ | ७६३८ | ७८९२ | ८०७१ | ८११४ | ३९२६३ | ७८५२६ |
| ३ | माध्यमिक शिक्षा | ५७८५ | ६४२२ | ६५६० | ६७४४ | ६६८१ | ३२१९२ | ६४३८५ |
| ४ | पाठ्यक्रम तथा मूल्याकंन | ९५३ | १०८३ | ६४२ | ९४६ | ७७६ | ४४०० | ८८०० |
| ५ | शिक्षक व्यवस्थापन र विकास | १०२५ | १२५३ | १२६३ | ११५३ | १३८८ | ६०८१ | १२१६१ |
| ६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १०० | ४९५ | ९७० | १३२३ | १५९२ | ४४८० | ८९६० |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षा | २५० | ५९२० | ११६६ | ९८० | ४१३ | ८७२९ | १७४५७ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ८५० | १०९० | १२३२ | १२७३ | १४४३ | ५८८८ | ११७७५ |
| ९ | दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| १० | आपत्कालीन तथा सङ्कटकालिन अवस्थामा शिक्षा | २०० | ५५० | ४०० | ६२० | ६०० | २३७० | ४७४० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ९९०० | १०५९० | १३७३९ | १४०५५ | १५७१३ | ६३९९७ | १२७९९४ |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ९०४ | ९७५ | १४५७ | ४६८ | ५३१ | ४३३५ | ८६७० |
| १३ | संस्थागत क्षमता विकास | ४३५ | ४७९ | ५२६ | ५७९ | ६३७ | २६५६ | ५३११ |
| १४ | शिक्षा योजना | ३६५ | २९२ | ६२१ | ३५३ | ७१८ | २३४८ | ४६९६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयनको प्रबन्ध | | | | | | | |
| १५ | अनुगमन तथा मूल्याङ्कन | ५५० | ४९५ | ६४५ | ७०९ | ७८० | ३१७८ | ६३५७ |
| | **जम्मा** | ३०८०२ | ३९२२८ | ३९३१८ | ३९४८८ | ४१७४७ | १९०५८३ | ३८११६५ |

## ६.८ सङ्घीय सरकार बाट विद्यालय शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा खर्च हुने अनुमानित बजेट

| क्र. स. | मुख्य क्रियाकलापहरू | आर्थिक वर्षगतरूपमा बजेट अनुमान (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/ ८२ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| १ | तलब भत्ता | १६३६२ | १७९९८ | १९७९८ | २१७७८ | २३९५६ | ९९८९२ | १२४८६५ |
| २ | छात्रवृति | २६४ | २९० | ३१९ | ३५१ | ३८७ | १६१२ | २०१५ |
| ३ | पाठ्यपुस्तक | ७४८ | ८२३ | ९०५ | ९९६ | १०९५ | ४५६७ | ५७०८ |
| ४ | विद्यालय सञ्चालन खर्च | ४९५ | ५४५ | ५९९ | ६५९ | ७२५ | ३०२२ | ३७७८ |
| ५ | भौतिक सुविधा विस्तार | | ० | ० | ० | ० | ० | ० |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | | ० | ० | ० | ० | ० | ० |
| ७ | प्रति विद्यार्थि अनुदान (शिक्षण सिकाइ सामग्री व्यवस्थापन) | ४१४ | ४५५ | ५०१ | ५५१ | ६०६ | २५२८ | ३१५९ |
| ८ | कार्यसम्पादनमा आधारित प्रोत्साहन | ५ | ६ | ६ | ७ | ७ | ३१ | ३८ |
| ९ | अनौपचारिक तथा बैकल्पिक शिक्षा | ५६३ | ६१९ | ६८१ | ७४९ | ८२४ | ३४३७ | ४२९६ |
| १० | सुशासन | ५८६ | ६४५ | ७०९ | ७८० | ८५८ | ३५७८ | ४४७२ |
| | **जम्मा** | **१९४३७** | **२१३८१** | **२३५१९** | **२५८७१** | **२८४५८** | **११८६६५** | **१४८३३१** |

# सन्दर्भ सामग्रीहरु


१) नेपालको संविधान २०७२, नेपाल कानुन आयोग,

२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल कानुन आयोग,

३) शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ (संसोधन सहित ),

४) दिगो विकास लक्ष्यहरु, वर्तमान अवस्था र भावी मार्ग चित्रः २०१६- २०३०, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं,

५) पन्ध्री योजना (आ.व. २०७६/७७-२०८०/८१) आधार पत्र, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं,

६) शिक्षा क्षेत्रको योजना २०२१ २०३०, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौं, २०७७,

७) शिक्षा क्षेत्र योजना विकास कार्यढाँचा २०७७, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं, २०७७

८) गाउँवस्तु विवरण २०७४, साईपाल गाउँपालिका,

९) राष्ट्रिय शिक्षा नीति २०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं,

१०) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर,

११) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर

१२) शिक्षा सम्बन्धी विभिन्न आयोगका प्रतिवेदनहरु,

१३) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०७९,

१४) प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७ २०८८,

१५) शैक्षिक सूचना २०७९, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडण्डौ ।

## कार्यसालामा सहभागीहरुको उपस्थिति

## कार्यसालामा सहभागीहरुको फोटोहरु











